जीव जगत्मा मानिस एउटामात्र यस्तो जीव हो जसले धरतीलाई आवाद मात्र गरेको छैन, बरबाद पनि उत्तिकै गरेको छ । मानिसले धरतीको सन्तान भएर गरेको विकास प्रगति जति विस्मयकारी र लोमहर्षक रहेको छ, उसले गरेको बरबादी र विनास त्यत्तिकै भयानक र त्रासदीपूर्ण पनि छ ।

वातावरण भनेको प्रकृति हो । संस्कृत भाषाको वात र आवरण शब्द सन्धि भएर वातावरण बनेको छ । वात भनेको वायु र आवरण ढाक्ने कुरा हो । वायु भनको बतास या हावा हो । सामान्य दृष्टिले बतास अथवा हावा भन्दा हामीलाई केही जस्तो लाग्दैन । तर गहिरिएर हेर्दा बतास अर्थात् वायु नै जीवन हो । प्राण अर्थात् जीवको जीवनी शक्ति वायुमा निर्भर गर्दछ । शरीरमा प्राण-वायु रहेन भने निर्जीव हुन्छ, मूर्दा हुन्छ । धरातललाई वायुले ढाकेको छ । शून्यमा अदृश्य भएर रहने वायु नै वस्तुतः प्रकृत वातावरण हो, जसमा प्राणी मात्रको जीवनी तत्व प्रकृत तवरले विद्यमान हुन्छ । वातावरण स्वच्छ, स्वस्थकर, सुरुचिपूर्ण बनाउने काम धरातलको जीवजन्तु, वृक्ष-वनस्पति, खोला-नाला, पाखा-पहराले गर्दछन् ।

आज प्रकृतिले स्वतः निःशुल्क रूपमा उपलब्ध गराएको यो वातावरणको सन्तुलनमा गडबड आएको छ । वातावरण दूषित पार्ने काम प्रकृतिकै अनन्त रूपमध्ये एउटा रूप मानिस–जो आफूलाई सर्वोत्कृष्ट ठान्दछ–ले गरेको छ । वातावरण प्रदूषणको चेतना पनि मानिसलाई नै भयो र यसबारे कोलाहल पनि उसैले मच्चाइरहेछ ।

वातावरण विनासको कारण र कारक मानिस नै हो । मानिसको विवशताले र स्वार्थान्धताले यो समस्या उब्जेको हो र दिनपरदिन यो जटिल हुँदै जाँदो छ । तैपनि वातावरणका विषयमा चेतना जगाउने हो भने विनासको वेगलाई रोकेर सुधार ल्याउन सकिन्छ भन्ने आशा र विश्वास मानिसलाई छ । त्यसैले विश्व वातावरण दिवस मनाउने चलन केही वर्षपहिले अन्तर्राष्ट्रिय स्तरमा शुरु गरिएको छ । आज जेठ २३ गते वृक्षरोपण, सडक सफाइको काम आयोजना गरेर विश्व वातावरण दिवस मनाउने औपचारिक उपक्रम गरिँदैछ । यो काम जिल्लाका सदरमुकामहरूमा प्रचारात्मक ढङ्गले औपचारिकता निर्वाहका लागि सफेदपोशहरूले गरेर मात्र हुँदैन । वातावरणको चेतना सुदूर गाउँ-गिराफका सर्वसाधारणको हृदयमा उमार्न कोशिश हुनु पर्दछ । धरतीलाई स्वर्ग कि नर्क बनाउने मानिसको हातको कुरा हो । लोभले नर्क बन्दछ, त्याग र करुणाले स्वर्ग बन्दछ । स्वर्ग बनाउनेतर्फ मानिसको मन लागोस् आजको दिनमा हाम्रो यही शुभेच्छा छ ।

# राजनीतिक दलहरू अभिशाप नबनून् - १

२८ जेठ २०५४

२००७ सालको जनक्रान्तिले शताब्दी बढीको जहानियाँ निरङ्कुश शासनको अन्त्य गरेपछि नेपालमा दलीय राजनीतिको आरम्भ भएको हो । ०१७ सालमा राजनीतिक दलहरूमाथि प्रतिबन्ध लाग्यो र ०४६ सालको जनआन्दोलनले दलीय राजनीतिलाई पुनः स्थापित गरेका ७ वर्ष भैसकेको छ । यो ७ वर्षको अन्तरालमा दलीय आधारमा २ संसदीय निर्वाचन र २ स्थानीय निर्वाचन सम्पन्न भए । निर्वाचनमा खसेको मतको आधारमा



दलहरूले एकमना र संयुक्त रूपमा केन्द्रीय र स्थानीय सत्ताको सञ्चालन भैरहेको छ । दलहरूले सत्ताको सञ्चालन जसरी गरिरहेका छन् त्यसबाट दलीय पद्धतिको साख बढ्नुको साटो घट्दै जानु जनतामा अहिले चिन्ताको विषय भैरहेको छ ।

सत्तामा पुगेका राजनीतिक दलहरूले राज्यशक्ति र राज्यको स्रोत-साधन निष्पक्ष भएर आम जनताको निमित्त लगाउने काम गरेको देखिँदैन । प्रहरी, प्रशासन, विकास बजेट आदि पार्टी कार्यकर्ताको निर्देशनमा चलाउने, कार्यकर्ता पाल्ने र पोस्ने काममा सार्वजनिक स्रोत-साधन परिचालन गर्ने नै दलीय व्यवस्था हो भने त्यस्तो व्यवस्थाको प्रयोजन जनतालाई हुँदैन । जनता न्याय चाहन्छन्, समानता चाहन्छन्, शान्ति व्यवस्था र अमन-चैन चाहन्छन् । यही चाहनाको सम्पूर्तिका निमित्त नै सङ्घर्ष गरेर प्रजातन्त्र ल्याएका हुन् । तर सत्तामा पुगेका राजनीतिक दलहरूले जनताको चाहनाअनुरूप राज्य सत्ताको परिचालन गरेनन् । साँचो अर्थमा राज्य सत्ताको दुरुपयोग गरी स्वार्थ साध्ने काम मात्र भएको छ । विशेषतः जनतामा परिचित दुई ठूला दलहरू नेपाली काङ्ग्रेस र नेकपा एमाले सत्तामा पुगे । उनीहरू एकले अर्कालाई अमुकीकरणको आरोप लगाइरहेका छन् । तर सत्ता, शक्ति, स्रोत र साधनको अन्धाधुन्ध प्रयोग पार्टी हितमा गरेर जति नेकपा एमाले आफूलाई सुदृढ भएको अनुभव गरिरहेछ, त्यति नगरेर होइन गर्न सक्ने जति पनि गर्न नसकेको आरोप नेपाली काङ्ग्रेसका कार्यकर्ताले आफ्ना नेताहरूलाई लगाइरहेका छन् । वस्तुतः यी धारणा र अभ्यास गलत हुन् ।

उदाहरणको रूपमा अहिले स्थानीय निकायको निर्वाचनलाई लिन सक्दछौं । नेकपा (एमाले)ले अधिराज्यका गाविस र नगरपालिकाको निर्वाचनमा उसले हासिल गरेको सफलता उसका सिद्धान्त, नीति र कार्यक्रमको लोकप्रियताको आधारमा पाएको पक्कै होइन, त्यसको घमण्ड उसले गरेको पनि छैन । प्रहरी प्रशासनको दुरुपयोग, लाल सेनाको परिचालनद्वारा आतङ्क र तिनैद्वारा धाँधली हदैसम्म गरेको छ । त्यो बेलाको आतङ्कले आज पनि गाउँघर त्यत्तिकै आतङ्कित छन् । विपक्षका कार्यकर्तालाई आपराधिक मुद्दामा फँसाउने जस्ता काम प्रहरी प्रशासनको उपयोग गरी उसले गरिरहेको छ ।

# राजनीतिक दलहरू अभिशाप नबनून् - २

२९ जेठ २०५४

राजनीतिक दलहरूबीच स्वस्थ प्रतिस्पर्धा हुन्छ । त्यो प्रतिस्पर्धा भनेको विचारको, आदर्शको, सिद्धान्तको र तदनुरूप कार्यक्रम, अनि त्यसको आधारमा जनताको सेवाको प्रतिस्पर्धा हो । कसको कस्तो विचार छ, के कार्यक्रम छ, कसले कसरी सेवा पुर्‍याउँछ भन्ने कुराको तुलनात्मक समीक्षा गरेर जनताले दल रोज्न पाऊन्, रोज्न सकून्, रोज्ने काममा, डर-त्रास, लोभलालचको प्रभाव पर्न नपाओस्, अनिमात्र चुनावको महत्व हुन्छ । स्वच्छ र स्वतन्त्र चुनाव नै प्रजातन्त्रको मूल आधार हो । चुनाव स्वच्छ भएन भने प्रजातन्त्र कमजोर हुन्छ । हालै सम्पन्न स्थानीय निकायहरूको निर्वाचन स्वच्छ र स्वतन्त्र हुन नसकेको; जो जहाँ बलियो छ, उसले त्यहाँ धाँधली गरेको; को ठीक हो, को बेठीक हो भनेर जनताले जाँच्ने अवसर नपाएको; डर, धाक, धम्की, मारपिट, प्रलोभन खान-पान रसरङ्ग आदिमा साधारण मतदातालाई प्रभावित गर्न प्रयत्न भएको; मतदान

जीव जगत्मा मानिस एउटामात्र यस्तो जीव हो जसले धरतीलाई आवाद मात्र गरेको छैन, बरबाद पनि उत्तिकै गरेको छ । मानिसले धरतीको सन्तान भएर गरेको विकास प्रगति जति विस्मयकारी र लोमहर्षक रहेको छ, उसले गरेको बरबादी र विनास त्यत्तिकै भयानक र त्रासदीपूर्ण पनि छ ।

वातावरण भनेको प्रकृति हो । संस्कृत भाषाको वात र आवरण शब्द सन्धि भएर वातावरण बनेको छ । वात भनेको वायु र आवरण ढाक्ने कुरा हो । वायु भनको बतास या हावा हो । सामान्य दृष्टिले बतास अथवा हावा भन्दा हामीलाई केही जस्तो लाग्दैन । तर गहिरिएर हेर्दा बतास अर्थात् वायु नै जीवन हो । प्राण अर्थात् जीवको जीवनी शक्ति वायुमा निर्भर गर्दछ । शरीरमा प्राण-वायु रहेन भने निर्जीव हुन्छ, मूर्दा हुन्छ । धरातललाई वायुले ढाकेको छ । शून्यमा अदृश्य भएर रहने वायु नै वस्तुतः प्रकृत वातावरण हो, जसमा प्राणी मात्रको जीवनी तत्व प्रकृत तवरले विद्यमान हुन्छ । वातावरण स्वच्छ, स्वस्थकर, सुरुचिपूर्ण बनाउने काम धरातलको जीवजन्तु, वृक्ष-वनस्पति, खोला-नाला, पाखा-पहराले गर्दछन् ।

आज प्रकृतिले स्वतः निःशुल्क रूपमा उपलब्ध गराएको यो वातावरणको सन्तुलनमा गडबड आएको छ । वातावरण दूषित पार्ने काम प्रकृतिकै अनन्त रूपमध्ये एउटा रूप मानिस–जो आफूलाई सर्वोत्कृष्ट ठान्दछ–ले गरेको छ । वातावरण प्रदूषणको चेतना पनि मानिसलाई नै भयो र यसबारे कोलाहल पनि उसैले मच्चाइरहेछ ।

वातावरण विनासको कारण र कारक मानिस नै हो । मानिसको विवशताले र स्वार्थान्धताले यो समस्या उब्जेको हो र दिनपरदिन यो जटिल हुँदै जाँदो छ । तैपनि वातावरणका विषयमा चेतना जगाउने हो भने विनासको वेगलाई रोकेर सुधार ल्याउन सकिन्छ भन्ने आशा र विश्वास मानिसलाई छ । त्यसैले विश्व वातावरण दिवस मनाउने चलन केही वर्षपहिले अन्तर्राष्ट्रिय स्तरमा शुरु गरिएको छ । आज जेठ २३ गते वृक्षरोपण, सडक सफाइको काम आयोजना गरेर विश्व वातावरण दिवस मनाउने औपचारिक उपक्रम गरिँदैछ । यो काम जिल्लाका सदरमुकामहरूमा प्रचारात्मक ढङ्गले औपचारिकता निर्वाहका लागि सफेदपोशहरूले गरेर मात्र हुँदैन । वातावरणको चेतना सुदूर गाउँ-गिराफका सर्वसाधारणको हृदयमा उमार्न कोशिश हुनु पर्दछ । धरतीलाई स्वर्ग कि नर्क बनाउने मानिसको हातको कुरा हो । लोभले नर्क बन्दछ, त्याग र करुणाले स्वर्ग बन्दछ । स्वर्ग बनाउनेतर्फ मानिसको मन लागोस् आजको दिनमा हाम्रो यही शुभेच्छा छ ।

# राजनीतिक दलहरू अभिशाप नबनून् - १

२८ जेठ २०५४

२००७ सालको जनक्रान्तिले शताब्दी बढीको जहानियाँ निरङ्कुश शासनको अन्त्य गरेपछि नेपालमा दलीय राजनीतिको आरम्भ भएको हो । ०१७ सालमा राजनीतिक दलहरूमाथि प्रतिबन्ध लाग्यो र ०४६ सालको जनआन्दोलनले दलीय राजनीतिलाई पुनः स्थापित गरेका ७ वर्ष भैसकेको छ । यो ७ वर्षको अन्तरालमा दलीय आधारमा २ संसदीय निर्वाचन र २ स्थानीय निर्वाचन सम्पन्न भए । निर्वाचनमा खसेको मतको आधारमा



दलहरूले एकमना र संयुक्त रूपमा केन्द्रीय र स्थानीय सत्ताको सञ्चालन भैरहेको छ । दलहरूले सत्ताको सञ्चालन जसरी गरिरहेका छन् त्यसबाट दलीय पद्धतिको साख बढ्नुको साटो घट्दै जानु जनतामा अहिले चिन्ताको विषय भैरहेको छ ।

सत्तामा पुगेका राजनीतिक दलहरूले राज्यशक्ति र राज्यको स्रोत-साधन निष्पक्ष भएर आम जनताको निमित्त लगाउने काम गरेको देखिँदैन । प्रहरी, प्रशासन, विकास बजेट आदि पार्टी कार्यकर्ताको निर्देशनमा चलाउने, कार्यकर्ता पाल्ने र पोस्ने काममा सार्वजनिक स्रोत-साधन परिचालन गर्ने नै दलीय व्यवस्था हो भने त्यस्तो व्यवस्थाको प्रयोजन जनतालाई हुँदैन । जनता न्याय चाहन्छन्, समानता चाहन्छन्, शान्ति व्यवस्था र अमन-चैन चाहन्छन् । यही चाहनाको सम्पूर्तिका निमित्त नै सङ्घर्ष गरेर प्रजातन्त्र ल्याएका हुन् । तर सत्तामा पुगेका राजनीतिक दलहरूले जनताको चाहनाअनुरूप राज्य सत्ताको परिचालन गरेनन् । साँचो अर्थमा राज्य सत्ताको दुरुपयोग गरी स्वार्थ साध्ने काम मात्र भएको छ । विशेषतः जनतामा परिचित दुई ठूला दलहरू नेपाली काङ्ग्रेस र नेकपा एमाले सत्तामा पुगे । उनीहरू एकले अर्कालाई अमुकीकरणको आरोप लगाइरहेका छन् । तर सत्ता, शक्ति, स्रोत र साधनको अन्धाधुन्ध प्रयोग पार्टी हितमा गरेर जति नेकपा एमाले आफूलाई सुदृढ भएको अनुभव गरिरहेछ, त्यति नगरेर होइन गर्न सक्ने जति पनि गर्न नसकेको आरोप नेपाली काङ्ग्रेसका कार्यकर्ताले आफ्ना नेताहरूलाई लगाइरहेका छन् । वस्तुतः यी धारणा र अभ्यास गलत हुन् ।

उदाहरणको रूपमा अहिले स्थानीय निकायको निर्वाचनलाई लिन सक्दछौं । नेकपा (एमाले)ले अधिराज्यका गाविस र नगरपालिकाको निर्वाचनमा उसले हासिल गरेको सफलता उसका सिद्धान्त, नीति र कार्यक्रमको लोकप्रियताको आधारमा पाएको पक्कै होइन, त्यसको घमण्ड उसले गरेको पनि छैन । प्रहरी प्रशासनको दुरुपयोग, लाल सेनाको परिचालनद्वारा आतङ्क र तिनैद्वारा धाँधली हदैसम्म गरेको छ । त्यो बेलाको आतङ्कले आज पनि गाउँघर त्यत्तिकै आतङ्कित छन् । विपक्षका कार्यकर्तालाई आपराधिक मुद्दामा फँसाउने जस्ता काम प्रहरी प्रशासनको उपयोग गरी उसले गरिरहेको छ ।

# राजनीतिक दलहरू अभिशाप नबनून् - २

२९ जेठ २०५४

राजनीतिक दलहरूबीच स्वस्थ प्रतिस्पर्धा हुन्छ । त्यो प्रतिस्पर्धा भनेको विचारको, आदर्शको, सिद्धान्तको र तदनुरूप कार्यक्रम, अनि त्यसको आधारमा जनताको सेवाको प्रतिस्पर्धा हो । कसको कस्तो विचार छ, के कार्यक्रम छ, कसले कसरी सेवा पुऱ्याउँछ भन्ने कुराको तुलनात्मक समीक्षा गरेर जनताले दल रोज्न पाऊन्, रोज्न सकून्, रोज्ने काममा, डर-त्रास, लोभलालचको प्रभाव पर्न नपाओस्, अनिमात्र चुनावको महत्व हुन्छ । स्वच्छ र स्वतन्त्र चुनाव नै प्रजातन्त्रको मूल आधार हो । चुनाव स्वच्छ भएन भने प्रजातन्त्र कमजोर हुन्छ । हालै सम्पन्न स्थानीय निकायहरूको निर्वाचन स्वच्छ र स्वतन्त्र हुन नसकेको; जो जहाँ बलियो छ, उसले त्यहाँ धाँधली गरेको; को ठीक हो, को बेठीक हो भनेर जनताले जाँच्ने अवसर नपाएको; डर, धाक, धम्की, मारपिट, प्रलोभन खान-पान रसरङ्ग आदिमा साधारण मतदातालाई प्रभावित गर्न प्रयत्न भएको; मतदान

केन्द्र कब्जा गरिएको; आदि यावत हतकण्डा चुनाव जित्न प्रयोग भएको शिकायत जताततैबाट आउनु कम चिन्ताको कुरा होइन । सामान्यतः नेपालजस्तो विपन्न र अविकसित मुलुकमा हार्नेले जित्नेलाई धाँधली गऱ्यो भन्ने आरोप लगाउँछ; तर अहिले जे जति धाँधलीका शिकायत आइरहेका छन् ती हार्नेले मात्र होइन आम जनताबाट पनि गुञ्जिरहेका छन् । ऐन कानून, नीति नियम, प्रजातन्त्रका आधारभूत मूल्य मान्यता सबैलाई कुल्चेर जसरी पनि जित्ने र सत्ता हत्याउने उद्देश्य हुन्छ र त्यसमा पनि सत्तारूढ दलले राज्य सत्ताको उपयोग गरेर धाँधली गर्छ भने त्योभन्दा खेद र चिन्ताको विषय के हुन सक्तछ, प्रजातन्त्र फुलेको फलेको देख्न चाहनेहरूका लागि ? अतीतका तीनोटा चुनाव नेपाली काङ्ग्रेसले गराएको थियो, दुइटामा उसले जित्यो र एउटामा हाऱ्यो । यसरी धाँधलीको आरोप उसमाथि लागेको थिएन । अहिले एमालेलाई धाँधलीको आरोप नेपाली काङ्ग्रेसले मात्र होइन सत्ताको नेतृत्व नै गरेको एमालेको साझेदार राप्रपाले लगाइरहेको छ र मतदाता जनता स्वयंले चिन्ता व्यक्त गरिरहेका छन् । यस्तै व्यवहार राजनीतिक दलहरूबाट हुने हो भने प्रजातन्त्रका लागि, देश र जनताका लागि राजनीतिक दलहरू अभिशाप बन्न पुग्दछन् ।

यसरी सत्तामा जाने दलहरूबाट निष्पक्ष शासनको अपेक्षा हुने सक्तैन । जहाँ निष्पक्ष शासन हुँदैन, त्यहाँ शान्ति व्यवस्था रहँदैन । जहाँ शान्ति व्यवस्था हुँदैन, त्यहाँ उद्योग-व्यापार फस्टाउँदैन । यसरी आर्थिक विकास अवरुद्ध भै जनताको जीवनस्तर गिर्दै जान थाल्यो भने प्रजातन्त्र कसरी दरो र दिगो हुन्छ ? प्रजातन्त्रको मूल चुरो भनेको व्यक्तिको वैयक्तिक स्वतन्त्रता हो । डर त्रास, प्रलोभन आदि अनुचित तरिकाले स्वतन्त्रता अपहरित हुन्छ भने यो प्रजातन्त्रमाथिकै प्रहार हो । यस्ता सत्तामुखी राजनीतिक दलहरू अभिशाप नै हुन्छन् । जनतालाई सुशिक्षित पार्ने र उनीहरूको विवेक पूर्ण अभिमत लिएर सत्तामा पुगी जनताको सेवा गर्ने उद्देश्य रहनु पर्ने राजनीतिक दलको सत्ता कब्जा गर्ने र शासन गर्ने मोज लुट्ने लक्ष्य हुन्छ भने यो देशकै दुर्भाग्य हो ।

# मूल्य वृद्धिको दुश्चक्र सरकारले चलायो

१ असार २०५४

आकाश छोएको महँगीले जनसाधारणलाई थिचेर अधमरो पारिरहेको बेला नेपाल आयल निगमले अस्ति शुक्रबारदेखि पेट्रोलियम पदार्थहरूको भाउ बढाएर मूल्य वृद्धिको अर्को दुश्चक्र चलाएको छ । पेट्रोलियम पदार्थको मूल्य वृद्धि भनेको दैनन्दिन जीवनका आवश्यक यावत वस्तु र सेवाको मूल्य वृद्धिको आरम्भ हो । नेपाल आयल निगम भनेको श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संस्था हो र श्री ५ को सरकारको स्वीकृति विना यो मूल्य वृद्धि हुँदैन । अतः इन्धन पदार्थको मूल्य वृद्धि गरेर सरकार निमुखा जनताको जीवन अरू कठिन र कष्टपूर्ण बनाउन उद्यत बनेको छ ।

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्नुपर्ने कारण अन्तर्राष्ट्रिय बजारमा भएको मूल्य वृद्धि भनेको छ । पेट्रोलियम पदार्थ विश्व बजारको अत्यावश्यक वस्तु हो । यसको बजारमा एकाध प्रतिशत तलमाथि हुँदा विश्वमा ठूलो हलचल आउने गर्दछ । तर अहिले पेट्रोलियम पदार्थको बजारमा त्यस्तो हलचल केही देखिएको छैन,



तर मूल्य वृद्धि अन्तर्राष्ट्रिय बजारमा भएको कारण दिई निगमले मूल्य वृद्धि गरेको बताए पनि उसले विश्व बजारमा कुन दरले मूल्य वृद्धि भएको र यहाँ कुन दरले गरियो खुलस्त गरेको छैन । अतः यो मूल्य वृद्धिको विश्वसनीय आधार सन्देहास्पद लाग्दछ । यदाकदा अन्तर्राष्ट्रिय बजारमा मूल्य घटेको पनि सुनिन्छ, त्यो बेला यहाँ मूल्य घट्दैन । तर अन्तर्राष्ट्रिय बजारमा थोरै मात्र बढे या नबढे पनि यहाँ सो कारण दिएर मूल्य वृद्धि मनोमानी किसिमले गरिएको पनि हुनसक्छ, किनभने यहाँ जनता निमुखा छन् र उनीहरूमाथि जे गरे पनि भएको छ, जसो गरे पनि भएको छ ।

अहिले भएको वृद्धि पेट्रोल प्रतिलिटर रु. ५, डिजेल प्रतिलिटर रु. ३।५० र मट्टीतेल प्रतिलिटर रु. १।५० गरिएको छ । यो वृद्धि चानचुन होइन । अझ खाना पकाउने ग्यासको मूल्यमा अन्धाधुन्ध वृद्धि गरिएको छ । एकै चोटि ६१ प्रतिशत मूल्य वृद्धि भनेको एकाएक उपभोक्ताको पकेट मार्न खोजिएको देखिन्छ । खाना पकाउने ग्याँसको उपभोग शहर बजारमा हुने हो । शहर बजारमा हुने-खाने मात्र बस्दछन् र तिनलाई जति निचोरे पनि हुन्छ भन्ने आशयले मूल्य वृद्धि गरिएको आभास हुन्छ ।

पेट्रोल, डिजेल जस्ता इन्धनको मूल्य वृद्धि गर्नासाथ सवारी साधनले आफ्नो सेवा दस्तुर स्वभावतः बढाउने भए । तर जसरी सरकार अनुत्तरदायी र हचुवा किसिमले मूल्य वृद्धि गर्दछ, त्यही किसिमले सवारी साधनका मालिकले पनि मूल्य वृद्धि गर्दछन् । महेन्द्रपुलदेखि लेकसाइड गएको एउटा यात्रीको भाडा रु. १० अस्तिसम्म थियो भने हिजोदेखि रु. १५ लिन थालिएको छ । ट्याक्सीवालाले रु. ५ बढी तिर्नु परेको छ भने उसले त्यो रकम पाँच यात्रुसँग उठाउनु पर्नेमा प्रतियात्रु रु. ५ लिएर ५ को २५ लिन थालिएको छ । जसरी ट्याक्सीवालाबाट यात्रुको शोषण भैरहेको छ, त्यसरी नै बस र ट्रकवालाले पनि नगर्ने कुरा हुँदैन । त्यस्तै अरू व्यापारी पनि ५ को २५ गर्ने नै भए । त्यसैले यो मूल्य वृद्धिको चक्र इन्धनबाट चलाउन सरकारले शुरु गरेको छ, यसको घेरो बढ्दै जाँदा कहाँ पुग्ने हो पत्तो छैन । निमुखा विपन्न जनतालाई महँगीको भार थप्ने कुचक्र सरकारले चाल्यो, यसका पछाडिको नियत साफ देखिँदैन ।

# स्वेच्छाचारिता निन्दनीय हुन्छ

३ असार २०५४

हिजो असार २ गते स्थानीय निकायका नव निर्वाचित सदस्य एवं पदाधिकारीहरूलाई स्थानीय विकास मन्त्रालयले एक विज्ञप्ति प्रसारित गरी उनीहरूको पदमा बहाली गरायो । साथै सरकारको निर्णयले पदमा बहाल रहेका साविकका सदस्य एवं पदाधिकारीलाई उनीहरूको पदावधि ०५४ साल असार मसान्तसम्म बहाल रहने र नयाँ आउनेहरूको पदावधि साउन १ गतेबाट आरम्भ हुने अध्यादेश–जसले संविधानतः ऐनको मान्यता प्राप्त गरेको छ–ले व्यवस्था गरेको छ । ऐन, नियम, नीति, निर्णयको अधीन रहेर सरकारले काम गर्नु पर्दछ, आफ्नो अनुकूल अदल-बदल गर्ने अधिकार उसलाई दिइएको छैन । उसले यदि त्यसो गर्दछ भने त्यो स्वेच्छाचारिता हो । स्वेच्छाचारिता अधिनायकवादी चरित्रको द्योतक हो । यसले प्रजातन्त्रमाथि गम्भीर आघात गर्दछ ।

विधि र व्यवस्था र अदल-बदल हुनै सक्तैन भन्ने कुरा होइन । त्यसका लागि पनि विधि विधान व्यवस्थित हुन्छ, विधि पु-याएर गरे त्यसमा आपत्तिको गुञ्जाइस हुँदैन । तर अहिले जसरी साविक जनप्रतिनिधिलाई मुक्त गराउने र नवनिर्वाचितहरूलाई बहाल गराउने जो निर्णय यो सरकारले गऱ्यो त्यसबाट साविक जनप्रतिनिधिहरूको हक खोसिएको छ भने नव नियुक्तहरूले कानूनले दिएको भन्दा बढी अवधि सत्ता भोग गर्न पाउने अवसर पाएका छन् । यो निर्णय न्यायसङ्गत र विधिसम्मत छैन र पक्षपातपूर्ण देखिएको छ ।

वर्तमान संयुक्त सरकारको एउटा घटक एमालेले यो सम्पन्न स्थानीय निर्वाचनमा विजय प्राप्त गरेको छ । अहिले साल तमामीको बेला छ । स्थानीय निकायहरूलाई उपलब्ध गराएको बजेट, नगरपालिकाहरूमा आफ्नै स्रोत-साधनबाट सङ्कलित रकम आर्थिक वर्षको अन्तमा खर्च गरिसक्नु पर्ने, नभए फ्रिज हुने व्यवस्था भएकोले सो रकममा आफ्नो कार्यकर्ताको, भनौं आफ्नो पार्टीको ढलीमली चलोस् भन्ने उद्देश्य राखेर मौकाको फायदा एमालेले उठाएको स्पष्ट देखिन गएको छ । यो राम्रो कुरा होइन । सरकारको काम ऐन, नीति-नियम पालन गर्नु र गराउनु हो । नीति-नियम सरकार स्वयंले पालन नगर्ने हो भने उसले अरू (जनता)लाई कसरी पालन गराउन सक्तछ ? नीति-नियम ऐन कानूनको पालना भएन भने समाजमा अराजकता आउँछ । अराजकताले शान्ति व्यवस्था मात्र खलबलिँदैन, अपितु विकास र उन्नतिको बाटो अवरुद्ध हुन जान्छ । सरकारको स्थायित्व नभएको स्थितिमा राज्यको स्रोत-साधनमाथि पार्टीको हात परोस्, उपयोग गर्न सकियोस् भन्ने निकृष्ट उद्देश्य राखी विधि र व्यवस्थालाई अदल बदल गरी मुक्त गर्ने र बहाल गराउने काम निन्दनीय छ । विधि व्यवस्थालाई आफ्नो अनुकूल बनाउन सत्ताको दुरुपयोग गर्ने प्रवृत्ति आपत्तिजनक छ ।

## तथ्याङ्क-मिथ्याङ्क

९ असार २०५४

अङ्क स्वयंमा न तथ्याङ्क हो न त मिथ्याङ्क नै । जब अङ्क उपयोगमा आउँछ अनि त्यो तथ्याङ्क पनि हुन्छ मिथ्याङ्क पनि । कुनै जिम्मेदार मानिसले तथ्याङ्कको रूपमा प्रेषित अङ्कलाई त्यत्तिकै जिम्मेदार अर्कोले मिथ्याङ्क भन्दछ भने सर्वसाधारण जो सुकैलाई पनि त्यो रहस्यपूर्ण पहेली बन्दछ ।

हिजोदेखि राजधानीमा राष्ट्रिय विकास परिषद्को बैठक बसेको छ । त्यो बैठकमा राष्ट्रिय योजना आयोगले नवौं योजनाको आधारपत्र प्रस्तुत गर्ने कुरा बताइएको छ । वर्तमान योजना आयोगले प्रस्तुत गर्ने सो आधारपत्रमा, आर्थिक वर्ष ०५३/०५४ को कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर, भनिन्छ, ३.६ प्रतिशत दिएको छ । त्यही योजना आयोगबाट करिब ३ महिनाअघि प्रकाशित तथ्याङ्कमा सो अङ्क ४.९ प्रतिशत देखाइएको थियो । सो अङ्कमा १.३ प्रतिशतको फरक देखिएको छ । यो ठूलो अन्तर हो र यत्रो अन्तर ल्याउने अद्भुत घटना अर्थतन्त्रमा योबीच केही भएको छैन ।

निवर्तमान अर्थमन्त्री डा. रामशरण महत–जो एक समय सो आयोगको उपाध्यक्ष पनि रहनु भएका थियो–ले सो तथ्याङ्कलाई मिथ्याङ्क भएको आरोप लगाउनु भएको छ ।



गैरकृषि क्षेत्रमा अनुमान गरिए जति उत्पादनमा वृद्धि नहुनु नै राष्ट्रिय उत्पादन घट्नाको कारण हो भन्ने अहिलेका योजना अधिकारीको भनाइलाई डा. महतले सप्रमाण खण्डन गर्नु हुँदै योजना आयोगले ०५३/०५४ को कृषि क्षेत्रको उत्पादन र ०५३/०५४ को अनुमानित आयलाई मात्र घटाएर देखाएको होइन, ०५१/०५२ र ०५२/०५३ को वास्तविक आयलाई पनि घटाएर देखाइएको छ, तर ०५१/०५२ मा एमालेले शासन गर्दाको समयको आय भने बढाएर देखाइएको आरोप उहाँले लगाउनु भएको छ ।

योजना आयोगका तथ्याङ्क मिथ्याङ्क हुनु हुँदैन । ती तथ्याङ्क मिथ्याङ्क अर्थात् गलत भए भने देशको उन्नति अवरुद्ध हुन्छ । राष्ट्रिय तथ्याङ्कमा राजनीति हुनु हुँदैन । फेरि राष्ट्रिय योजना आयोगले प्रस्तुत गर्न लागेको तथ्याङ्कलाई डा. महतले मात्र मिथ्याङ्कको आरोप लगाएको होइन, सोही आयोगका वर्तमान सदस्य डा. राघवध्वज पन्तले पनि उक्त तथ्याङ्कहरू अवास्तविक छन् र तिनमाथि पुनः विचार हुनुपर्छ भनेर योजना आयोगका उपाध्यक्ष डा. मङ्गलसिद्धि मानन्धरलाई लिखित अनुरोध दिइसकेको पनि जानकारीमा आएको छ ।

राष्ट्रिय तथ्याङ्क राष्ट्र विकासको औजार हो । यसलाई तोडमरोड गर्ने अधिकार कसैलाई पनि हुनु हुँदैन । अहिले योजना आयोगले तथ्याङ्कलाई मिथ्याङ्क पारिएको आरोप सार्वजनिक भइसकेको छ । राष्ट्रिय विकास परिषद्ले यसमाथि राम्ररी सोध खोज त अवश्य गर्ला । परन्तु ३ महिनाअघि र पछि प्रस्तुत तथ्याङ्कमा जो अन्तर आयो वा देखाइयो तिनमा कुन वास्तविक हो र कुन अवास्तविक त्यो जनतालाई स्पष्ट हुनु पर्दछ । अवास्तविक तथ्याङ्क जसले प्रस्तुत गऱ्यो, त्यसरी प्रस्तुत गर्नुको उद्देश्य के हो ? त्यसले देश र जनतालाई फायदा-बेफायदा के छ ? बेफायदा हुने हो भने त्यसको फायदा कसलाई हो ? गरीब जनताका रगत पसिनाका बुँद सङ्कलित राज्यकोषबाट मोटो पारिश्रमिक र सुविधा भोग्नेहरू कुनै पक्षको पोषण गर्दछन् भने त्यो देशको स्रोत-साधन र भविष्यमाथि खेलबाड मात्र होइन, डकैती नै हो । सार्वजनिक जिम्मेदारी वहन गरेर छलकपट गर्ने को हो ? यो हेराफेरी गरी तथ्याङ्कलाई मिथ्याङ्क बनाउने जो होस् राष्ट्रद्रोही हो, दण्डित हुनु पर्दछ ।

## नेपाली समय

१० असार २०५४

समयको महत्व ठूलो छ । समयले कसैलाई पर्खंदैन । बितेको समय जति खर्च गर्दा पनि पाउन सकिँदैन । समय भनेको वर्तमान हो । अतीत फर्कंदैन, भविष्य अनिश्चित छ, त्यसैले वर्तमानलाई गुमाउनु हुँदैन । यो शिक्षा आजको होइन, कुनै स्थान विशेषसँग जोडिएको मात्र पनि छैन । पूर्व पश्चिम, उत्तर दक्षिण जहाँतहींका सामाजिक चिन्तक विचारकहरूले इतिहासको आरम्भदेखि नै समाजलाई समयको महत्ता बोध गराउँदै आएका छन् । समाजका अगुवा लब्ध-प्रतिष्ठित व्यक्ति जो पनि अरूलाई उपदेश गर्दा समयको महत्व गाउन कहिल्यै पछि पर्दैनन् । परन्तु समयप्रति लापर्वाही वा उल्लङ्घन सबभन्दा बढी तिनैले गरेको पाइन्छ, जो अरूलाई उपदेश गर्ने हैसियत कुर्सीमा भएको वा पुगेको नाताले भएको अनुभव गर्दछन् ।

भूगोलको कारण ठाउँ-ठाउँको समयको अन्तर हुनु स्वाभाविक हो । तर सभा समारोहको निर्धारित समय र वास्तविक ती समारोहहरू शुरु हुने समयबीच एक ढेड घण्टाको अन्तर हुन्छ । त्यसैले त्यस्ता सभा समारोहका आयोजकहरू यति बेला राखियो भने यति समयमा आमन्त्रित आउलान् यति समयमा मुख्य अतिथि आउलान् भनी पूर्व अनुमान गरी निम्तामा समय लेख्ने र आमन्त्रितहरू लेखिएको समयभन्दा एकाध घण्टा ढिलो कार्यक्रम स्थलमा पुग्ने र आमन्त्रितहरू पुगेको एकाध घण्टा ढिलो मुख्य अतिथि आइपुग्ने चलन यहाँ देखिएको छ । मानिसहरू यसैलाई लक्षित गरी 'नेपाली समय'को चर्चा गर्ने गर्दछन् ।

*दैनिक जनमत*ले 'ठालूहरूले समयको महत्व कहिले बुझ्लान् ?' शीर्षक दिएर बक्समा हिजो एउटा समाचार छाप्यो । कसैप्रतिको दुर्भावनाले त्यो समाचार दिइएको नभएर ठूला-ठालुहरूले समयको ख्याल नगर्दा कतिको समय बरबाद हुन्छ भन्ने विचार गरी समयमा पुग्ने गर्ने बानी बसालून् भन्ने सदासय समाचारको हो । केन्द्रीय नेताहरू, मन्त्रीहरू र अरू राष्ट्रिय व्यक्तिहरूले यहाँका हजारौं मानिसहरूको समयको कुनै पर्वाह राख्दैनन् । त्यसैको सिको स्थनीय नेताहरूले गर्नु कुनै आश्चर्यको कुरा होइन ।

हरेक व्यक्तिको आ-आफ्नै समय हुन्छ र उसलाई उसको समयको महत्व त्यत्तिकै छ जति प्रधानमन्त्रीको समयको हुन्छ । त्यसैले हरेक व्यक्ति आ-आफ्नो समयप्रति सचेत र जागरूक हुनु पर्ने खाँचो छ । तोकेको समयमा तोकेको ठाउँमा पुग्ने, तोकेको समयमा कार्यक्रम आरम्भ नभएमा पर्खेर नबस्ने आदत आमन्त्रितहरूले गर्न र त्यसरी आयोजकहरूले पनि आफूले दिएको समयमा कोही आओस् नआओस् आफ्नो कार्यक्रम गर्ने, समयलाई अतिक्रमण नगर्ने आदत बसाउन जरुरी छ । समयको ख्याल नगर्ने यस बानीले नेपालीलाई सधैं पछाडि नै छोड्ने छ । नेपालको पछौटेपनको कारणमा हाम्रो समयप्रतिको लापर्वाही मुख्य हो । जबसम्म नेपालीहरू समयप्रति सचेत हुँदैनन् त्यो बेलासम्म उनीहरूको पछौटेपनमा सुधार हुने छैन ।

# बढ्दो आपराधिक प्रवृत्ति

२२ असार २०५४

अस्ति असार १९ गतेको राती भगवान गौतम बुद्धको जन्म थलो लुम्बिनीमा एकजना जापानी बौद्ध भिक्षुको नकावधारी अज्ञात व्यक्तिहरूले कन्चेटमा गोली हानी हत्या गरेका छन् । जापानी भिक्षु गत ३/४ वर्षदेखि त्यहाँ बन्दै गरेको विश्व शान्ति स्तूपको निर्माण कार्यको रेखदेखमा संलग्न रहिआएका थिए ।

लुम्बिनी अन्तर्राष्ट्रिय दृष्टि परेको ठाउँ भयो । त्यसमा पनि विदेशी भिक्षुको हत्या भएकोले समाचार संसारैभरि फैलियो । नेपालको संसदमा हिजै प्रश्न उठ्यो र गृह मन्त्रीले वक्तव्य दिए । तर यहाँ गत १६/१७ महिनायता माओवादीको आतङ्कले सयौंको ज्यान गइसकेको छ र कैयौं अङ्गभङ्ग भएका छन् । त्यसबाहेक स्थानीय निर्वाचनको समयदेखि त हिंसा, हत्याको आतङ्कको अतिरिक्त साना-ठूला चोरीचकारी, लुट-खसोट, आगजनी-रहजनी, बलात्कार जस्ता आपराधिक घटना कहिले यहाँ त कहिले उहाँ दिनहुँ जस्तै हुने गरेका छन् । शान्ति व्यवस्था अमनचैन भन्ने कुराको बिलकुल अन्त्य भएको छ । असुरक्षाले जनसाधारण आतङ्कित र त्रसित बनेका छन् । यो अराजकता मुलुकको आजको वास्तकिवता हो ।



ज्यान लिनेदेखि अरूलाई दुःख दिने, आतङ्कित गर्ने जस्ता कृत्यहरू निन्दनीय अपराध हुन् । जब मानिसको मस्तिष्कमा शैतान सवार हुन्छ, जुनसुकै परिस्थितिको कारणले त्यो भएको भए पनि, ऊ जे पनि र जसरी पनि गर्न उद्यत हुन्छ । त्यो बेला उसको कार्य वीरतापूर्ण हो कि कायरतापूर्ण, प्रशंसनीय हो कि निन्दनीय, धार्मिक हो कि अधार्मिक, साधु हो कि चोर, स्वदेशी हो कि विदेशी उसलाई पर्वाह हुँदैन । उसको कार्यको समाजमा जतिसुकै निन्दा होस् त्यसको केही अर्थ हुँदैन । यदाकदा हत्या, हिंसा जहाँ पनि र जहिले पनि घट्न सक्तछन् । तर जब यस्ता आपराधिक कार्यहरू शृङ्खलाबद्ध रूपमा हुन थाल्दछन् अनि त्यो मानिसको आवेगात्मक स्थितिजन्य विषय नभएर त्यो प्रवृत्तिको रूपमा प्रकट हुन्छ । अहिले आपराधिक प्रवृत्ति देशभरि बढ्दो रूपमा विकसित भइरहेको अनुभव गरिँदैछ । मानिसहरू असुरक्षाको आतङ्कले ग्रसित छन् ।

मनिसहरूमा यो असुरक्षाको भावना यी हिंसा, हत्याको घटनाले मात्र जागृत हुने होइन, जब घटना घट्दछ, घटनाका अपराधी समातिँदैनन्, समातिएका पनि दण्डित हुँदैनन्, त्यसै छोडिन्छन्, अपराधीलाई राजनीतिक संरक्षण हुन्छ, कानून निष्क्रिय पारिन्छ, त्यो बेला जनता आतङ्कित हुन्छन् । अहिले सक्नेले जे गरे पनि भएको छ, खासगरी राजनीतिक उद्देश्यका निमित्त सत्तासीनहरूले कानूनको अवज्ञा गर्छन् या हातमा लिन्छन्; निर्दोषलाई फँसाउने, दोषीलाई छोड्ने हरकत व्यवहारमा देखिन्छ, अराजकता बढ्दछ । अहिले नेपाली समाज त्यही स्थितिबाट गुज्रिरहेको छ । जबसम्म राज्यको दण्ड व्यवस्था सुदृढ र निष्पक्ष हुँदैन आपराधिक प्रवृत्ति बढ्दै जान्छ । अहिले सचेत वर्गको चिन्ताको विषय यही हो ।

# चारित्रिक सङ्कट

३ साउन २०५४

अहिले मुलुक चतुर्दिक चारित्रिक सङ्कटबाट गुज्रिरहेको छ । अरू सबै सङ्कटबाट मुक्ति पाउन जति सहज हुन्छ त्यति सहज चरित्रको सङ्कटमा हुँदैन । त्यसैले चरित्रको सङ्कटलाई सर्वनाश भने पनि अत्युक्ति हुँदैन ।

चरित्र के हो ? त्यसको सङ्कटले मुलुकलाई कसरी ग्रसित गरिरहेछ ? यी आजका ज्वलन्त प्रश्न हुन् र प्रत्येक सचेत नागरिकको निमित्त यो गम्भीर चिन्ताको विषय हो । तर आजका सत्तासीनहरू, राजनेताहरू, जनताका निर्वाचित प्रतिनिधिहरू र अरू समाजका लब्धप्रतिष्ठित गण्य-मान्यहरू र गुरुवर्गहरू समग्र राष्ट्रलाई चारित्रिक सङ्कटले खग्रास गरेकोमा हुनुपर्ने जति चिन्तित नदेखिएका होइनन्, किन्तु उनीहरू त्यसैलाई युगधर्मको रूपमा ग्रहण गरिरहेका छन् । यो अर्को नैराश्यपूर्ण नियति मुलुकको प्रकट भैरहेको छ ।

मानिसको आचार-व्यवहारको समष्टिगत नाम चरित्र हो । हो, अनुहारमा एउटा व्यक्ति अर्कोसँग बिलकुल भिन्न हुन्छ, त्यसरी नै उसको रुचि, इच्छा अनिच्छा र बानी-बेहोर पनि जरुर फरक हुन्छ । तापनि आहार, निद्रा, भय आदि प्रकृत कुराहरू भने सबैको एउटै हो । यही जैविक आवश्यकता सम्पूर्ति निम्ति ऊ समाजको आश्रित हुन्छ ।

ऊ समाजदेखि अलग रहन सक्तैन । त्यसैले ऊ सामाजिक प्राणी हुनु परेको छ । प्रत्येक मानिस आफ्नो स्वार्थका लागि सामाजिक भएको छ । जब सामाजिकता व्यक्तिको व्यक्तित्वको सर्वाङ्गीण विकास निम्ति अपरिहार्य हुन्छ भने उसबाट हरतरहले सामाजिक मर्यादा र मूल्यको पालना र रक्षा हुनुपर्दछ । तर अहिले यी सामाजिक मूल्य मर्यादा निर्धा-निमुखाका लागि मात्र छन् । टाठाबाठाहरू त्यसलाई भऱ्याङ बनाउँछन्, माथि चढ्छन् र तोडिदिन्छन् । अनि तिनै कोलाहल मच्चाउछन्, मूल्य र मर्यादा रहेन भनेर । जो आचार भ्रष्ट छ त्यही भ्रष्टाचार नियन्त्रणको मुखिया बनाइन्छ । ऊ आफूबाहेक सबैलाई भ्रष्ट भन्दछ या ऊ कसैलाई पनि भ्रष्ट देख्दैन । यी दुवै स्थिति अवास्तविक हुन्न् । त्यसैले यहाँ प्रधानमन्त्रीदेखि पिउनसम्मको चरित्र भ्रष्ट छ ।

चरित्रको पाठ पाठशालामा सिकाइन्छ । स्कूल, क्याम्पस मात्र पाठशाला होइन, पहिलो पाठशाला घर हो, त्यसपछि छिमेक, अनि गाउँ नगर र जिल्ला, सबै देश र विश्वसमाज । समाजमा श्रेष्ठ मानिएकाहरूको आचरण अरूका लागि आदर्श बन्दछ, अरूले त्यसको अनुसरण गर्दछन् । घरमा बाबु-आमाको आचरण ठीक छैन, स्कूल क्याम्पसमा गुरु गुरुमाको आचरण भ्रष्ट छ, गाउँमा ठूला ठालु गनाएका छन्, सरकार, सांसद, संसद जहाँ हेरौँ जसलाई हेरौँ आचरणले, विचारले, व्यवहारले सबै सबै स्वार्थलिप्त छन्, अनैतिक छन्, दुच्छर दुर्जन छन् । व्यक्ति आधारित पद्धति निरङ्कुश, स्वेच्छाचारी भयो अनुत्तरदायी भयो भनी दल आधारित पद्धति सङ्घर्ष गरेर स्थापित गरियो, तर मुडगन्तीको गणितले दललाई यति निरीह बनायो कि स्वेच्छाचारिता र निरङ्कुशताको उपचार हुनसकेन । मुलुकको यो दुर्नियतिको निवारण कसले कसरी गर्ने हो कोही पनि भन्न सक्तैन ।

## भए हुने थियो

१० साउन २०५४

मानिसहरू कामनाका पुञ्ज हुन्छन् । उनीहरू मीठा-मीठा सपना देख्ने गर्दछन् । विपन्नहरू, साधनहीनहरू यस्ता सपना देख्दा या अरूले कहेको सुन्दा रमाइलो लागे पनि यथार्थमा उत्रँदा नरमाइलो अथवा पीडाको अनुभूति गर्दछन् । जो यस्तोमा नै बानी परेको हुन्छ उसलाई केहीजस्तो पनि लाग्दैन । पोखरेली यस्तै नियति भोग्दै आएका छन् ।

पोखरालाई पश्चिमाञ्चल क्षेत्रको गार्डेन सिटीको रूपमा विकसित एवं संरक्षण गर्नुपर्ने अवधारणा राष्ट्रिय योजना आयोग, राष्ट्रिय संरक्षण कार्यनीति कार्यान्वयन आयोजना र आइ.यु.सी.एन. विश्व संरक्षण सङ्घले अगाडि सारेका कुरा प्रकाशमा आएको छ । यो कुरा हालै सरकारले सङ्गठित गरेको लेखनाथ नगरपालिकाको विकासको गुरुयोजना तयार पार्दा के कस्ता कुरामा ध्यान दिनु पर्ला भन्ने सम्बन्धमा छलफल गर्ने उद्देश्यले आयोजना गरेको गोष्ठीमा भएको अन्तरक्रियामा उक्त धारणा सार्वजनिक भएको राससको समाचारमा उल्लेख छ । यस्तो कुरा सुन्दा र पढ्दा अब त दिक्क लाग्न थालिसकेको छ ।

पोखरा हुर्कंदो शहर हो । छोटो अवधिमा नै यसले धेरै काँचुली फेरेको छ । यसका धेरै सम्भावनाहरू नभएका पनि होइनन् । यसको प्राकृतिक सुषमाले पर्यटकीय केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना बढी देखिएको छ । उपत्यका, ताल-तलाउ, हिमाल र हरिया पहाड अनि न धेरै जाडो न धेरै गर्मी हुने स्वस्थकर हावा पानीले यसलाई मोहक बनाएको छ । यिनै कारणहरूले स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय तहबाट यसलाई पर्यटन केन्द्रको रूपमा विकसित गर्नुपर्छ भन्नेमा जोड दिइँदै छ । पोखराका व्यापारीहरू पर्यटनका अतिरिक्त यसलाई शिक्षाको शहर र स्वास्थ्यको शहरको रूपमा पनि विकसित गर्नुपर्ने राय दिन्छन् ।



नयनाभिराम हिम शिखरका दृश्यावलीहरू, हरिया पहाडका पत्र र पंक्तिहरू, विस्तृत मैदान र प्रकृत सरोवरहरूको संयोग विश्वमै विरलै पाइन्छ । पोखरालाई प्रकृतिले प्रदान गरेका यी उपहारहरूको उपयोग पोखराले गर्न सकेको छैन । उपयोग गर्ने सिलसिलामा यसको अति उपयोग, अथवा स्वार्थान्धता र लापरवाहीले वा प्रकृतिको क्षय-प्रक्रियाको कारणले यी प्राकृतिक सम्पदा प्रतिदिन क्षयोन्मुख हुँदै गएका छन् । यिनको फाइदा लिने र यिनलाई क्षयबाट बचाउने काम यहाँका बासिन्दाको हो । तर कुरा सबै गर्दछन्, काम कसैले गरेको छैन ।

पोखरा नगर योजनाको आरम्भ भएको अढाइ दशक भइसकेको छ । शुरुमा यसले निकै तामझाम पनि देखायो । गुरुयोजना बनेको छ भन्छन्, तर त्यसको कार्यान्वयन भएको देखिएको छैन । आफूले लागू गरेका निर्माणका मापदण्डहरूको रक्षा समेत नगर योजनाले गर्न सकेको छैन । झन् अहिले पोखरा उपत्यकाभित्र उपमहानगरपालिका र नगरपालिका भए । पोखरा उपत्यकालाई समग्रतामा हेरेर काम गर्ने निकाय अब यहाँ छैन । तालहरूको वा यस्तै अन्य प्राकृतिक सम्पदाको संरक्षणले मात्र पोखराको विकास हुँदैन । समग्र पोखराको विकासको सम्बन्धमा कुरा गर्नु मनको लड्डु घ्यूसित खानु जस्तै कुरा भइरहेको छ । इच्छा गरेर मात्रै हुँदैन, इच्छा पूर्ति गर्ने साधन हुनुपऱ्यो र साधन खर्चने तत्परता हुनु पऱ्यो । त्यस्तो कुनै कुरा नभई अवधारणा मात्रैले केही हुँदैन । इच्छा मात्रैले त यहाँ स्वर्गीय नगरीको कल्पना गर्न सकिन्छ ।

## भ्रमण वर्षको तयारी - १

१६ साउन २०५४

आउँदो १९९८ को वर्षलाई सरकारले नेपाल भ्रमण वर्षको रूपमा मनाउने निर्णय गरी त्यसको निम्ति आवश्यक तयारी भइरहेको जानकारी सञ्चारमाध्यमहरूबाट आइरहेको छ । उक्त वर्षभरिमा ५ लाख पर्यटकहरू नेपालमा भित्र्याउने लक्ष्य सो भ्रमण वर्ष कार्यक्रमको रहेको छ ।

पोखरालाई दोस्रो पर्यटक नगरी भनिन्छ । पोखरामा पनि नेपाल भ्रमण वर्ष १९९८ को कार्यकारिणी समिति बनेको छ । सो समितिको निर्माण महिनौँपहिले भएको हो तापनि पर्यटन वर्ष शुरु हुन अब मुस्किलले ५ महिना मात्र बाँकी रहँदा बल्ल भ्रमण वर्षका निम्ति बनेको समितिले बैठक गरेर केही प्रारम्भिक काम गर्ने निर्णय गरेको जानकारी दिएको छ । यो प्रारम्भिक काम हो पर्यटक उत्रने ठाउँ 'बस स्टप'को सफाइ । त्यहाँ मानिसहरूको बसाइ अव्यवस्थित छ, मासु पसलहरू छन्, फोहरमैला छ, ढल निकास राम्रो बनेको छैन, जो बनेको छ त्यो पनि अवरुद्ध भई फुटेर नालाको पानी सडकमा छताछुल्ल हुन्छ । त्यसलाई व्यवस्थित गर्ने निर्णय उक्त समितिले भर्खरै लिएको

जानकारीमा आयो । व्यवस्थितता र सफाइको आवश्यकताको अनुभव ढिलै भए पनि हुनु राम्रो कुरा हो, तर यो अनुभव भ्रमण वर्षको सन्दर्भमा गरिएको हुँदा हुन लागेको व्यवस्थापन र सफाइका काम कुरा अस्थायी प्रकृतिका हुने निश्चित छ ।

सफा, सुग्घर, सुव्यवस्थित, सुविधाजनक कुनै पनि ठाउँलाई बनाउनु पर्दछ र अनि जो बन्दछ त्यो सधैंका लागि र सबैका लागि बन्नु पर्दछ । के नेपालीले राम्रो देख्नु पर्दैन ? सुविधा भोग्नु पर्दैन ? विकास गर्ने, व्यवस्था गर्ने कुरामा यस किसिमका तदर्थवादी सोच र प्रयत्न मात्रै हुने हो भने विकास कसका लागि, के का लागि, किन र कसरी ? इत्यादि प्रश्न सचेत नागरिकका सामु उपस्थित नभई रहँदैनन् । अगुवाहरूले आफ्नो कल्पनाशीलता र दूरदृष्टि देखाउन सामर्थ्य नदेखाएको यस्ता तदर्थवादी धारणाको प्रदर्शनबाट स्पष्ट हुन्छ ।

# भ्रमण वर्षको तयारी - २

१७ साउन २०५४

अङ्ग्रेजी भाषाको 'भिजिट नेपाल'को उल्था भ्रमण वर्ष भनिएको देखिन्छ । शब्द भाषा र भाषान्तरमा जे भए पनि धेरैभन्दा धेरै मानिस बाहिरबाट यहाँ घुम्न आऊन् भन्ने भ्रमण वर्षको उद्देश्य हो भने भ्रमण वर्षका आयोजकहरूले दुनियाँका मानिस यहाँ भ्रमण गर्न किन आउँछन् ? उनीहरूको भ्रमणको उद्देश्य के हो ? उनीहरूको भ्रमण काल कसरी सुरम्य हुन्छ ? कसरी आनन्ददायी र लाभप्रद हुन्छ ? उनीहरूले चाहने रुचिका कुरा के छन् ? कहाँ छन् ? अरू के कति कसरी थप्न सकिन्छ ? उनीहरूको बसाइ कसरी लम्ब्याउन सकिन्छ ? आदि इत्यादि कुरा पर्यटनलाई व्यावसायिक रूपमा विकसित गर्न ध्यान दिइनु पर्ने कुरा हुन् । विदेशी पर्यटकहरूलाई आकर्षित गर्नुछ भने आफू कहाँको पर्यटकीय महत्वका विषयको जानकारी दुनियाँका कुना कुनामा फिँजाउनु भ्रमण वर्षका आयोजकहरूको प्राथमिक कर्तव्य हो भने आफ्नो प्रचारको अनुरूप आफूकहाँ आएका यात्रुलाई उसको आवश्यकताअनुरूप सेवा, सुविधा, सुरक्षा सर्वत्र सुलभ बनाउनु पनि त्यत्तिकै जरुरी कुरा हो ।

भ्रमण वर्षका आयोजकहरू पर्यटन व्यवसायको गुणस्तर वृद्धि गर्ने, सहुलियत, सेवा र सुविधा बढाउने, पर्यटनका क्षेत्रहरू विस्तार गर्ने, तिनको अद्यावधिक जानकारी उपलब्ध गराउने जस्ता कुराहरू हुनु पर्ने परिमाणमा भैरहेजस्तै लाग्दैन । यातायात, सूचना-सञ्चार, पथ प्रदर्शक र सुरक्षित र सुविधाजनक बसोबासको सुप्रबन्धको भ्रमण वर्षको उद्देश्यअनुरूप, भरपर्दो जानकारी दिएको पाइँदैन । हिजो जे थियो आज त्यही छ र भोलि भ्रमण वर्षमा पनि त्यही र त्यति नै हुने हो भने भ्रमण वर्षको न सार्थकता हुन्छ, न त लक्ष्य नै उपलब्ध हुन्छ । भ्रमण वर्षको नाममा पर्यटनसँग सम्बन्धित सरकारी र गैरसरकारी मानिसहरूले शयर सपाटा गर्ने र गोजी भर्ने उद्देश्य मात्रै नहोस् त्यसतर्फ समयमै सम्बन्धित सबैले सोच्नु पर्ने स्थिति देखिएको छ ।

जहाँसम्म पोखराको प्रश्न नेपाल भ्रमण वर्षको सन्दर्भमा छ, पोखरा समितिले भ्रमण वर्षको उद्देश्यअनुरूप सोच विचार एवं काम गरेको अनुभव भइरहेको छैन । नगरलाई सफा राख्ने, पर्यावरण दूषित हुन नदिने, सडक किनारका नालीहरू थुन्ने, फुटपाथमा निर्माण सामग्री थुपारेर आवागमनमा असुविधा पुऱ्याउने जस्ता काम कुराहरूको रोकथाम गर्ने, फोहरमैला सडकमा नफाल्ने जस्ता सामान्य नागर चेतना दिने काम पनि नगर-पालिकाले उपमहानगरपालिका हुँदा पनि गर्न सकेको छैन । पाहुना आउलान् र दाल भात खाउँला भने जस्तो दरिद्र मानसिकताले भ्रमण वर्षको निहुँमा कतैबाट कसैले केही दान दिइहाल्छ कि जस्तो गर्ने र पृथ्वीचोक बस स्टपनिर मात्र सफा गर्ने कार्यक्रम राखिनु सोचनीय कुरा हो । उपमहानगरपालिका जस्तो स्वायत्त संस्थाका अधिकारीहरूले सफा सुन्दर र स्वस्थ पोखराको खाका पोखरावासीका लागि त्यत्तिकै आवश्यक हो जति पर्यटक-हरूका निमित्त हुन्छ भन्ने कुराको हेक्का मनमा राख्नु पऱ्यो । दुनियाँलाई देखाउन होइन, आफ्ना लागि पनि स्वस्थ, सफा र सुन्दर पोखरा त्यत्तिकै महत्वको कुरा हो । नेपाल भ्रमण वर्षको नाममा होइन पोखरा र पोखरेलीलाई सभ्य र सुसंस्कृत बनाउन तदनुसार सोचाइ र काम हुनुपर्दछ । त्यसो भएमा यहाँ सबै वर्ष भ्रमण वर्ष हुन सक्तछन् । अस्तु ।



# ..... आँगन टेढो

२० साउन २०५४

स्थानीय निकायको निर्वाचनमा भएको पराजयको पीडाले छटपटाएको नेपाली काङ्ग्रेस पराजयको कारण आफ्नो साङ्गठनिक कमजोरी हो, र सो कमजोरी नेतृत्वको विफलताको परिणाम हो भन्ने निचोडमा पुगेको छ । तर यो निचोडमा नेता, कार्यकर्ता सबै सहमत भए पनि नेतृत्वको विफलताको कारक के हो भन्ने कुरामा नेतृत्ववृत्त र कार्यकर्तावृत्तमा पर्याप्त मतान्तर पाइन्छ । नेतृत्ववृत्त अहिले कार्य समिति पुनर्गठन गर्न, पार्टी विधानमा संशोधन गरेर सङ्गठनलाई सुदृढ सुसङ्गठित पार्न सकिन्छ भन्ने सोचाइमा भएको देखिन्छ । साँच्चै नै यो सोचाइ नेतृत्ववृत्तको हो भने उसको समीक्षण सतही मात्र भएको पीँधमा पुग्ने प्रयास नगरेको वा नचाहेको प्रतीत हुन्छ ।

गिरिजाप्रसाद कोइराला कर्मठ एवं कुशल सङ्गठनकर्ताको रूपमा सुपरिचित हुनुहुन्छ । एक दशक बढी समय उहाँ पार्टीको अत्यन्त शक्तिशाली महामन्त्रीको हैसियतमा कार्यरत हुनुहुन्थ्यो । प्रतिबन्धित अवस्थामा पनि झरी-बादल, सर्दी-गर्मी केही नभनी अनेक यातना र अवरोधहरूको सामना गर्दै मेची महाकाली गर्नुहुन्थ्यो । त्यही समर्पण भाव, तन्मयता र क्रियाशीलताका कारणले उहाँले कार्यकर्ताको हृदयमा जो स्थान बनाउनु भएको थियो त्यसले उहाँलाई मुलुकको प्रधानमन्त्रीको सम्मानित एवं शक्तिशाली आसनीमा आसीन गराएको थियो । ५ वर्षका लागि उपलब्ध अकण्टक सो अवसर तीनै वर्षमा उहाँले गुमाउनु मात्र भएन पार्टीलाई पहिलो स्थानबाट दोस्रो स्थानमा झार्नु भयो । उहाँ पार्टीको सभापति बन्नु भएको पनि १५ महिना भइसकेको छ । आफू सभापति हुँदा पार्टीको नवौं महाधिवेशनमा दिनु भएको 'पार्टीको नीति र कार्यक्रम वक्तव्य' एक छेउ पनि कार्यान्वित भइरहेको छैन । यही अन्तरालमा संसदीय उपनिर्वाचनमा र अहिले भएको स्थानीय निर्वाचनमा यो लज्जाजनक पराजय पार्टीले भोग्नु पऱ्यो । यसका लागि उहाँले आफूलाई जिम्मेदार ठहऱ्याए पनि आफ्ना वैयक्तिक कमी कमजोरीमा उहाँले दृष्टि दिएको देखिँदैन र पार्टीलाई पुनः सशक्त पार्ने सम्बन्धमा विधान संशोधन गर्ने, कार्य समिति पुनर्गठन गर्ने भनिएको छ त्यसैले मात्र काङ्ग्रेस सुसङ्गठित, सुदृढ र सबल

हुनेछ भन्नेमा विश्वास गर्न सकिँदैन । जबसम्म नेतृत्व स्वयं सक्षम हुँदैन तवसम्म विधान जस्तोसुकै बने पनि र अनुहार जति फेरे पनि सङ्गठनमा सुधार आउन सक्तैन ।

नेतृत्वमा धेरै गुणहरू हुनु नितान्त आवश्यक हुन्छ । ती गुणहरू केही नैसर्गिक, अर्थात् सहजात हुन्छन् र केही अर्जित । अर्जित गुणले नैसर्गिक गुणहरूलाई प्रस्फुटित मात्र गर्दैनन् परिष्कार गरी शान पनि चढाउँछन् । त्यसबाट प्रत्युत्पन्नमति, त्वरित उचित निर्णय क्षमता, कल्पनाशीलता र व्यवहारमा कूटनीतिक चातुर्य विकसित हुन्छ । सैद्धान्तिक निष्ठा हुने मानिसले जिम्मेदारीलाई निष्पक्षतापूर्वक निर्वाह गर्न र आचरणलाई निष्कलङ्क राख्न सक्नु पर्दछ । विश्वासका आधार नै यिनै हुन् । यी विश्वासका आधारमा खिया लागिसकेकोले त्यो खिया खुर्कन आफैं परिवर्तित हुने र सत्कसङ्कल्प र त्यसको व्यवहारमा परिणति देखिनु जरुरी हुन्छ । विधानलाई वा कार्यकर्तालाई दोष दिनु नाच्नेले आँगन टेढो भने जस्तै हो ।

# संसद-सांसद - १

२१ साउन २०५४

मुलुकको सर्वोच्च विधायिका संसद अहिले १२ औं अधिवेशन कालमा छ । विधायिकाले विधि निर्माण मात्र गर्दैन, मुलुकको शासन व्यवस्था सञ्चालन गर्ने सरकारको सङ्गटन विघटन गर्दछ र त्यसलाई नीति निर्देशन दिने काम र सरकारका कामको समीक्षा मूल्याङ्कनको काम पनि गर्दछ । यति गहन जिम्मेदारी वहन गर्ने संसद अहिले गम्भीर सङ्कटको सामना गरिरहेछ । सङ्कट मुख्यतः २ प्रकारका हुन्छन्– मानवीय सङ्कट र दैवी सङ्कट । दैवी सङ्कट जे जस्तो भए पनि आउँछ, जान्छ त्यसको पीडा तत्कालको (क्षणिक) हुने गर्दछ । अरू किसिमका मानवीय सङ्कटमा चरित्रको सङ्कट यस्तो सङ्कट हो, जसले सर्वनाश गर्दछ । अहिले हाम्रो संसद त्यही चरित्रको सङ्कटबाट गुज्रिरहेको छ ।

संसदबाट नै सरकार बन्दछ । सरकारमा बस्ने मानिसहरू सांसदै हुन्छन् । सरकार संसदप्रति उत्तरदायी हुनुपर्ने संवैधानिक व्यवस्था छ । सरकारमा बस्नेहरू संसदको आँखा छल्ने दाउ हेर्दछन्, सरकारको छिद्रान्वेषणको मौका सांसदहरू ढुकेर बसेका हुन्छन् । अहिले संसदका सामु सरकारको स्वेच्छाचारितालाई ठेगाना लगाउने, स्वेच्छाचारी सांसदलाई अङ्कुशे लगाउने र आतङ्ककारी नियन्त्रण गर्ने गम्भीर समस्याहरू उपस्थित छन् ।

वर्तमान समीकरण सरकार सत्तारूढ भएयता सरकारी काम काजमा थुप्रै अनियमितता भएको, हिंसा-हत्या, आतङ्कै रूपमा बढेको र शान्ति सुरक्षाको प्रत्याभूति हुननसकेको, सरकार स्वयंले मूल्यवृद्धि गरी जनजीवन दुरूह पारेको, भ्रष्टाचार, तस्करी अनियन्त्रित ढङ्गले बढ्दै गएको यथार्थ प्रतिपक्षको आरोप मात्र नभएर सत्तापक्षले स्वीकारेको वास्त-विकता भएको छ । चालू अधिवेशन प्रारम्भ भएपछि गृहमन्त्री वामदेव गौतमबाट विशेष प्रहरी विभागमा गरिएको विवादास्पद नियुक्ति, स्थानीय विकास मन्त्रीको निर्णयबाट भएको ४ हजार प्राविधिक सहायकहरूको अवकाश दिने काम अत्यन्त आलोच्य मात्र भएका छैनन्, निन्दनीय पनि भएका छन् । अझ विशेष प्रहरीको नियुक्तिमा गृहमन्त्री गौतमले सदनमा नियुक्ति कानूनसम्मत भएको, चित्त नबुझे अदालत जान चुनौती पनि दिनुभयो र नियुक्तिको कानूनी आधार ३ दिनभित्र सदनमा प्रस्तुत गर्ने कबूल पनि गर्नुभयो । तर ३ दिनको साटो १५ दिन बित्दा पनि वाचा पूरा गर्नु भएन र सरकारबाट



सङ्ग्रौलाको राजीनामा स्वीकृत भएको प्रचार गरियो । सङ्ग्रौलाको राजीनामाले समस्याको समाधान गर्दैन । सार्वजनिक ओहदामा बसेर अनियमित गर्ने, वचन पूरा नगर्ने र संसदको अपमान गर्ने प्रवृत्तिको उपचार संसदले गर्नु पर्दछ । संसदले आफ्नो गरिमाको रक्षा गर्न र सरकारलाई आफ्नो अदवमा हिँडाउन ठोस कदम यस प्रकारको प्रवृत्तिको उपचारको उपाय निकाल्नै पर्दछ ।

# संसद-सांसद - २

२२ साउन २०५४

सरकारलाई स्वेच्छाचारी हुन नदिई सही मार्गमा हिँडाउन संसदमा प्रतिपक्ष सबल हुनु पर्दछ । सङ्ख्याको दृष्टिले संसद सङ्गटित भएदेखि नै प्रतिपक्ष सुदृढ एवं सशक्त नभएको होइन तापनि प्रतिपक्षले आफ्नो भूमिका क्षमतापूर्वक निर्वाह गरेको वा गर्न सकेको अनुभूति चेतनशील वर्गले गर्न नपाएको गुनासो सुनिन्छ । मुलुकको शासन व्यवस्थाको अस्तव्यस्तता, विकासको गतिहीनता, भ्रष्टाचार, महँगी, तस्करी, हिंसा, हत्या, लुटपाट आदिको विद्यमानताले सरकारको अक्षमता मात्र प्रकट गरेको छैन, अपितु प्रतिपक्षको भूमिका रचनात्मकभन्दा बढी राजनीतिक भएकोले प्रतिपक्षका सम्बन्धमा सुनिएको जनताको गुनासोलाई पर्याप्त पुष्टि मिलेको छ ।

यतिखेर दल त्यागको सूचनासम्बन्धी विधेयक संसदको विचाराधीन छ । दलीय आधारमा निर्वाचित सांसदले आफ्नो दलको नीति निर्देशनको प्रतिकूल आचरण गरेमा सो दलले त्यो सांसदले दल त्याग गरेको सूचना सभामुखलाई दिएमा सो सांसदको संसद सदस्यता कानून बमोजिम समाप्त हुने व्यवस्था संविधानमा छ । प्रतिनिधि सभा नियमावलीको दफा २१६(ख) ले संविधानको उक्त व्यवस्थालाई स्पष्ट प्रतिष्ठापित गरेको छ । तापनि त्यो कानून प्रयोग गर्ने अधिकारीले समयमा प्रयोग नगरिदिँदा सांसदहरूमा स्वेच्छाचारी प्रवृत्तिले प्रश्रय पायो र सत्ता र पैसाका निकृष्ट खेलहरू सांसदहरूको गरिमामा नै आँच पुग्ने गरी, संसदीय पद्धतिप्रति नै वितृष्णा उमार्ने गरी बितेका दुई अढाई वर्षमा खेलिए । यस्तो प्रवृत्ति नियन्त्रित हुनु पर्नेमा विमति कसैको पनि छैन र पनि अहिले दल त्यागको सूचनासम्बन्धी विधेयक जो संसदको विचाराधीन छ, त्यो निकै विवादास्पद बनेको छ । निर्वाचित जनप्रतिनिधि पर्दाभित्रका अनिर्वाचित मानिसहरूको कठपुतली बन्ने, संविधानको आशयविपरीत विधेयकमा सांसदलाई ठिँगुऱ्याउने प्रावधान गरिएको कानूनविद्हरू बताउँछन् । निरङ्कुशता अनपेक्षित कुरा हो । मर्यादाको पालना स्वेच्छाले हुनु पर्ने अपेक्षा प्रजातन्त्रको हो । दलको आदर्श, सिद्धान्त, नीति, नियम र निर्देशन पालन गर्ने वाचा गरी दलको नीति र कार्यक्रमको आधारमा जनताको मत लिएर विजयी भएको सांसद दलको अधीन त रहनै पर्दछ । दलमा आफ्नो विचार राख्न पाउने अधिकार उसको अपहरण हुनु हुँदैन । ऊ जनप्रतिनिधि दलको हैसियतले भएको हो संसदीय व्यवहारमा उसले आफूखुसी गर्ने स्वतन्त्रता रहँदैन । स्वतन्त्रता भनेको स्वेच्छा-चारिता होइन । जो स्वशासित हुन्छ उसलाई कानून जतिसुकै कठोर बने पनि कुनै अर्थ हुँदैन । त्यसैले सार्वजनिक जीवन अपनाएर व्यक्तिगत लोभ र लाभको प्रच्छन्न व्यवहार एवं अख्तियारको दुरुपयोग रोक्न संसदले प्रभावकारी उपायको जोहो गर्नै पर्दछ ।

# संसद-सांसद - ३

२३ साउन २०५४

सम्प्रति चालू बाह्रौं अधिवेशनकै सन्दर्भमा अर्को अत्यन्त विवादास्पद बनेको विषय हो आतङ्ककारी तथा विध्वंसात्मक अपराध नियन्त्रणसम्बन्धी विधेयक । विधेयक संसदमा प्रस्तुत भइसकेको छैन; सरकार सो विधेयक संसदमा प्रस्तुत गर्ने तयारी गर्दैछ । सो मसौदा विधेयक संसदमा पेश गर्न क्याबिनेटले पारित गरिसकेको तर संसदमा प्रस्तुत हुनुपूर्व नै सार्वजनिक भएकोले त्यसको सबै क्षेत्रबाट व्यापक विरोध आइरहेको छ । पक्ष-विपक्षका सांसदसमेत संविधान एवं कानूनविद्हरू, सामाजिक सङ्घ-संस्थाहरू, पत्र-पत्रिकाहरू, प्राध्यापकहरू, समाजका लब्धप्रतिष्ठ नागरिक सबैतिरबाट सो विधेयकको सरकारले कालो कानून बनाउन लागेको, माओवादी आतङ्ककारीको नाममा आफ्ना विरोधी जो सुकैलाई मास्ने, सडाउने, संविधानलाई नै निरस्त बनाउने कानून बनाएर सरकार निरङ्कुश बन्न खोजेको आरोप लगाई विरोध गरिएको छ । यस्तो विधेयक प्रस्तुत गर्न नपाउने किसिमले यसको व्यापक विरोध हुनु पर्ने कुरा सबैतिरबाट उठिरहेको छ ।

विगत १८ महिनादेखि माओवादीको घोषित जनयुद्धको नाममा हिंसा हत्याका आतङ्ककारी घटनाहरू घटेका छन् । सयौं मानिसको ज्यान गएको छ, कैयौंको अङ्गभङ्ग भएको छ, र कैयौंको धनमाल लुटिएको छ । यही आतङ्कका कारण पश्चिममा ४ जिल्ला र मध्यमाञ्चल, पश्चिमाञ्चलका ८० जति गाविसको चुनावै हुन सकेन । अहिले पनि माओवादी एक्सन कमिटीको नामले गाउँ-गाउँमा 'मृत्यु सूचना' फलाना फलाना मारिने छन्, उनीहरूले आफ्नो गर्नुपर्ने गरून्, इच्छा लागेको खाऊन्, भनी सार्वजनिक ठाउँमा सूचना टाँस्ने या व्यक्तिकै नाममा सीधै पत्र पठाएर आतङ्क मच्चाउने काम व्यापक भइरहेको छ । यसैलाई आधार बनाएर आतङ्ककारी नियन्त्रणको निहुँमा प्रतिगामी विधेयक ल्याएर सरकार निरङ्कुश बन्न खोजेको स्पष्ट हुन्छ । आपराधिक गतिविधि नियन्त्रण गर्ने थुप्रै कानून विद्यमान छन् । राजनीति खुला छ । राजनीतिका नाममा हिंसा, हत्या, लुटपाट जस्ता आतङ्ककारी आपराधिक कामको नियन्त्रण तिनै कानूनको अधीन कारवाही किनारा गर्न नसकिने होइन । त्यसका निम्ति छुट्टै कानूनको आवश्यकता छैन । अहिले जो आतङ्क छ त्यो सरकारको अकर्मण्यता र अयोग्यताका कारण, यो सरकारकै प्रच्छन्न सहयोग वा सहमति भएको अनुभव जनसाधारण गरिरहेका छन् । संविधानले जनताको ज्यु-धनको सुरक्षाको प्रत्याभूति गरेको छ । संविधानको पालना र संरक्षण गर्नु सरकारको दायित्व हो र त्यो दायित्वको निर्वाह सरकारबाट भइरहेको छैन । यो वास्तविकता हो ।

जनताको सार्वभौम सत्ताको प्रतिनिधित्व गर्ने सांसदहरू आफ्नो जिम्मेदारीप्रति जति सचेत भएर जनताका हक हितको सुरक्षाका साथै उनीहरूको युगानुकूल विकासको चाहना परिपूर्ति निम्ति जति क्रियाशील हुनु पर्दथ्यो त्यति नभएको मात्र होइन आफ्नै सुविधा बढाउने र स्वार्थलिप्त रहने गरेको अनुभूति सबै किसिमका आम नागरिकले गरिरहेका छन् । यसले सांसदप्रति जनताको विश्वास त गुम्यो गुम्यो संसदको गरिमा र छवि पनि गिरेको छ । आफ्नो गिरेको साख र संसदको प्रतिष्ठा बनाउन सांसदहरूले इमानदार भएर सरकारको स्वेच्छाचारिता नियन्त्रित गर्ने र सही दिशामा उसलाई डोऱ्याउने, जनताको समस्या सुल्झाउने र संविधानको रक्षा र प्रजातन्त्रलाई सुदृढ गराउने काम



आजका सांसदहरूको काँधमा छ । यतिखेर संसदप्रति सरकारको उपेक्षा भावले सांसदहरूमा उदासीनता छाएको संसदमा उपस्थिति कम हुने र गणपूरक सङ्ख्याको अभावमा संसद कारवाई अवरुद्ध भएका समाचार आइरहेको छ । यस्तो निराशाजनक स्थितिलाई अन्त्य गरेर संसदलाई जीवन्त र सशक्त पार्ने काम सांसदहरूकै हो । हेरौं आउँदा दिनहरूमा संसदप्रति आशा र विश्वास जगाउन कति समर्थ हुन्छन् हाम्रा सांसदहरू ।

# दृश्य-दृष्टि - १

२६ साउन २०५४

दृश्य एउटै हुन्छ, दृष्टि भने अनेकानेक हुन्छन् । कुण्डकुण्ड पानी मुण्डमुण्ड बुद्धि भनेझैं मान्छेपिच्छे दृष्टि फरक हुन्छ र पनि गुलाफको फूललाई केवरा कसैले भन्दैन, गुलाफ र केवरा भिन्न नै हुन्छन् । यो भिन्नता दृष्टिको होइन, गुलाफ र केवराको आफ्नै गुणको हो । दृश्य वस्तु हो, दृष्टि भावमूलक हुन्छ, त्यसैले त्यो सापेक्षिक हुन्छ ।

पोखरा दृश्य हो । दृश्य बदलिन्छ । दृश्यमा परिवर्तन समयले गर्दछ । कुनै बेला एउटा दृश्य लामो समय रहन्छ, कुनै बेला बदलिने क्रिया चाँड्चाँडो हुन्छ । अहिले पोखराको कायाकल्प हुँदैछ र त्यो क्रिया चाँड्चाँडो भैरहेको छ । यो देखेर कति सन्तुष्ट देखिन्छन्, उनीहरू प्रचूरमात्रामा विकास भयो, भैरहेछ भन्दछन् । किन्तु कतिपयको दृष्टिले असन्तोष ओकल्दछ, ओकेलिरहेको छ । जहाँ खाली छ, केही छैन, त्यहाँ केही हुनु विकास हो, तर जस्तो हुनु पर्दथ्यो; त्यस्तो भएन भने त्यो हुनुले पनि बिगार गरेको हुन्छ, त्यो विकास वास्तविक विकासको अवरोध हुन्छ । त्यसैले कसैको भिन्न दृष्टि हुँदैमा त्यसलाई दृष्टि दोष मान्न र भन्न हुँदैन ।

अहिले पोखरा विकासको पथमा लम्किरहेको छ । कसैले यसलाई हुर्कंदो शहर भन्दछन् भने कसैले यसलाई पर्यटकीय नगरी । यी दुवै भनाइ यसका लागि सार्थक छन् । यो बन्न लागेको शहर पनि हो र दुनियाँका घुमक्कडहरू घुम्न आउने थलो पनि हो । हुर्कन लागेको शहरका दृष्टिले यसको विकास अहिलेसम्म शहरी विकासको प्रविधिलाई मनन् गरी दीर्घकालीन दृष्टिले नागर-जीवनलाई सुविधायुक्त कसरी पार्न सकिन्छ भन्ने लक्ष्य राखेर हुनु पर्दछ भने पर्यटकहरूको आकर्षणलाई ध्यान दिँदा दीर्घकालीन दृष्टिलाई व्याघात पनि हुन सक्तछ । त्यस्तै दीर्घकालीन उद्देश्यले शहरी विकासमा ध्यान दिँदा तत्कालको पर्यटकीय प्रयोजन पूरा नहुन पनि सक्तछ । अहिलेका समस्या हुन् ती दुवैलाई समन्वित कसरी गर्ने ।

सम्प्रति पोखराको विकासमा पोखरा उपमहानगरपालिका सालाना १०/१२ करोड लगानी गर्न सक्ने हैसियत देखाउँदैछ । उसको यो हैसियत उसको आन्तरिक साधन स्रोतको मात्र नभएर सरकारको अनुदान, विदेशी दातृ संस्थाहरूको ऋण सहयोगबाट बनेको हो । यसको सदुपयोग वडाहरूलाई दामासाही भागबण्डा गरेर हुँदैन । समग्र पोखरालाई एउटा एकाइको रूपमा हेर्ने दृष्टिकोण सबैको हुनुपऱ्यो । सबैको मनमा सुन्दर सुविधायुक्त शहरको कल्पना हुनुपऱ्यो । मतको राजनीतिले त्यो भावना प्रस्फुटित हुन सकेको पाइँदैन ।

# दृश्य-दृष्टि - २

२७ साउन २०५४

नगरपालिका जे नीति बनाउँदछ, त्यसमा ऊ स्वयं चल्दैन । उसले बनाएका मापदण्डहरू पालना गराउन असमर्थ हुन्छ वा उदासीन रहन्छ । आत्मपरक दृष्टि, जिम्मेदारीप्रति समर्पणको अभाव र निरन्तरता नहुनु, स्वेच्छाचारिता वा नीति नियमप्रति अवज्ञाका कारण हुन् । यसबाट कर्तव्यच्युत हुन्छ व्यक्ति र समाज । अहिले पोखरा मात्र के पूरै मुलुक यही समस्याले ग्रसित छ । शरीरको कुनै अङ्ग प्रत्यङ्गमा कुनै विकृति उब्ज्यो भने त्यो अङ्ग मात्र होइन सम्पूर्ण शरीर नै अस्वस्थ हुन्छ ।

हामी आत्मकेन्द्रित छौं । हामीमा नागर चेतना अर्थात् सामाजिकताको नितान्त न्यूनता छ । हामी ठूला वक-वेदान्ती छौं, अरूलाई उपदेश दिन मात्रै पाण्डित्य बधाछौं, त्यसलाई व्यवहारमा उतार्नुबाट टाढा रहन्छौं । आफ्नो हानि नभए पनि अरूको लाभले हामीलाई जलाउँछ, अरूलाई जति असुविधा भए पनि जति नोक्सान भए पनि आफ्नो सुविधा र लाभ मात्र हेर्ने हाम्रो प्रवृत्ति बनेको छ । त्यसैले हाम्रा विकास प्रयासहरू समन्वित हुँदैनन् । एउटा काम गर्दा त्यसैसँग जोडिएको अर्को कामलाई वास्ता गरिँदैन, अनि त्यही बेवास्ता गरिएको कामले गरेको कामलाई नोक्सान पुऱ्याउँछ । जे बन्दछ त्यसको सम्भारको सोच पहिले हुँदैन, बिग्रिसक्छ अनि सम्भारको चेतना आउँछ । यसरी खण्डित विचार र टुक्रे कामले हाम्रा स्रोत-साधनको र समयको अपव्यय भइरहेछ र हाम्रो विकास सधैं अपूरो र टाक्सिएको अवस्थामा रहिरहेको छ ।

लोभ र मोहले हामीलाई निलेको छ । त्यसैकारण विवेक-विचार गुमेको छ । विशेषगरी सार्वजनिक जिम्मेदारीका स्थानहरूलाई ऐश्वर्य र प्रतिष्ठाको मूल स्रोत सम्झिएको छ । बुद्धि, विवेक, विचार, योग्यता, आदर्श, साधना, सेवा, न्याय, नैतिकता आदि आधारभूत सामाजिक गुण गौण भएका छन् । आफूलाई कोहीभन्दा कम नसम्झने प्रवृत्ति र महत्व र दायित्व बोधको आवश्यकताप्रतिको उपेक्षा भावले योग्य स्थानमा योग्य व्यक्ति पुग्न नसकेका कारण अनेक प्रकारका विकृति र विसङ्गतिहरू उम्रिरहेका छन् । हाम्रो दृष्टि दूषित बनेको छ, र हाम्रासामुको दृश्यलाई यथार्थ रूपमा देख्न असमर्थ भएका छौं । मरिचिकालाई पछ्याएर समाज भडकिरहेको छ ।

# यशस्वी नामको सम्झना

१२ भदौ २०५४

धरतीमा जन्मने जति मर्दछन्, यो प्रकृतिको शाश्वत नियम हो । तर कति बाँचे पनि मरे सरी छन् र कति मरेर पनि बाँचेका हुन्छन् । शरीर मरेर गए पनि जसको नाम उसका कामले सम्झाइरहन्छ, मानिस उसको गुणगान गरिरहन्छन्, ऊ बाँचेको हुन्छ । असङ्ख्य मानिसमा, तर, त्यस्ता मानिस एका-दुई मात्रै हुन्छन् त्यो पनि लामो समयको अन्तरालमा । जो सबैका लागि बाँच्दछ, त्यो मरेर पनि बाँचेको हुन्छ, जो आफ्नैलागि मात्र बाँच्दछ उसको मर्नु र बाँच्नुको खास अर्थ हुँदैन । प्राध्यापक वासुदेवचन्द्र मल्ल



यतिखेरका त्यस्तै नमर्ने किसिमका मानिस थिए । गत साउन ३१ गते बिहान आकस्मिक रूपमा उनको अमर आत्मा पार्थिव पिण्ड छोडेर अनन्तमा बिलायो । उनको अवसानमा सारा बौद्धिक जगत् व्यथित भएको छ । शरीर मरे पनि आत्मा मर्दैन भन्ने हाम्रो विश्वास छ । त्यसैले सबै शत्रु मित्रको स्नेह सम्मानको पात्र बनेको त्यो अमर आत्माले चीर शान्ति प्राप्त गरोस् भन्ने कामना गर्दछौं ।

स्व. वासुदेव चन्द्र मल्ल, जसलाई सबैले बी.सी. मल्ल भनेर चिन्दछन्, कुशल शिक्षकको रूपमा समादृत थिए । शिक्षकको रूपमा उनी पढेको ज्ञान आफ्ना शिष्यमा पोखेर आफ्नो कर्तव्य पूरा भएको सम्झने अरू सामान्य शिक्षक जस्ता थिएनन्, उनी चिन्तन गर्दथे, विचारशील थिए र क्रियाशील थिए । उनको विचारशीलता, चिन्तनशीलता र क्रियाशीलता आफ्नो व्यवसायमा मात्र सीमित थिएन । उनी समाजको स्थिति र विकासका निमित्त सहृदयतापूर्वक क्रियाशील थिए । उनको त्यही क्रियाशील व्यक्तित्वले उनलाई प्रजातन्त्र, प्राज्ञिक स्वतन्त्रता, प्राज्ञिक दक्षताका लागि जुझारू बनायो । असल उद्देश्यका निमित्त उनी सदैव दत्तचित्त र लगनशील बनिरहे । उनी प्राध्यापक सङ्घका संस्थापक सभापति, विश्वविद्यालयका उपकुलपति, विश्व सम्बन्ध परिषद्का कर्मठ सदस्य, चीनका लागि नेपालका राजदूत, प्रजातान्त्रिक विचार समाजका सभापति बने । जहाँजहाँ उनले हात राखे त्यहाँ आफ्नो छाप छोडेका छन्, सबैको स्नेह र सहयोग, श्रद्धा र सम्मान पाएका छन् । एउटा विचारको अनुयायी भएर पनि सबैलाई साथै लिएर चल्न सक्ने, अरूको आदर सम्मान प्राप्त गर्न सक्ने उनको जो गुण हो त्यसैले उनलाई सबैको प्रिय पात्र बनायो, सबैबाट समादृत बनायो । ती यशस्वी गुरुको अब स्मृति मात्र शेष रहेको छ । त्यही स्मृति समाजमा सदा प्रेरक बनिरहोस्, समाज सुमार्गमा जाओस्, लोक कल्याण हुन सकोस्, त्यसले मल्लको दिवङ्गत आत्मालाई शान्ति दिने छ । परमेश्वरले उनको शोक सन्तप्त परिवारलाई वियोग व्यथा सहने सामर्थ्य प्रदान गरून् । अस्तु ।

# कार्य क्षमताको कमी

१३ भदौ २०५४

बैंकले विभिन्न क्षेत्रलाई छुट्याएको कर्जा लगानीको रकम खर्च हुन नसकेको सूचना नेपाल राष्ट्र बैंकका गभर्नर सत्येन्द्रप्यारा श्रेष्ठले यहाँ सम्बन्धित विषयको एक कार्यशाला गोष्ठीको उद्घाटनका अवसरमा दिनुभएको छ । महिला लघु-ऋण परियोजना र यो परियोजनालाई एशियाली विकास बैंकले उपलब्ध गराएको रकम परियोजनाको आधा समय बितिसक्दा पनि आधा पनि लगानी हुन नसकेको बताइएको छ । चतुर्दिक विकासको नारा निरन्तर घन्किरहँदा पनि बैंकहरूले कर्जा प्रवाहित गर्न खोजेको रकम अपेक्षित मात्रामा खर्च हुन नसक्नुमा अनेक मौलिक कारणहरू हुन नसक्ने होइनन् तापनि सामान्य दृष्टिमा यसलाई कार्य क्षमताको कमी भन्नु पर्दछ ।

प्रथमतः समाज अशिक्षित छ । बहुसङ्ख्यक जनतामा व्यावसायिक सोचाइको कमी छ । परम्परागत काम धन्दाबाहेक अरू नयाँ अर्थकरी इलम सीपहरूबारे जानकारीको अभाव, ज्ञान भए पनि नोक्सानको भयले हिम्मत गर्न सङ्कोच गर्ने प्रवृत्ति, ऋणदेखि डराउने संस्कार, कसैले केही गरिहाल्यो भने पनि बजार नपाउने, कडा प्रतिस्पर्धा गर्नुपर्ने स्थिति

र व्यवस्थापकीय दक्षताको कमीले छुट्ट्याएको रकम लगानी नहुनु, लगानीको अनुरूप प्रतिफल लाभकारी नहुनु जस्ता कुरा मानिसको उद्यम गर्ने उत्साह-जाँगर जगाउन अवरोध बन्दछन् । त्यसमाथि बैंकको कर्जा प्रवाहको जटिलता र कर्मचारीको बाबूगिरी र लालची प्रवृत्तिले मानिसको उद्यमी जोस जाँगर शिथिल पार्ने गर्दछ । समग्र समाजको दुर्दशा यो छ भने महिला वर्ग त झन् पछाडि छ । त्यो वर्गका परियोजनामा छुट्ट्याइएको रकम खर्च नहुनु नितान्त स्वाभाविक मान्नु पर्दछ । तापनि यसका पछाडि उपर्युक्त कारणबाहेक जिम्मेदारीमा बस्नेहरूको अनुत्तरदायी प्रवृत्ति र निजी स्वार्थ हेर्ने प्रवृत्तिको साथै वर्तमान राजनीतिक प्रदूषण पनि विकास प्रशासन संयन्त्रलाई अदक्ष बनाउने कारक बनेको यथार्थलाई भुल्नु हुँदैन ।

विकासको नाममा बाहिरबाट आउने अनुदान एवं ऋण सहयोगहरू आवश्यक खराबीको रूपमा देखिएको, यो नभई पनि नहुने भए पनि अनेक विकृतिहरूले समाजलाई ग्रसित गर्ने खालको वस्तुगत यथार्थ हो । यो अदक्षता वास्तविक अदक्षता नभएर कृत्रिम भएकोले यसको उपचार तत्काल देखा पर्दैन । यो दुःखद स्थिति हो ।

# मोतीराम भट्ट

१७ भदौ २०५४

कुशे औँसीको हिन्दू नेपाली संस्कृतिमा आफ्नै किसिमको जे जस्तो महत्व छ, नेपाली भाषा वाङ्मयको फाँटमा पनि त्यत्तिकै गौरवशाली महत्व छ । आज कुशे औँशी हो । आजकै दिन ठीक १३१ वर्षअघि यो नेपाली माटोमा एउटा विभूतिको जन्म भयो, जो ३ दशक मात्रको अल्पायुमै देश, जाति, भाषा वाङ्मयको क्षेत्रमा अत्यन्त ठूलो योगदान गरेर दिवङ्गत भयो, त्यो अविस्मरणीय एवं प्रातः वन्दनीय विभूतिको महिमामण्डित नाम हो– मोतीराम भट्ट । उनको यो १३२ औं जन्म जयन्तीको उपलक्ष्यमा सर्वप्रथम हामी ती विभूतिका प्रति हार्दिक शब्द श्रद्धाञ्जली श्रद्धानत भई समर्पण गर्दछौं ।

कवि भानुभक्त आचार्यले लोक भाषामा अध्यात्म रामायणको रचना गरे । तर त्यसको प्रसार हुन सकेको थिएन । भानुभक्तको देहावसान हुनुभन्दा २ वर्षअघि मात्र काठमाण्डूको भोसिको टोलमा जन्मेका शिक्षा-दीक्षाका लागि बनारस पुगेका मोतीराम भट्टमा विदेशी औपनिवेशिक शासनको थिचोमिचो भोगिरहेका भारतीय जनतामा भएको राष्ट्रिय जागरण र सांस्कृतिक पुनरुत्थान निम्ति उनीहरूका प्रयत्नको छाप परेछ । त्यसबाट उनले देश-प्रेम, भाषा-भक्ति सिके र कलिलो उमेरमा नै आफ्नो भाषा साहित्यको उत्थानमा लाग्ने उनले अठोट गरे । भानुभक्तको रामायण खोजेर छपाउने, उनको कामको महत्व बुझाउने हेतुले उनको जीवनी लेखेर प्रचार गर्ने काम गरे । उनी स्वयंले कविता लेख्ने अभ्यास गरे । अरूलाई रचना गर्न प्रेरणा दिने, त्यस्ता कवि लेखकहरूको मण्डली तयार गर्ने र भाषा भारतीको सेवा गर्ने काममा निरन्तर लागे । नेपालमा छापाखाना शुरु गर्ने नै उनै थिए । उनले कविता मात्र होइन, गीत, गजल, निबन्ध, नाटक कथा आदि साहित्यका अनेक विधामा हात चलाएर र त्यसको प्रकाशन गरेर तत्कालीन नेपाली समाजलाई भाषा साहित्यको सेवाको महत्व र आवश्यकताको बोध गराए । तीस वर्षको अल्पायुमै उनले जे जति गरे नेपाली भाषा र वाङ्मयको उत्थान र



विकासमा त्यसले महत्वपूर्ण योगदान गऱ्यो । उनको त्यही अभियानको फलस्वरूप नेपाली साहित्यको मध्य युग र आधुनिक युगको आरम्भ भएको हो । त्यसैले भानुभक्त नेपाली साहित्याकाशमा भानु भए भने मोती त्यो भानुको प्रकाशको बोध गराउने चम्किला मोती बने । उनले समाज, भाषा र साहित्यको सेवा गरेर आफ्नो जन्मलाई सानै उमेरमा सार्थक बनाए । उनी अमर बने ।

उनका अमरत्वले हामीलाई सदैव प्रेरित गरिरहोस् यही शुभेच्छासहित कवि मोतीराम प्रति *दैनिक जनमत* पुनः हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ ।

# विख्यात २ नारी आत्मालाई शान्ति मिलोस्

२३ भदौ २०५४

काल सबैलाई आउँछ, ढिलो-चाँडो मात्र हो । काल कसरी आउँछ ? त्यो अज्ञात नै रहन्छ, र कहिले आउँछ त्यो पनि अज्ञात नै हुन्छ । त्यसैले मरणशील भएर पनि मानिस अजम्मरी पाएझैं तृष्णाका तन्तुहरूले हरबखत तानिइरहन्छ, जेलिइरहन्छ । तर कुनै कुनै सांसारिक प्रपञ्चमा मोहित नभएर स्वतन्त्रता, मुक्ति, सेवा भावले अनुप्राणित भएर बन्धन चुँडालेर उन्मुक्त हुन्छन् र आफूलाई पीडित असहायहरूको सेवामा उत्सर्ग गर्दछन् । यस्ताहरूले दुनियाँ भरका ठूला साना सबैका मन मस्तिष्कमा आफूप्रति श्रद्धा अङ्कुरित गराइरहेका हुन्छन् । गत हप्ता भिन्न स्थिति र अवस्थाका २ नारीहरूको भिन्न परिस्थितिमा भएको निधनले विश्वलाई नै स्तब्ध पारेको छ ।

बृटिश साम्राज्यकी भूतपूर्व युवराज्ञी डायनाको अगिल्लो शनिबार राती फ्रान्समा कार दुर्घटनामा मृत्यु भयो । उनी ३६ वर्षकी थिइन् र केटा साथीका साथ छुट्टी मनाइरहेकी थिइन् । उनका १५ र १३ वर्षका छोरा छन् । गत वर्ष मात्रै उनको बेलायतका युवराज चार्ल्ससँगको वैवाहिक सम्बन्ध अदालतबाट विच्छेद भएको थियो ।

गरीब, असहाय, दीनदुःखीहरूको सेवामा आफ्नो सम्पूर्ण जीवन उत्सर्ग गरेकी ८७ वर्षकी मदर टेरेसाको गत शुक्रबार राती आफ्नै निवासमा हृदयगति बन्द भएर मृत्यु भयो । उनको लेबनानको एउटा असम्पन्न परिवारमा जन्म भएको थियो । १८ वर्षको उमेरमा एउटा धार्मिक संस्थाको उनी सदस्य बनिन् । उनी इसाई धर्मको क्याथोलिक सम्प्रदायमा थिइन् । उनलाई सो संस्थाले भारतमा काम गर्न खटाएकोले त्यहाँ आएर शहरका छेउ-छाउमा झुपडीमा बस्ने गरीब असहाय दीनदुःखीहरूको सेवा गरिन् । उनको त्यो सेवाले उनी यति प्रसिद्ध भइन् कि विश्वको ठूलो पुरस्कारले उनी सम्मानित भइन् । एक ठाउँमा जन्मी अर्कै ठाउँमा आएर पीडित मानवको सेवा कार्य गरेर जीवन उत्सर्ग गर्ने मदर टेरेसा दुनियाँकी माता बनिन् । उनको अवसानमा दुनियाँले शोक व्यक्त गऱ्यो; राष्ट्राध्यक्ष र शासन प्रमुखहरूले शोक सन्देश दिए । उनको जीवन धन्य हो ।

राजकुमारी डायना वैंशमा नै बितिन् । वैवाहिक सम्बन्धको विच्छेद भए पनि युवराजका छोराहरूकी ममतामयी आमा भएका नाताले उनको मृत्युमा दुनियाँका राष्ट्र प्रमुख तथा शासन प्रमुखहरूको समवेदना सन्देश महारानी र प्रधानमन्त्रीलाई आउनु स्वाभाविक हो, तर उनकाप्रति जो जनश्रद्धा व्यक्त भयो, त्यसले डायनाको राजपरिवारको सदस्य हुनुको अतिरिक्त उनी स्वयंका केही यस्ता गुण र कार्यहरू छन् जसले दुनियाँको

हृदयमा उनले स्थान पाइन् । उनले भनेकी थिइन् यो परम्परा र संस्कारको पर्खालभित्र राजप्रासादकी महारानी होइन, जनताको हृदयकी महारानी हुन चाहन्छु । त्यसैले भोलिको बृटिश साम्राज्यकी महारानी हुन पाएको अवसरलाई उनले त्यागिन् । असहाय मानिसहरूको सेवामा उनीले आफूलाई होमेकी थिइन् । विभिन्न मुलुकमा बिछ्याइएका र बिछ्याइने बारुदी सुरुङहरूको विरुद्ध पनि उनले अभियान छेडेकी थिइन् । यसले पनि उनीप्रति मानिसहरूमा श्रद्धा पैदा गर्‍यो । त्यसैले बेलायतका प्रधानमन्त्री टोनी ब्लेयरले उनलाई जनताकी रानी भने । डायनाको निजी व्यक्तित्व यद्यपि विवादास्पद र आलोच्य ठानिए पनि उनका मानवीय मूल्यसम्बन्धी विशिष्ट गुणहरू प्रशंसनीय मान्नु पर्दछ । उनको मृत्यु स्वाभाविक भएन, त्यसैले पनि स्वभावत: सबैको सहानुभूति जाग्यो । उनको अतृप्त आत्मालाई परमेश्वरले शान्ति प्रदान गरून् ।

# सर्वोच्च नेताको अवसानमा

३ असोज २०५४

२०५४ साल आश्विन २ गते बिहीबार प्रात: ३ बजे प्रजातन्त्रका अथक योद्धा, नेपाली जनमनका श्रद्धेय सर्वोच्च नेता गणेशमान सिंह यस धरतीबाट सदाका लागि बिदा हुनु भयो । यो समाचार सो दिनको बिहान रेडियोले प्रसारित गर्‍यो । सुन्नेजति स्तब्ध मात्र भएनन्, अत्यन्त दु:खी पनि भए ।

गणेशमान सिंहलाई लौह पुरुष, सर्वमान्य सर्वोच्च नेता, ०४६ को जनआन्दोलनका कमाण्डर, प्रजातन्त्रका जनक, निर्भीक शूर-वीर, साहसी, दृढव्रती, तपस्वी, त्यागी इत्यादि अनेक विशेषण दिइएको छ । उहाँ वस्तुत: शायद यी सबै विशेषणहरू भन्दा पनि विशिष्ट हुनुहुन्थ्यो । किनभने आफ्नो र देशवासीको मानवोचित स्वाभिमानको स्थापना र रक्षाका लागि उहाँले आफ्नो सम्पूर्ण जीवन उत्सर्ग गर्नु भयो ।

गणेशमान सिंहको जन्म काठमाण्डूको सम्भ्रान्त आभिजात्य काजी खलकमा भएको हो । यदि उहाँले स्वाभिमानलाई ख्याल नगरेको भए रोवरवाफपूर्ण विलासिताको जीवन ज्युन सक्नुहुन्थ्यो । जङ्गबहादुरी शासनमा वंशानुगत मार्गको अनुगामी–त्यस्तो हुन वा बनाउन परिवारजनबाट यथेष्ट प्रयत्न नभएको पनि होइन–भएको भए के पो हुनुहुन्थ्यो, तर आजको गणेशमान हुनुहुन्थेन ।

१९९५ सालमा नै उहाँ नेपाल प्रजापरिषद्–जुन जङ्गबहादुरी शासनको खिलाफमा सङ्गठित थियो–को सदस्य हुनुभयो र १९९७ सालमा पक्राउ पर्नुभयो । उहाँसँगै पक्राउ परेका शुक्रराज, धर्मभक्त, गङ्गालाल, दशरथ चन्दहरूले मृत्यु दण्ड पाए । तर काजी खलकको छोरो भएर जन्म कैदमा पर्नुभयो, सर्वश्वहरण पनि भयो । ४ वर्ष जेल जीवन बिताएपछि उहाँ जेल तोडेर भागी कलकत्ता पुग्नुभयो । त्यहाँ उहाँ नेपाली काङ्ग्रेसको संस्थापक सदस्य हुनुभयो र ०७ सालको जनक्रान्तिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुँदा तत्कालीन काङ्ग्रेसका ४ नेतामा एक उहाँ गनिनु भयो । उहाँ ०८ साल र ०१६ सालमा मन्त्री हुनुभयो । पञ्चायत कालमा ८ वर्ष कारावास, ८ वर्ष निर्वासन पनि उहाँले बिताउनु भयो । उहाँले नेपाली काङ्ग्रेसको स्थापना कालदेखि नै स्व. जननायक बी.पी. कोइरालाको अनन्य सहयोगीको रूपमा प्रजातन्त्रको लडाइँ लड्नु भयो । स्व. कोइरालाको शेषपछि उहाँ नेपाली काङ्ग्रेसको सर्वमान्य नेता बन्नुभयो । उहाँको नेतृत्वमा ०४२ सालको सत्याग्रह र ०४६ सालको जनआन्दोलन नेपाली काङ्ग्रेसले गर्‍यो र इतिहासलाई निर्णायक मोड दियो ।



यसरी गणेशमान सिंह नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाली काङ्ग्रेसभन्दा धेरै जेठो हुनुहुन्छ । उहाँको सम्पूर्ण जीवन प्रजातन्त्रको आन्दोलनमा नै उत्सर्जित भयो । प्रजातन्त्र प्राप्तिपछि उहाँलाई प्राप्त प्रधानमन्त्री पद पनि उहाँले त्याग्नु भयो । उहाँको यही त्याग, तपस्या, कर्मठता, दृढ व्रतित्व र नि:स्वार्थ भावले उहाँलाई महान बनायो र अमर तुल्यायो । उहाँको जीवन आदर्शमय छ । त्यही आदर्शका लागि उहाँ प्रात: स्मरणीय, वन्दनीय र पूजनीय हुनुहुन्छ । उहाँको ५० वर्षको अथक र निरन्तरको प्रजातन्त्रको लडाइँबाट नेपाली मात्र अधिकारहीन रैतीबाट सार्वभौम अधिकार सम्पन्न नागरिक बनेका छन् । यो योगदान इतिहासमा स्वर्णाक्षरले लेखिने छ, सदा अविस्मरणीय रहनेछ ।

यस्ता युगान्तकारी इतिहास पुरुषको पार्थिव अवसानले देश सारा शोकाकुल छ । हामी यस दु:खको क्षणमा उहाँको अमरत्व प्राप्त गरेको विप्लवी आत्मालाई चीर शान्ति मिलोस् र उहाँको देहावसानबाट व्यथित एवं शोकाकुल परिवारजन र सुहृद सहयोगी तथा अनुयायी जनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

# स्वाधीनताका अपराजेय योद्धाको अवसानले उठाएको चिन्ता

५ असोज २०५४

गएको बिहीबार ६ दशकभन्दा बढी समयदेखि निरन्तर स्वाभिमानको रक्षाका लागि स्वाधीनताको लडाइँ लड्ने अपरिश्रान्त योद्धा गणेशमान सिंहको विप्लवी आत्माले एकाएक सुटुक्क पार्थिव शरीर त्यागेर अमरत्व प्राप्त गर्‍यो । युगान्तकारी निर्णायक क्रान्तिहरूको नेतृत्वदायी भूमिका निर्वाह गरेबापत आम जनमनमा सर्वोच्च सर्वमान्यत्व हासिल गरेका गणेशमान सिंह समर्थक, विरोधी एवं तटस्थ सबैबाट समादृत थिए । इतिहास पुरुषको व्यक्तित्व निजी पुरुषार्थको देन स्वरूप उनलाई प्राप्त थियो, उनको अवसान पनि ऐतिहासिक नै भयो, उनको अत्येष्टि पूरा राजकीय सम्मानकासाथ लाखौं लाख असङ्ख्य नर-नारी आबाल वृद्ध जनताले श्रद्धाञ्जली चढाएर सम्पन्न हुनु एउटा अपूर्व घटना हो । भविष्यमा पनि यस्तो शायदै होला ।

'प्रजातन्त्रका पिता', 'लौह पुरुष' आदि अनेक विशेषणले विभूषित गणेशमान सिंहको अवसानले एउटा शून्य अर्थात् रिक्तताको अनुभूति यहाँ अहिले भइरहेको छ । लामो बलिदानी सङ्घर्षबाट पुनर्स्थापित प्रजातन्त्र प्रजातान्त्रिक संस्कारको अभावमा के हुने हो कसो हुने हो भन्ने सन्देह पैदा भइरहेको आजको अवस्थामा दलीय राजनीतिबाट माथि उठेर प्रजातन्त्रको प्रतिरक्षाको गहन जिम्मेदारी गणेशमानजीले वहन गर्नुभएको थियो, उहाँबाट यो गुरु गहन जिम्मेदारी सक्षमताका साथ निर्वाह हुनेछ भन्नेमा सबै विश्वस्त थिए । तर त्यो विश्वासको आधार गणेशमानको पार्थिव पिण्डसँगै विलुप्त हुन पुगेको छ र यहाँ बृहत् रिक्तता सबैका सामु उपस्थित हुन पुगेको छ । तत्काल गणेशमानजीले

निर्वाह गरेको वर्तमानको भूमिका निर्वाह गर्ने र गर्न सक्ने व्यक्तित्वको नितान्त अभाव खट्किरहेको देखिएको छ ।

प्रकृत सिर्जनामा जति जन्मन्छन् ती सबैको आ-आफ्नै विशिष्टता हुन्छ– रूप, रङ्ग, आकार, प्रकार, चेतना, स्वभाव, आचरण एक अर्कोसँग नितान्त भिन्न हुन्छ । अनि जति जन्मन्छन् तिनमा कोही पनि अजम्बरी हुँदैन, ढिलो चाँडो नाश हुन्छ । कोही कसैको पूरक भएर आएको हुँदैन । कसैको अभावको रिक्तताको अनुभूति पनि स्थायी होइन । प्रकृति निरन्तर प्रवहमान र गतिमान छ । प्रकृतिमा कुनै चीजको कमी हुन्छ भने त्यसको सम्पूर्ति समयमा प्रकृतिले नै गरेको हुन्छ । प्रकृतिको सृष्टिमा मानिस अरू सृष्टिभन्दा विशिष्ट जरुर छ, तर उसको विशिष्टताले प्रकृतिलाई परिवर्तित गर्न सक्तैन । त्यसैले गणेशमान सिंह मानिसका लागि विशिष्ट भए पनि प्रकृतिका लागि आफ्नै सिर्जना भएकोले विशिष्ट हुँदैनन् । गणेशमानको रिक्तता पूर्ति गर्न यहाँ अर्को गणेशमान आउँदैन, समयले यो रित्तोपन पुर्दै लैजान्छ, अथवा त्यो रित्तोपनको अनुभव हराउँदै जान्छ । किनकि यो प्रकृतिको स्वभाव नै हो ।

# समाज सेवा दिवस

७ असोज २०५४

नेपालले विगत १८ वर्षदेखि राष्ट्रिय रूपमा समाज सेवा दिवस मनाउने गरेको छ । हिजो असोज ६ गते १८ औं समाज सेवा दिवस थियो । राजधानीमा प्रधानमन्त्रीले १८ औं समाज सेवा दिवस कार्यक्रम उद्घाटन गरेको समाचार विभिन्न सञ्चारमाध्यममा आए । तर राष्ट्रिय समाज सेवा दिवस मनाउन यहाँ के कार्यक्रमको आयोजना गरियो, कसरी गर्‍यो कहीँ कतैबाट कसैले जानकारी दिएको हामीलाई थाहा छैन ।

समाजको कल्याण हुने कार्य प्रतिफलको आशा नराखी स्वेच्छया गर्नु संक्षेपमा समाजको सेवा हो । समाजमा यस्तो सेवाका क्षेत्र, सेवाका काम, अनेक छन्, हुन्छन् । सरकारले, सरकारको पैसाले समाजका सबै कार्य हुन सक्तैनन्, हुँदैनन् । तर ती कार्य नभएमा समाजले दुःख पाउँछ, समाजको खती हुन्छ, समाज गतिशील हुँदैन । विद्यालयहरूको स्थापना, सार्वजनिक पुस्तकालय, सामाजिक पाटी-पौवा, चौतारा, बाटाघाटा, पानी पनेरो, पुल पुलेसा, बाँध-पैनी इत्यादि हरेक काम सामाजिक आवश्यकता एवं उपयोगिताका काम कुरा हुन् । गाउँघरमा गाउँका मुखिया-जिमुवाल ठूला बडाहरू कटुवालद्वारा उर्दी पुर्जी गरेर यी कामहरू सम्पादित हुन्थे भने शहर बजारमा पनि टोल-टोलका थकाली वा टोल सुधार समितिहरूले गर्ने गर्दथे । तर त्यतिखेर ठूला बडाको हैकम चर्को हुन्थ्यो, सीधा-साधा, मर्कामा पर्थे, शोषण हुन्थ्यो, स्वेच्छाको कुरा हुँदैनथ्यो । समयले पल्टा खायो, नयाँ-नयाँ परिस्थिति आए, अब पुरानो प्रथा स्थिति र रीतिहरू भित्ता लागे । तर समाजका ती कार्यहरू आज पनि छन् र तिनको सम्पादन हुन जरुरी छ र ती कार्यहरू गर्न स्थानीय निकायहरू बनेका छन् र अतिरिक्त अरू सङ्घ-संस्थाहरू पनि विभिन्न नामले सङ्गठित छन् ।

विघटित व्यवस्थाका समयमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् नामको संस्था कानून बनाएर सङ्गठित गरिएको थियो । त्यही परिषद्को छत्रछायाँमा अनेक सङ्घ-



संस्थाहरू सङ्गठित हुन्थे । वैधताको निमित्त उसको अधीन हुनै पर्ने बाध्यता थियो । त्यसका अतिरिक्त सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को नेतृत्व राजपरिवारबाट हुने भएकाले सामाजिक सेवाको क्षेत्र बढी प्रचारमुखी थियो । प्रजातन्त्रको पुनस्थापना पछि त्यो संस्था नाम फेरियो, नेतृत्व बदलियो । एन्.जी.ओ., आइ.एन्.जी.ओ. भनेर अनेक सङ्घ-संस्था अहिले पनि नभएका होइनन् । तर केन्द्रीय भूमिका पनि नगण्य भएको छ र सामाजिक सङ्घ-संस्थाहरू सेवामुखीभन्दा बढी अर्थमुखी र प्रचारमुखी भएको आरोप उनीहरूलाई लागेको छ । सामाजिक काम स्वेच्छाले सबैले गर्नुपर्छ, गर्ने हो भन्ने भावना हराएको छ, हैकम, अदव र अनुशासनको अभावले बेथितिको स्थिति सामाजिक सेवाको क्षेत्रमा स्पष्ट दृष्टिगोचर भएको छ ।

अहिले सामाजिक सेवाको क्षेत्र पनि राजनीतिको प्रदूषणले आक्रान्त छ । समाज सेवाबाट समाजलाई आत्म निर्भर एवं स्वावलम्बी बनाउने भन्ने कुरा सपना जस्तै छ । समाज दिनप्रतिदिन पराश्रित, परावलम्बी कुरौटे र भरौटे बन्दै गएको छ । समाज सेवा दिवस औपचारिकतामा मात्र सीमित छ । अतः समाज सेवाको पुनः प्रतिष्ठाको लागि नयाँ सोच र व्यवहारका लागि जबर्दस्त क्रान्तिको आवश्यकता अनुभव गरिएको छ ।

# प्राज्ञको मर्यादा र प्राज्ञिकता

१६ असोज २०५४

गएको साता पोखरामा पश्चिमाञ्चलका प्राध्यापकहरूको सम्मेलन नेपाल प्राध्यापक सङ्घले आयोजना गरेको थियो । पश्चिमाञ्चल भने पनि गण्डकीदेखि महाकालीसम्मका क्याम्पसका शिक्षक प्रतिनिधि उपस्थित थिए । सम्मेलनमा नेपाल प्राध्यापक सङ्घका पूर्व अध्यक्षहरू प्रा.डा. दुर्गाप्रसाद भण्डारी र प्रा. कपिल श्रेष्ठसमेत वर्तमान अध्यक्ष एवं कार्य समितिका पदाधिकारी पनि उपस्थित थिए । सम्मेलनमा प्राज्ञको मर्यादा र प्राज्ञिक स्वतन्त्रता खण्डित भएको आम गुनासो रहेको थियो । प्राज्ञको मर्यादा र स्वतन्त्रतामा आँच पुग्नुको पछाडि जे जति कारण हुन् ती पनि उल्लेख भएको थियो र मुलुकलाई आवश्यक दक्ष जनशक्ति तयार पार्ने उच्च शिक्षाको क्षेत्रमा अन्योल र अराजकता दिनानुदिन बढ्दै गएको चिन्ता व्यक्त गरिएको थियो ।

प्राध्यापकहरूले आफूसँग सम्बन्ध भएका उच्च शिक्षाको क्षेत्रको मात्र कुरा गरे । वस्तुतः शिक्षाको जगदेखि धुरीसम्म नै ज्यादै अन्योल, अराजकता छाएको छ । पञ्चायतको बेला शिक्षार्थीलाई पञ्चायतअनुकूल साँचोमा ढाल्न कोशिश भयो । शताब्दीयौं देखिको निरङ्कुश शासन र पञ्चायती शासनको संस्कार बनेको छ र बसेको संस्कार प्रजातन्त्र पुनः स्थापनापछि मेटिने कुरा भएन । बरु अरू विकृतिहरू थपिए । शिक्षाको प्रयोजन राष्ट्रिय उद्देश्य र तदनुकूल पाठ्यक्रम, पाठ्यपुस्तक र व्यवस्था के कस्तो हुनुपर्छ भन्नेमा सार्वभौम सोचाइ हुँदै भएन । एकातिर छाडापन, अर्कोतिर दलीयताको अस्वस्थ अभ्यासले शिक्षक भाँडिने, विद्यार्थी भाँडिने, २ वर्ष कोर्स पूरा गर्न ३ वर्ष लाग्ने, परीक्षा दियो नतिजा प्रकाशित गर्न ६/८ महिना लाग्ने, सर्वसाधारण बहुसङ्ख्यक जनताका छोराछोरीले पढ्ने विषयमा २-३ प्रतिशत नतिजा निस्कने जस्ता कुराहरू आजको शिक्षाको प्रकृति नै भएको छ । अत्यन्त सोचनीय र दुःखदायी स्थिति हो यो शिक्षाको ।

शिक्षाको यो दयनीय दशाको निमित्त धेरै मात्रामा शिक्षा व्यवस्थापन दोषी छ भने शिक्षण गर्ने गुरुवर्ग पनि कम दोषी छैन । विद्यार्थीलाई कुन प्रकारले विषय बोध गराउने, उनीहरूमा सीप र दक्षता कसरी ल्याउने, सोच विचार गर्ने फुर्सद शिक्षकलाई हुँदैन । निर्धारित पाठ्यांश कक्षामा गएर भट्ट्याएपछि आफ्नो दायित्व पूरा गरेको शिक्षकहरू ठान्दछन् । उनीहरू प्रज्ञा अर्थात् ज्ञानको पछि होइन, धनको पछि दगुरिरहेका छन् । एउटा शिक्षक बिहान उठेदेखि बेलुका नसुतेसम्म जागीरमै दौडेको हुन्छ । उसलाई आजको अखबार पढ्नेसम्म फुर्सद हुँदैन, आफ्नो विषयमा विस्तृत अध्ययन-मनन-विचार गर्ने उसलाई अवकाशै हुँदैन, आवश्यकताको अनुभव पनि ऊ गर्दैन । यस्ता शिक्षक-हरूबाट गतिलो परिणामको आशा राख्न पनि सकिँदैन र त्यो परिणामको लागि उसलाई जिम्मेदारी पनि लिनुपरेको छैन । न्यून अर्थात् कमजोर परिणामको निमित्त अरू थुप्रै भौतिक कारण नभएका होइनन्, तर ती तपसिलका कुरा हुन्, यदि शिक्षक इमानदार, आफ्नो पेशामा पूरा निष्ठावान् रहे उसले तमाम कठिनाइहरूलाई हटाएर विद्यार्थीलाई योग्य बनाउन सक्थ्यो । तर आज अयोग्यतम कोटीका शिक्षक राख्ने र योग्यतम शिक्षकलाई बेवास्ता गरिने परिपाटी छ । आज प्राज्ञहरू नै आफ्नो प्रज्ञालाई अवमूल्यन गरिरहेका छन् । जब प्राज्ञिकता पैसा र पावर (सत्ता)को पछि दौडिरहेको हुन्छ भने त्यहाँ प्राज्ञको मर्यादाको कुरा उठाउनु नै हास्यास्पद हुन जान्छ । त्यसैले यदि प्राज्ञहरूले आफ्नो मर्यादा खोज्ने हो भने आफ्नो प्राज्ञिकतालाई ठीक ठाउँमा राख्नु पर्‍यो । प्राज्ञहरू आफ्नो ठाउँमा अटल बस्ने हो र ज्ञानको साधना गर्ने हो भने उनीहरूको मर्यादा समाजले अवश्य गर्नेछ । अहिलेको बिग्रेको स्थितिमा तत्काल निराशिनु पर्ला, अन्ततः उसको साधनाको परिणाम सकारात्मक नै आउँछ, नकारात्मक हुँदैन ।

# प्रजातन्त्रमा नेतृत्वको उत्तराधिकार हुँदैन

१० कार्तिक २०५४

नेपाली काङ्ग्रेसको नेतृत्व यसको स्थापना कालदेखि नै स्व.बी.पी. कोइरालाले ४ दशक जति निरन्तर गरिरहनु भयो र आफ्नो अन्त्यको समयमा आफू एक्लैले नै वहन गरेको त्यो भार ३ जना साथी–गणेशमान, कृष्णप्रसाद र गिरिजाप्रसाद–को काँधमा राखेर जानुभएको हो । दल प्रतिबन्धित अवस्थामा भएको र बी.पी.सँगै सङ्घर्ष गर्दै आएका आदरणीय व्यक्तिहरू भएकोले नेतृत्व हस्तान्तरण सबैका लागि स्वीकार्य नै भयो । यो भएको डेढ दशक भइसकेको छ र तीनमध्येका सर्वोच्च नेता गणेशमान सिंह अब हुनुहुन्न । कृष्णप्रसाद भट्टराई पनि सभापतित्व छोडेर बस्नु भएको छ र अब गिरिजा प्रसाद कोइराला मात्र सर्वेसर्वा नेतृत्वदायी स्थितिमा रहनु भएको छ । उमेरले उहाँ पनि कृष्णप्रसाद भट्टराईभन्दा कम बूढो हुनुहुन्न । तैपनि हिम्मतका साथ उहाँ क्रियाशील हुनुहुन्छ । नेपाली काङ्ग्रेसका निमित्त यो कम गौरवको कुरा होइन । तर अहिले त्यो स्थिति छैन । नेपाली काङ्ग्रेस नेतृत्वविहीन स्थितिबाट गुज्रँदैछ ।

प्रजातन्त्रमा नेतृत्व समय र कार्यले पैदा गर्दछ, कसैले दिने पाउने कुरा होइन । अहिले नेपाली काङ्ग्रेसमा नेतृत्वको उपर्युक्त स्थितिका कारण नेतृत्व प्राप्त गर्ने होडबाजी भइरहेको यथार्थ महासमितिको नेपालगञ्ज बैठकमा सभापति गिरिजाप्रसाद कोइरालाले आफ्नो समुद्घाटन भाषणका अवसरमा उद्घाटित गर्नुभएको छ । अहिले नेपाली काङ्ग्रेसभित्र चल्दै गरेको विवाद त्यही होडबाजीका कारण भएको हो कि भन्ने उहाँलाई लागेको उहाँले बताउनु भएको छ । त्यो नेतृत्वको होडबाजीमा रामचन्द्र, शेरबहादुर र शैलजा आचार्यको नाम लिएर उनीहरूले अस्वस्थ गुटबन्दी नगरे उनीहरूमध्ये कसैले पाउने आफ्नो विचार भएको पनि व्यक्त गर्नुभएको छ ।



काङ्ग्रेस नेतृत्वको निमित्त उल्लिखित नामहरू अयोग्य अनुपयुक्त छन् भन्ने कुरा होइन । किन्तु त्यत्तिकै सक्षम र त्यत्तिकै योगदान भएका थुप्रै कार्यकर्ता भएको नेपाली काङ्ग्रेसमा शीर्षस्थ व्यक्तिले त्यसरी तीन जनाको मात्र नाम लिइनुले सो को प्रभाव नकारात्मक हुन सक्तछ । प्रजातन्त्रमा नेतृत्वको उत्तराधिकारी कोही पनि हुन सक्तैन । विचार, कार्यशैली र क्रियाशीलताको प्रतिस्पर्धाबाट समयले नेतृत्व जन्माउँछ । महा-समितिमा सहभागी र अन्य हितैषी एवं श्रोताहरूलाई सभापतिको सो नेतृत्वसम्बन्धी अभिव्यक्ति सुपाच्य नभएको अनुभव धेरै कार्यकर्ताहरूको भएको टिप्पणी धेरैको सुनिँदैछ । अस्वस्थकर गुटबन्दीले पार्टी सङ्गठन ध्वस्त भइरहेको वर्तमान अवस्थामा त्यस्तो गुट-बन्दीको बीजारोपण हुने त्यस प्रकारको अभिव्यक्तिले आग्रह र अनुग्रहको आभास दिन्छ, जो प्रजातन्त्रको स्वस्थ प्रतिस्पर्धालाई कुण्ठित पार्दछ । त्यसैले प्रजातन्त्रमा नेतृत्वको उत्तराधिकारको कुरो उचित हुँदैन ।

# हाम्रो स्वास्थ्य सेवा

१७ कार्तिक २०५४

मानिसलाई दुःख दिने सामान्यतः तीनोटा शत्रु–अज्ञान, रोग र गरीबी–छन् । यी तीनमध्ये दोस्रो रोग चाहिँ ज्यादै मापाको शत्रु हो । जब रोगले आक्रमण गर्दछ मानिस सबै कुराले सम्पन्न भएर पनि अकिञ्चन हुन्छ । तिग्रे-मुङ्ग्रे बलियो-बाङ्गो भएर पनि निरीह, सबैको दयाको पात्र बन्दछ । रोग यस्तो शत्रु हो जसले दुःख मात्र दिँदैन, प्राणैसमेत लिएर छोड्छ । तर रोगको निदान र उपचारको खोजी मानिसले मानव सभ्यताको आरम्भकालदेखि नै गर्दै आएको हो र प्रशस्त निदान प्रक्रिया, उपचार पद्धति र औषधीहरूको विकास मानिसले गरेको छ । तर पनि जब रोग लाग्दछ, मानिस अकिञ्चन, असहाय नै देखिन्छ ।

जन-साधारणको स्वास्थ्योपचारका लागि मुलुकका खास खास ठाउँमा अस्पतालहरू खडा गरिएका छन् । डाक्टर, कम्पाउण्डर, नर्स र निदानका लागि आवश्यक यन्त्र उपकरणको व्यवस्था ती अस्पतालहरूमा हुन्छ भन्ने मानिसले सम्झने नै भए । अनि रोगले ग्रस्त भएपछि अस्पतालको सेवाबाट स्वास्थ्य लाभ, जीवन लाभ गर्ने आशयले मानिस अस्पताल आउँछन् वा ल्याइन्छन् । काल (मृत्यु)लाई टार्न त कसैले पनि सक्तैन । तैपनि रोगीको रोगको उपचार सम्बन्धमा मानिस मात्रले चिकित्सा केन्द्रबाट अपेक्षा गरिने कुरा स्वस्थकर वातावरण, रोगीप्रति चिकित्सक एवं परिचारक, परिचारिकाको बिरामीलाई विश्वास पार्ने किसिमको सौहार्दपूर्ण एवं भद्र व्यवहार हुन् । व्यवहारले विश्वास जगाउँछ, विश्वासले आशा पलाउँछ, आशाले इच्छा शक्ति बढाउँछ, इच्छा शक्तिले मानिसलाई औषधीको भन्दा गुणकारी लाभ स्वास्थ्यमा गराउँछ । तर हाम्रा

अस्पतालहरूमा यी कुराको अभाव भएको गुनासो बिरामी र तिनका सहचर एवं सहकारहरूले गर्ने गरेका छन् ।

अस्पतालको चोटा कोठाको फोहरमैला, चिकित्सक, परिचारकहरूको रूखो बोली-व्यवहार एवं पक्षपातपूर्ण दृष्टि, औषधी र साधनहरूको दुर्लभताले अस्पतालप्रतिको सद्-भावनालाई चोट पुऱ्याउँछन् । त्यसमाथि चिकित्सकीय सेवाको व्यापारीकरणले चिकित्सक उपर अनास्था उब्जाएको पाइन्छ । चिकित्सकहरूले पीडित मानवताको सेवालाईभन्दा अर्थोपार्जनलाई बढी महत्व दिएमा न सेवा कार्य सन्तोषजनक हुन्छ, न व्यावसायिक उत्तरोत्तर ज्ञान तथा सीपको उत्थान हुन्छ । स्वास्थ्य सेवामा अहम् भूमिका भएका डाक्टर, नर्सहरूको सेवा साँचो अर्थमा मानवीय सेवाको रूपमा विकसित गर्ने, पीडित, मानवताको उद्धार गर्ने दिशातिर अभिमुख भएको विश्वास जनतामा जागृत गराउने कोशिश हुनुपर्‍यो ।

अर्को कुरा, हाम्रा अस्पतालहरू हुनेहरूका निम्ति मात्र हुनु भएन । हिजोआज उपचार ज्यादै महँगो भएको छ । सर्वसाधारणले सामान्य रोग व्याधको पनि उपचार गराउन नसक्ने भई रोग लागेर काल पर्खनु पर्ने भैरहेछ । लोककल्याणकारी शासन व्यवस्थाको आजको जमानामा यस्तो हुनु लज्जास्पद हुन गएको छ । देशकालअनुसारको उपार्जनको इलम रोजगारको अवसर सबैलाई उपलब्ध हुने स्थितिको व्यवस्था गर्न नसकिएसम्म स्वास्थ्योपचारको सेवालाई निःशुल्क बनाउने प्रयत्न हुनु जरुरी छ । नत्र सबैका लागि स्वास्थ्य कोरा नारा मात्र हुन जानेछ । ज्यु धनको सुरक्षाको जिम्मेवारी सरकारकै त हो नि ।

# संविधान र व्यवहार - १

२४ कार्तिक २०५४

कार्तिक २३ गतेलाई संविधान दिवस भनिन्छ । ७ वर्षअघि यही दिन जनताले प्रजातन्त्रका निमित्त लडेको लामो लडाइँ गरेको, त्याग, तपस्या र बलिदान एवं ०४६ को जन आन्दोलनले गरेको युगान्तकारी परिवर्तनपछि राजा, नेपाली काङ्ग्रेस र संयुक्त वाम-मोर्चाको संयुक्त प्रयास एवं सहमतिबाट बनेको संविधान लागू गरिएको घोषणा भएको थियो । वर्तमान प्रजातान्त्रिक संविधान लागू भएको ७ वर्ष पूरा भएर आठौं वर्ष लागेको अवसरमा संविधान र यसको प्रयोगका सम्बन्धमा चर्चा-परिचर्चा आयोजित भएका र तिनमा संविधान निर्माताहरू, संवैधानिक कानूनका ज्ञाताहरू र संविधानलाई व्यवहारमा उतार्ने राजनेताहरू सहभागी भएका समाचारहरू विभिन्न सञ्चार माध्यमबाट आइरहेका छन् । यस्ता चर्चा परिचर्चाहरूमा संविधानका मूल्य र मर्महरू, तिनको व्यवहारमा उपयोग हुँदाका दोष गुणहरूको विवेचना भएका छन् । यस्तो हुनु प्रजातन्त्रको स्वस्थ विकास निमित्त आवश्यक र उपयोगी हुने कुरामा विमति हुन सक्तैन ।

संविधान देशको मूल कानून हो । संविधानका आधारमा संवैधानिक निकायहरू सङ्गठित हुन्छन् र त्यसकै आधारमा तिनले आफ्ना कामहरू गर्दछन् । बितेको सात वर्षमा संविधानको प्रयोग के कसरी भयो र त्यसको नतिजा के भयो त्यसको समीक्षा, मूल्याङ्कन हुनु र गलत दिशातिर गएको भए सच्याउनु जरुरी कुरा नै हो । तर दोष देखाउन सबै पोख्त देखिन्छन्, दोष सुधार्नेमा कसैको जाँगर उठ्दैन भने त्यस्तो समीक्षा मूल्याङ्कनको अर्थ नै के हुन्छ ?



वर्तमान संविधान सर्वोत्तम प्रजातान्त्रिक संविधान हो भन्नेमा सबै एकमत छन् । यो संविधानले जनतालाई राज्य शक्तिको स्रोत मानेको छ । जनताका नैसर्गिक अधिकार-हरूलाई संविधानले प्रत्याभूति दिएको छ । राजसंस्था संवैधानिक बनेको छ । जनताप्रति उत्तरदायी सरकार निर्वाचित जनप्रतिनिधिहरूबाट बन्दछ । जनताले चुनेका मानिसहरूको प्रतिनिधि सभा छ, जसले ऐन कानून बनाउनुको साथै सरकारलाई नीति निर्देशन दिने काम गर्दछ । स्वतन्त्र न्यायपालिकाको स्थापना गरिएको छ । यी सब कुरा देशमा शान्ति सुव्यवस्था स्थापित गर्ने, जनताको जीवनस्तर उठाउन, देशमा भएका शोषण, अन्याय, अत्याचार, भ्रष्टाचार, अनाचार मेटाउन भएका हुन् । परन्तु बीउ जोगाउन बारेको बारले नै बीउ खायो भनेझैं जनताको सेवा गर्न बनेका दलहरू जनतालाई शोषण गर्ने, जनताको नाममा जनतामाथि अन्याय, अत्याचार गर्ने भए, सरकारले शान्ति व्यवस्था राख्न सकेन । जनताका निर्वाचित प्रतिनिधिहरू नै भ्रष्टाचार, अनाचारमा लिप्त भए । देशमा अन्योल, अराजकता र अस्थिरता बढ्दै गयो, जनता त्राहित्राहि भए । परिवर्तन-पछि बितेको ७ वर्षको अनुभव जनताले यस्तै गर्नुपरेको छ । त्यसैले मानिसका मनमा प्रजातन्त्र नै अभिशाप त होइन ? भन्ने भान पर्नु अस्वाभाविक होइन ।

औजार स्वयंमा न असल हुन्छ, न त खराब नै । जुन कामका लागि बन्दछ त्यसैमा प्रयोग भएमा त्यसले असल गर्दछ, अर्कै काममा उपयोग भएमा त्यसको परिणाम राम्रो हुने कुरै भएन । त्यस्तै आम जनताको हित गर्न बनेको संविधान दलहरूले आफ्नो दलीय हित वा व्यक्ति विशेषको शुभ लाभ निम्ति प्रयोग गरिन थालेपछि त्यसको परिणाम अहिले जे भोगिएको छ त्योभन्दा फरक कसरी हुने ? त्यसैले यो संविधानको प्रयोग राजनीतिक दलहरूले र तिनका नेताहरूले आफ्नो र दलको हित साध्न गरेका छन् र प्रजातन्त्रको दुष्परिणाम भइरहेको छ । यो कुरालाई अरूले होइन, स्वयं सबै राज-नेताहरूले पनि सार्वजनिक रूपमा स्वीकारेका छन् । परन्तु कुनै नेता वा दल आफूलाई सुधार्न प्रयत्नशील देखिँदैन । यो नै आज सबैभन्दा ठूलो चिन्ताको विषय भएको छ ।

# संविधान र व्यवहार - २

२५ कार्तिक २०५४

आज मुलुकमा विद्यमान अन्योल, अराजकता र अस्थिरता संविधान संरक्षणको नाममा संविधानको मर्यादा पालनको नाममा आफ्नो अनुकूल व्याख्या गर्ने, आफ्नो अनुकूल उपयोग गर्ने यसको प्रयोगकर्ताहरूबाट हुन गएका कारण भएको हो भन्ने कुरा सर्व स्वीकृत भइसकेको छ । संविधान प्रयोगको ७ वर्षको अन्तरालमा संविधानलाई व्यवहारमा ल्याउने काम नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र राप्रपा यी तीन दलहरूले गरिहेका छन् । नेकपा एमाले र राप्रपासँगै नेपाली काङ्ग्रेस पनि संविधानको दुरुपयोग गर्ने दोषको भागी हुनु, अझ यो अवधिमा कहिले एक्लै र कहिले संयुक्त रूपमा सबैभन्दा बढी सत्तासीन भएको कारण नेपाली काङ्ग्रेसको हिस्सामा बढी दोष जानु, बढी चिन्ता र दुःखको विषय भएको छ । दुःख र चिन्ता यस निम्ति कि नेकपा एमाले प्रजातन्त्रप्रति

प्रतिबद्ध पार्टी होइन, त्यस्तै राप्रपा राजनीतिक दलको रूपमा स्थापित भइनसकेको भनिएको अवस्थामा उनीहरूबाट संविधानका मर्यादाहरूको उल्लङ्घन हुनु अनौठो होइन । किन्तु नेपाली काङ्ग्रेस, जसले प्रजातन्त्रको साधनामा आधा शताब्दी गुजार्‍यो, जसको जन्म नै प्रजातन्त्रको स्थापनाका लागि भयो र जसले आन्दोलन गरेर दुईवटा निरङ्कुश व्यवस्थालाई धरासायी बनायो, संवैधानिक मर्यादा भङ्ग गर्नेमा गणना हुनु कति अनौठो कुरा होला ? त्यसैले प्रजातन्त्रमा आस्था राख्नेहरूका लागि यो कुरा ज्यादै पीडादायी हुन गएको छ ।

गिरिजाप्रसाद, कृष्णप्रसाद, मनमोहन जस्ता खारिएका भनेर मानिएका वयोवृद्ध नेताहरू संविधानको व्यवहारमा चुकेको बाटो हिँड्ने साधारणभन्दा साधारण मान्छेले पनि चाल पायो भने नेताहरूको नेतृत्व क्षमतामा नै प्रश्न चिह्न लाग्यो । वैकल्पिक बाटाहरूको अवलम्बन नगरी गिरिजाले मध्यावधि गराउनु, भट्टराई र मनमोहन मिलेर राजाको विशेषाधिकारको प्रयोगको माग गर्नु र आफ्नाविरुद्ध अविश्वास प्रस्ताव दर्ता भइसकेपछि संसद विघटन गराएर अदालतको फैसलाबाट विघटित प्रतिनिधिसभालाई पुनस्थापित भएकोलाई एमालेले संविधानको अपव्याख्या भयो भन्नु संविधानसम्मत कुरा होइनन् । यस्ता पाका पुराना नेताहरू यसरी स्वार्थमा लुटपुटिएर आफ्नो हैसियतको ख्याल गर्दैनन् भने राप्रपाका सांसदहरू नैतिक भएनन् भनेर गुनासो गर्नु व्यर्थ हो । यसो भनेर उनीहरूले गरेको कुरा ठीक भन्न खोजेको हैन । नेताहरूले स्वार्थान्ध भएर जे गरे त्यसले विकृति र विसङ्गति ल्यायो । समाज भाँडियो, अदव रहेन । विधि व्यवस्था, विधान र त्यसका प्रयोक्ता राजनीतिक दल एवं नेता कोही कसैमा पनि जनताको विश्वास रहेन । समाज विश्वासका आधारमा टिकेको हो । यसरी विश्वासको धरातल नै भासिएपछि समाज कसरी चल्दछ ? चिन्ताको विषय बनेको छ ।

# राप्रपा महाधिवेशन

२७ कार्तिक २०५४

राष्ट्रिय प्रजातन्त्र पार्टीको महाधिवेशन आजदेखि वीरगञ्जमा भइरहेछ । यो उसको दोस्रो महाधिवेशन हो ।

राप्रपा बहुदलीय प्रजातन्त्र पुनस्थापना भएपछि पूर्व पञ्चहरूले बनाएको दल हो । जन्मदा एउटै नाम लिएर दुइटा राप्रपा जन्मेका थिए । पहिलो महाधिवेशनमा यी मिसिएर एउटै भए । मिसिँदा यिनीहरूको तन मात्र मिसिएको थियो, मन मिल्न सकेको थिएन । यो कुरा उनीहरूको साङ्गठनिक ढाँचाले देखाइरहेको थियो । पार्टी अध्यक्ष सूर्यबहादुर थापा, सह-अध्यक्ष राजेश्वर देवकोटा, पार्टी नेता लोकेन्द्रबहादुर चन्द, ३ जना उपाध्यक्ष र ३ जना महामन्त्री बनेका थिए । साङ्गठनिक संरचना जे जस्तो भए पनि एउटै भएर मध्यावधि निर्वाचनमा जाँदा उसको तालुमा आलु फलेकै हो । तर दोस्रो महाधिवेशनको समयमा राप्रपा पूर्वस्थितिमा प्रत्यावर्तित भएको छ । औपचारिक रूपमा घोषणा नभएको भए पनि नेता लोकेन्द्रबहादुर चन्द महाधिवेशनमा नजानुले पुरानो स्थितिमा फर्केको पुष्टि भएको छ । दलत्यागको सूचनासम्बन्धी कानूनको प्रयोगात्मक असर के कस्तो हुने हो भन्ने कुराले सो चन्द समूहले द्वैध भूमिका खेल्दै गरेको देखिएको छ ।



राप्रपा पूर्व पञ्चहरूको पार्टी हो । यो पार्टीलाई हेर्ने दृष्टि समाजमा फरक फरक भएको पाइन्छ । पूर्व पञ्चहरूको सङ्गठन प्रतिगामी नै हुन्छ, उसको लक्ष्य, उद्देश्य निर्दलीय पञ्चायतलाई पुनः ब्युँताउने नै हुनु पर्छ भन्ने एकथरी छन् भने पञ्चायत त ढल्यो ढल्यो, पञ्चहरू यो देशका नागरिक हुन् र उनीहरूले बहुदलीय व्यवस्था र त्यसको संविधान स्वीकार गरेर सङ्गठित हुन्छन् भने नकारात्मक सोच गर्नु हुँदैन भन्ने अर्काथरी छन् । मध्यावधि निर्वाचनबाट संसदको जो संरचना बन्यो र राप्रपाले जो स्थान पायो त्यसको उपयोग गर्दा केहीलाई छोडेर यसका अधिकांश सांसदहरूले दलीय चरित्र देखाएनन् । सैद्धान्तिक नभएर सत्ता, स्रोत र शक्तिको वैयक्तिक बाँडी चुँडीमा अभ्यस्त व्यक्तिको जमात नै पूर्व पञ्चहरू हुन् र तिनको दल राप्रपाको वीरगञ्जमा भइरहेको महाधिवेशन निर्विवाद नभए पनि जसरी छरपष्ट भएर फुट्छ भन्ने अड्कल मानिसहरूको थियो, सो भएन । चन्दले बहिष्कार गरेको भने पनि सो समूहका वरिष्ठ नेता सहअध्यक्ष राजेश्वर देवकोटा अध्यक्ष पदका प्रत्यासी हुनुले अहिलेसम्म राप्रपा एउटा छ, दुइटा नभएको देखिएको छ । अहिले नफुटेको अधिवेशनपछि फुट्ला र थापा अप्ठचारोमा पर्छन् भन्ने कुरा युक्तिसङ्गत हुँदैन । त्यसैले थापा पक्ष सबल भएको देखिएको छ ।

प्रजातन्त्रका आदर्श, मूल्य र मान्यता एवं संविधानलाई शिरोधार्य गरी शान्तिपूर्ण ढङ्गले काम गर्ने अवसर प्रजातन्त्रले सबैलाई प्रदान गरेको छ । पहिले को के थियो भनेर नाटीकुटी गर्नु, दुत्कार्नु कसैलाई पनि हुँदैन । राप्रपाका केही मानिसको विचार दूषित हुन सक्तछ, पार्टीको रूपमा राप्रपा दूषित होइन । ऊ नफुटोस्, सबल बनोस् र मुलुकको राजनीतिमा सकारात्मक भूमिका निर्वाह गर्न समर्थ होस्, यसमा कसैलाई पनि आपत्ति हुनु हुँदैन । यही विचारले हामी राप्रपाको वीरगञ्ज अधिवेशनको सफलताको कामना गर्दछौं ।

# वीर अस्पतालको व्यथा

२८ कार्तिक २०५४

मुलुकभरिको साधन सम्पन्न जेठो अस्पताल राजधानीको वीर अस्पताल ६/७ दिनदेखि बन्दछ । यहाँ प्रतिदिन उपचार गर्न आउने दुई हजार-पच्चीस सय बिरामी/रोगीहरू चिकित्सकको सेवाबाट वञ्चित हुन विवश भएका छन् ।

यो बन्द, समाचारअनुसार, त्यहाँका चिकित्सक र स्वास्थ्यकर्मीहरूले गरेका हुन् । उनीहरूले यो घातक कदम त्यहाँको आकस्मिक कक्षका चिकित्सकसँग एकजना व्यक्तिले अभद्र व्यवहार गरे, धम्काए भनेर त्यसको विरोधमा गरेको थाहा भएको छ ।

अभद्रता जसले गरे पनि अभद्रता नै हुन्छ तर भद्र भनिएका मानिएका व्यक्तिबाट अभद्रता हुन्छ भने त्यो आँतलाई छुने नै हुन्छ । यहाँ अभद्रता प्रदर्शित गर्ने व्यक्ति राजपरिषद्का सदस्य रहेछन् । सम्भवतः त्यो अशिष्टता त्यही राजपरिषद्को सदस्यताको स्वाभिमानको कारण पैदा भएको हुन सक्छ, अथवा वैयक्तिक स्वभावको उज्जण्डताको पनि हुन सक्तछ । त्यस्तो उज्जण्डता या अशिष्टता कसैको पनि निन्दनीय हुनुपर्छ, हुन्छ ।

तर डाक्टर डाक्टर हो । उसबाट अभद्रता हुनु हुँदैन । विद्या अर्थात् ज्ञान आर्जेर गर्ने मानिस डाक्टर हुने हो । जसले ज्ञान प्राप्त गर्दछ, ऊ अज्ञानी हुनु हुँदैन । उसमा

विनय हुनु पर्दछ । त्यसमा पनि बिरामी हेर्ने डाक्टर भनेपछि ऊ अझ सहृदयी हुनुपर्दछ । सहृदयी नभई बिरामीको उपचार हुनै सक्तैन । सहिष्णुता चिकित्सकमा हुनै पर्दछ । एक व्यक्तिसँगको क्रोध जीवनको आशा लिएर आउने हजारौं बिरामीहरूमाथि पोख्नु चिकित्सक-हरूलाई सुहाउने कुरा होइन । जसलाई जुन कुरा सुहाउँदैन उसले सो कुरा गर्नु अभद्रता नै हो । न्यायको दृष्टिले भन्ने हो भने अस्पताल बन्द गरेर चिकित्सकहरू देश, समाज र आफ्नो पेशाप्रति नै अभद्रता गरिरहेका छैनन् ? भन्ने अहम् प्रश्न उठ्दछ ।

एउटा व्यक्ति जो अस्पतालमा जान्छ आफ्नो अभद्रता प्रदर्शित गर्न गएको हुँदैन । उसले चाहेको कुरा पायो भने ऊ अभद्र बन्न सक्तैन । उसलाई अभद्रताको स्थितिमा पुऱ्याउने चिकित्सकको व्यवहार नै हुनु पर्दछ । केही अपवाद पनि होला तर यहाँका अधिकांश चिकित्सकहरूलाई आफ्नो ज्ञानको घमण्ड छ । उनीहरू आफूलाई महाप्रभु नै ठानिरहेका हुन्छन्, उनीहरू चाहन्छन् समाजले उनीहरूलाई मानोस्, पूजा गरोस् । महत्ता हरेकको हुन्छ, अस्पतालमा किसानको काम नभए जस्तै खेती किसानमा डाक्टरको पनि काम हुँदैन । त्यसैले सबैले सबैको सम्मान गर्न जान्नु पर्दछ, सक्नु पर्दछ ।

प्रजातन्त्रको पुनस्थापनापछि देशमा प्रजातन्त्रको नाममा एक प्रकारको अराजकताको रेविज फैलिएको छ । झन्, यी वर्गीय र व्यावसायिक सङ्गठनहरू अलिकति केही भइहाल्यो कि बन्दको धमास दिइहाल्छन् । 'बन्द'को पनि बेला हुन्छ, विधि हुन्छ, र विधान हुन्छ । विषय, विधि, विधान केही नपुऱ्याई 'बन्द' गर्नु अन्याय हो, अत्याचार हो, अनैतिक हो । सबैले त्यसै गरिरहेका छन् । तर अरूले गर्नु एउटा कुरा हो, अस्पतालका डाक्टरले गर्नु अर्को कुरा हो । डाक्टरहरूको यो कदमको कुनै औचित्य खोजी मरे भेटिन्न, तैपनि भइरहेको छ । थिति बाँध्नु पर्ने, बसाल्नु पर्ने सरकारले हो, सरकारै लाचार छ । प्रजातन्त्रको नाममा मनपरी तन्त्र, भीडतन्त्र चलिरहेछ ।

# भ्रष्टाचारको भण्डाफोर

४ वैशाख २०५६

गएको चैत २६ गते नेकपा एमालेले राजधानीको टुँडिखेलको खुलामञ्चमा आयोजित एक आमसभामा कामरेड नेता प्रदीप नेपालले भ्रष्टाचारीहरूको नाम घोषणा गर्नुभयो । ती घोषित नामहरू कर्मचारीका मात्र छैनन्, राजनीतिक नेता, कार्यकर्ता, उद्योगी, व्यापारीका पनि छन् । तिनमा नेकपा माले र काङ्ग्रेस परेका छन् । नेकपा माले यसबाट निकै तिलमिलाएको छ र व्यक्तिगत रूपमा उद्योगी र व्यापारीको प्रतिक्रिया सार्वजनिक भैसकेको छ र कतिपयले गाली बेइज्जतीमा अदालतको ढोका खट्खटाउन पुगिसकेको सूचना पनि आइसकेको छ ।

भ्रष्टाचार महारोगको रूपमा महामारी जस्तै शिर पुच्छर जहाँतहीं मुलुकभरि फैलिएको छ । अहिलेको स्थितिमा के भ्रष्टाचार होइन र को भ्रष्टाचारी होइन खोजी पस्दा भेटाउन गाह्रो छ । आर्थिक अनियमितता मात्रलाई नेकपा एमालेले भण्डाफोर गरेको छ । आर्थिक मात्र होइन, जुनसुकै पनि भ्रष्टाचार हुन्छ । कानून हातमा लिनु, कानून कार्यान्वित हुन नदिनु, भीडतन्त्र लाद्नु, डर त्रास प्रलोभनलाई राजनीतिमा हुल्नु कम भ्रष्टाचार होइन । यतातिर नेकपा एमालेले दृष्टि दिएको देखिएन ।



भ्रष्टाचार खराब कुरा हो, गैरकानूनी कुरा हो र अपराध हो । अपराधी खुटचाउनु, अपराधी चिनाउनु न्यायको पक्षको काम हो, राम्रो कुरा हो । अहिले भ्रष्टाचारले हरेकलाई पिरलेको छ, पोलेको छ । सबै कराइरहेका छन् । भ्रष्टाचार दण्डनीय अपराध हो भन्ने कुरा पनि ऐन कानूनले स्पष्ट पारेको छ र अपराधी खोज्ने, फेला पार्ने र त्यसलाई अदालतमा पुऱ्याएर अदालतबाट दण्ड दिलाउने काम सरकारको हो । भ्रष्टाचारीको भण्डाफोर गर्दा निश्चित रूपमा सरकारलाई मद्दत, सहयोग हुन्छ । तर यस्तो काम शुद्ध मनशायबाट गरिएको हुनुपऱ्यो । इवी साध्न, बदनाम गर्न सस्तो लोकप्रियता हासिल गर्न मनगढन्ते ढङ्गले गरिएको भण्डाफोर, झण्डाफोर होइन । बितेका १० वर्षमा नेकपा एमालेले एक्लै र अरूसँग मिलेर १५ महिना जति शासन गऱ्यो । त्यो बेला पनि प्रशस्त अनियमितता नभएका थिएनन् । प्रतिपक्षमा पनि प्रमुख प्रतिपक्षमा रहेको नेकपा एमालेको मुलुकको सुशासन सुसञ्चालनमा अहम् भूमिका हुन्छ । ऊ पहरेदार हो, उसले भए गरेका गल्तीहरूलाई तत्काल देखाई दिनु उसको दायित्व हो, कर्तव्य हो । सांसदले पेन्सन लिने कुरा, भन्सार छुट लिने कुरा, क्षेत्रको विकास सहायताको नाममा ५ लाख प्रतिवर्ष लिने कुरा, उपचारको नाममा लाखौं रुपैयाँ राज्यकोषबाट लिने कुरा, सरासर लुट हो । विधायकलाई यो लुट गर्न जनताले चुनेको होइन । यसबारे नेकपा एमाले चुपचाप छ, उसको भण्डाफोरमा यस्ता कुरा आएका छैनन् ।

यस्तै नेकपा एमालेको ९ महिने शासनकालमा राजस्वबाट प्रशस्त अनियमित खर्च भएका कुरा रिकर्डहरूले बताइरहेका छन् । विदेशी विनिमयको अन्धाधुन्ध अपव्यय गराइएको देखिएको छ, करोडौं करोड विदेशी मुद्रा अपचलन गरेको अभियोगमा थुनिएका अभियुक्तलाई मुक्त गरिएको छ, अदालतले अपराधी ठहऱ्याएर जन्मकैद पाएका सयौं मानिसलाई सरकारको सानो निर्णयले मुक्त गरिएको छ । यी यस्ता कामहरू हुन् जसले सरासर मुलुकको ऐन कानूनको उल्लङ्घन गरेको स्पष्ट छ, यिनले राजनीतिलाई अपराधीकरण गरेका छन् । अपराधको राजनीतिकरण हुन गएको छ । सरकारमा बस्नेले दलको नाममा जे गरे पनि हुन्छ भन्ने हो र प्रजातन्त्र भनेको यही हो भन्ने हो भने यसका लागि जनताले आन्दोलन गरेका होइनन् । प्रजातन्त्र विधिको शासन हो, हरेक काम कुरा विधानअनुसार हुन्छ भनेर प्रजातन्त्र पुनस्थापनाका लागि जनताले सङ्घर्ष गरेका हुन्, रगत बगाएका हुन् । एउटै कुरा अरूले गरे दोष हुने अपराध हुने आफूले गरे त्यही राम्रो, शुद्ध, पवित्र, जनताको काम हुने भन्ने कुरा एकतन्त्री अधिनायकवादमा मात्र हुन सक्ला, प्रजातन्त्रमा हुन सक्दैन । प्रजातन्त्र भीडको शासन पनि होइन । त्यसैले एकलकाँटे विचार समाजलाई वाञ्छनीय देखिँदैन ।

भ्रष्टाचार अहिले छरपष्ट भएर उदाङ्गिएको छ र यसले के देखाइरहेको छ भने भ्रष्टाचार जगबाट धुरी चढेको होइन, धुरीबाट जगमा ओर्लिएको हो । दण्ड व्यवस्थालाई कमजोर पार्ने निमुखाले न्याय नपाउने र न्याय व्यवस्था भङ्ग गर्ने काम यही भ्रष्टाचारका कारण भैरहेको छ । मन लागेको गर्ने, बोल्ने कुराले सर्वथा अराजकता प्रदर्शित गर्दछन् । त्यसैले यस्ता कुरालाई सरकारले उपेक्षा गर्नु हुँदैन । त्यसमा पनि भ्रष्टाचारलाई नियन्त्रण गर्छु भनेर कबूल गर्ने सरकारले अहिले सञ्चारमाध्यमहरूमा छरिएका सूचना-हरूको आधारमा अभिलेखहरू केलाएर प्रचलित कानूनविपरीत अनियमित काम गरेर अनुचित लाभ लिनेलाई चाहे त्यो जो सुकै व्यक्ति विशेषले गरेको होस् या दल विशेषले गरेको होस् भ्रष्टाचार हो, दण्डनीय अपराध हो, तुरन्त कारवाही गर्नु पर्दछ । विगत १०

वर्षका यस्ता अनियमित आर्थिक एवं अरू गैरकानूनी कामहरू छानबिन गरेर दोषीलाई दण्ड दिने कामका निमित्त अधिकार सम्पन्न आयोग गठन गरेर एउटा निश्चित समय-भित्र छानबिनको प्रतिवेदन सार्वजनिक गर्ने र दोषीलाई ऐन बमोजिम दण्ड दिने काम सरकारले गराउन हिम्मत गर्नु पर्दछ । नत्र सरकारको यस्ता वाचा कबूल र नेकपा एमाले वा नेपाल तरूण दलको ढचाङ्ग्रो ठटाइले भ्रष्टाचार तर्सिंदैन । कुकुर भुक्दै गर्छ, हात्ती लस्कँदै गर्छ, भन्ने उक्ति चरितार्थ हुन्छ । भ्रष्टाचारको नियन्त्रण जरुरी छ । स्वेच्छाचार स्वतन्त्रता होइन । भ्रष्टाचार भण्डाफोर गरेर मात्र हट्दैन, प्रमाणित गराई दण्डित गराउन सक्नुपर्छ । दलको नाममा भनौं या खोलमा व्यक्तिले भ्रष्टाचार गरिरहेछ । यसको नियन्त्रण तदारुकतासाथ हुन जरुरी भैसकेको छ । लहरो तान्दा पहरो घर्कन्छ भन्ने भयले मुकरिनु हुँदैन, पर्याप्त साहस, इच्छा शक्ति र प्रतिबद्धता देशमा सुशासन दिन, थिति बसाउन चाहिएको छ ।

# नागरिक चेतनाको अभाव

१६ वैशाख २०५६

हामीकहाँ कतिपय यस्ता समस्याहरू छन्, जो नागरिकहरूमा हुनै पर्ने चेतना नभैदिनाले उत्पन्न भएका छन् । एक व्यक्तिको नागरिक चेतनाको कमी या लापर्वाहीले समाजको सम्पूर्ण वृत्तलाई प्रभावित पार्दछ भने सम्पूर्ण समाज नै नागरिक चेतनाको अभावले ग्रस्त छ भने त्यो समाजको स्थिति कस्तो होला हाम्रो अनुमान-सामर्थ्यको सीमाभित्र शायद त्यो छैन कि ? यो कुराको पुष्टि तलका दुई उदाहरणले पर्याप्त रूपमा गर्दछन् होला ।

### विद्युत महसुलको कुरा

गएको बिहीबारको अङ्कमा *दैनिक जनमत*ले मुख्य समाचार बनाएर 'महसुल नतिर्नेको लाइन काट्न शुरु' शीर्षकमा समाचार छापेको छ । नेपाल विद्युत प्राधिकरणको पोखरामा मात्र रु. ४ करोडभन्दा बढी महसुल उठ्न बाँकी छ । यस्तै अधिराज्यभरिकै उठ्न बाँकी रकमको आँकडा पनि केही दिन पहिले छापाहरूमा आएको थियो । त्यो रकम जसरी यहाँ ४ करोडभन्दा ज्यादा छ, त्यो देशभरिमा ४ अर्बभन्दा बढी हुन नसक्ने कुरै भएन । यो बक्यौता १ महिना या १ वर्षको मात्र होइन, वर्षौं वर्षको थुप्रिएको थुप्रो हो । र यो सर्वसाधारण नागरिकको नभएर सरकारी कार्यालय, मन्त्री र अधिकारीका निवासहरू र स्थानीय निकायहरूले तिर्नु पर्ने नतिरेर बाँकी रहेको हो । श्री ५ को सरकार तथा स्थानीय निकायहरूका अतिरिक्त, औद्योगिक एवं व्यावसायिक प्रतिष्ठान, होटेल, लज, इत्यादि महसुल नतिर्नेमा छन् ।

यत्रो बक्यौता किन र कसरी रह्यो ? तिर्नेले तिर्नु पर्दथ्यो र उठाउनेले उठाउनु पर्दथ्यो । तिर्नेले पनि तिरेन, उठाउनु पर्नेले पनि उठाउने काम समयमा नियमानुसार गरेन । दुवैथरी अनुत्तरदायी हुन् । विद्युत प्राधिकरण आज आएर लाइन काट्दछ र पहिलेको भुक्तानी नभएसम्म लाइन जडान नगर्ने भन्दछ । उसको नियममा त्यस्तै छ रे । हिजो एउटाको जिम्मेदारी थियो, उसले आफ्नो जिम्मेदारी पुरा गरेन । आज त्यो ठाउँमा अर्कै आयो उसलाई बत्ती नभै भएन । उसले माग गऱ्यो आफ्नो जिम्मेदारीमा । विद्युत



प्राधिकरण हुँदैन, पहिलो पैसा असूल नभै लाइन दिन मिल्दैन भन्दछ । यो त अनौठो न्याय भयो; बाखाले बिठिईं गर्छ, भेडाको कान काट्ने । महसुल तिर्ने र महसुल उठाउने विद्युत प्राधिकरणका ग्राहक र कर्मचारी दुवैथरीले समयमा गर्ने काम नगरेर बहाल रहेका ऐन-नियमको अवज्ञा गरे उल्लङ्घन गरे, ती **दण्डित** अहिलेसम्म भएका छैनन् । दण्डित हुनुपर्ने दण्डित पनि नहुने, बक्यौता बढ्दै पनि जाने हो भने, भोलि सर्वसाधारण जनताले पनि किन तिर्ने ? यो बेथिति हो । थिति बाँध्ने बसाल्नेहरूबाटै बेथिति हुन्छ भने अरू साधारण जनता थितिमा किन बस्ने, थितिलाई किन मान्ने भन्ने प्रश्न सहज रूपमा उठ्दछ । यो नागरिक चेतनाको अभावको एक नमुना हो ।

### फोहरमैलाको कुरा

हिजोआज नगरहरूमा फोहरमैला विकराल समस्या बनिरहेछ । काठमाडौं महानगर-पालिका फोहरमैला र वातावरण प्रदूषणको समस्याले ग्रस्त छ । पोखरा उपमहानगरमा पनि फोहर कहाँ तह लगाउने भन्ने समस्या जटिलबाट झन् झन् जटिल हुँदै जाँदो छ । यो समस्या जनता र स्थानीय निकायका अधिकारीमा नागरिक चेतनाको अभावको समस्या हो । काठमाडौं र पोखरामा जो समस्या छ त्यो अरू नगरहरूमा नभएको होइन, अझ चर्को हुन सक्छ । विराटनगर, वीरगञ्ज, नेपालगञ्ज, सिद्धार्थनगर, जनकपुर आदि नगरमा फोहरमैला छ र त्यहाँ पनि समस्या आज भै नसकेको भए भोलि बन्दछ । यो निश्चित कुरा हो । नगरका नागरिकले र नगरका अधिकारीले आफूमा नागरिक चेतनाको विकास गर्ने हो भने फोहरमैला कुनै ठूलो समस्या होइन । अक्कल-बुद्धि भए फ्याँकिने र फ्याँकिएका कारणले फोहर भएर समस्या बनेको फोहरमैलाबाट फायदा लिने र आफ्नो शहरलाई सफा सुग्घर राख्न सकिन्छ भन्ने कुरा हामीले विकसित मुलुकहरूबाट सिक्नु पर्दछ । अहिले त हाम्रो स्थिति 'गाँजे माजे गोर्खा राजे' भने जस्तो छ ।

नगरवासीले गरेर नै नगरमा फोहरमैला हुने हो । फोहरमैलाबारे प्रत्येक नागरिकको कर्तव्य पनि हुन्छ । नगरवासी आफ्नो नगर स्वच्छ, स्वस्थ सफा हुनुपर्छ भन्ने अधिकारको दाबा गर्दछ भने त्यो अधिकार लिएबापत केही कर्तव्य पनि चुकाउनु पर्छ भन्ने बोध उसलाई हुनुपर्दछ । हामीले उपयोगमा नआउने भनेर फ्याँक्ने वस्तु पनि व्यवस्थित गरेर राख्यो भने उपयोगमा ल्याउन सकिन्छ । कागज प्लाष्टिकका सामान काँच इत्यादिको रिसाइक्लिङ्ग हुन्छ अर्थात् तीबाट फेरि चीजबीज बनाउन सकिन्छ । त्यस्तै जैविक पदार्थहरू जो सड्ने-गल्ने र गनाउने हुन्छन् तीबाट पनि मल बनाउने काम लिन सकिन्छ । स्थानीय निकायहरूले यसबारे नागरिकहरूलाई सचेत गराउन त्यससम्बन्धी साहित्यको प्रचार प्रसार गर्ने, फोहरमैलाको व्यवस्थापनबारे दीर्घकालीन नीति बनाउने, कार्यक्रम चलाउने गर्नुपर्दछ । आफू फोहर गर्ने र त्यो सफा गर्न अरूसँग हात थाप्ने र प्राप्त अनुदान ऋण सहयोगमा आँखा गाड्ने, राल काढ्ने गरेर सारा कुरा बिग्रिरहेको छ ।

आजको समस्या भनेको नागरिक चेतनाको अभाव र व्यवस्थापकीय ज्ञानको कमी हो । नागरिक सचेत हुने हो भने, नागरिकमा अधिकारका साथै कर्तव्यको चेतना भए व्यवस्थापकीय सीप र दक्षताको विकास पनि समयले ल्याउँछ । हामी आफ्नो सामाजिक दायित्वप्रति इमानदार हुने हो भने यहाँ बेथितिको ठाउँमा थिति बसाउन सकिन्छ र आजका तमाम विकृति र विसङ्गतिलाई निर्मूल पार्न धेरै समय लाग्ने छैन ।

# २५४३ औं बुद्ध जयन्तीमा

१८ वैशाख २०५६

कपिलवस्तु हिजोआज नेपालको एउटा प्रशासनिक जिल्ला छ । २५ सय वर्षअघि त्यो शाक्यवंशी राजाहरूको राज्य थियो । शाक्यवंशी राजा शुद्धोदनबाट २५४३ वर्षपहिले वैशाख पूर्णिमाका दिन रानी मायादेवीले एउटा बालकलाई जन्म दिइन् । ती बालकको नाम गौतम राखियो । तिनै गौतम सांसारिक प्रपञ्च क्षणिक र दुःखमय देखेर विरक्तिएर राजसी वैभव र सुखसयल त्यागेर सत्यको खोजीमा परिब्राजक बने । वर्षौंको साधना, त्याग र तपस्याबाट एकेदिन गयामा एउटा पीपलको वृक्षमुनि त्यही वैशाख पूर्णिमाका दिन राजकुमार गौतमले ज्ञानको प्रकाश देखे । त्यसलाई उनले आत्मसात गरे । यो घटनाले उनलाई सिद्धार्थ बनायो । उनले प्राप्त गरेको ज्ञानको प्रकाशलाई उनले देश विदेश छर्दै गए । उनको शिक्षाबाट प्रभावित हुने र त्यो ग्रहण गर्नेहरूले उनको शिक्षालाई धर्मको रूपमा लिए । उनको शिक्षा मानिसको दैनन्दिन जीवनमा अपनाउनु पर्ने, अभ्यास गर्नुपर्ने मानवतावादी आचार थियो । यो तत्काल प्रचलित धर्म परम्पराको प्रतिकूल थियो । वासना, भक्ति, निष्ठा र विश्वास आदि भावनात्मक र व्यावहारिक कुराहरूलाई आफ्नो विवेक बुद्धिले जाँचेर मात्र व्यवहार गर्नुपर्ने, शास्त्रले या मान्यजनहरूले भनेको भनेर अविकल मान्ने गर्न नहुने उनका उपदेशको यथार्थ सार थियो । यसरी गौतमले बुद्धिलाई प्रधानता दिएकोले उनी बुद्ध बने । बुद्धका अनुयायीहरूले बुद्धलाई भगवान् माने । बुद्धको मत बौद्ध धर्म बन्यो ।

बौद्ध मतलाई गौतम बुद्धका अनुयायीहरूले गौतमको जीवनकालमा नै धर्मको रूपमा ग्रहण गर्न थालेका थिए । गौतम बुद्धको करिब तीनसय वर्षपछि सम्राट अशोकले आफ्नो साम्राज्यभरि मात्र नभएर आफ्नो साम्राज्य सीमाबाहिर पनि बौद्धमत धर्मका रूपमा फैलाउने काम गरे । तत्कालीन हिन्दू समाजले बौद्ध धर्मलाई हिन्दू धर्मअन्तर्गतकै एउटा सम्प्रदाय र बुद्धलाई भगवानको अवतार भनेर मान्न थाले । बुद्ध धर्म तिब्बत, चीन, श्रीलङ्का, जापान आदि मुलुकमा त्यही कालमा पुगिसकेको हो । हिजोआज यो धर्म संसारभर नै फैलिएको छ ।

बुद्धको भनाइ भनेर बौद्धमतका अनुयायी भन्ने गर्दछन्– भगवान बुद्ध भन्नुहुन्थ्यो मेरा नियमहरू मैले भनेको भनेर पालन नगर, तिनलाई सुन खारे झैं आफ्नो बुद्धि र विवेकले खारेर जाँचेपछि मात्र ग्रहण गर । बुद्धका ४ आर्य सत्यहरू, अष्टाङ्ग मार्गहरू र पञ्चशीलहरू मानिसका दैनन्दिन आचरणका कुरा हुन् । संयम, साधना, अलोभ, दया, करुणा, दान, उपकार, अद्वेष जस्ता कुरा जीवन आदर्शको रूपमा व्यवहारमा हरेक मानिसले उतार्ने हो भने आज जो कोलाहल दुनियाँमा छ, त्यो हट्ने थियो । तर दुनियाँमा हिन्दू, बौद्ध धर्मका अतिरिक्त अरू धर्महरू पनि छन् । ती धर्मअन्तर्गत अनेक सम्प्रदाय छन् । धर्म धर्मका बीच मात्र होइन एउटै धर्मका सम्प्रदायबीच पनि वैमनस्य, विद्वेष, काटाकाट मारामार भैरहेकाछन्, हुन्छन् । यो अत्यन्त दुःखद स्थिति हो । कसैकाप्रति विद्वेष नगर्ने र सत्यको अन्वेषण र अनुशरण गर्ने प्रवृत्ति हरेक मानिसको हुन पर्दथ्यो । बुद्धको यो आदर्श-प्रति बुद्धका अनुयायी नै कति प्रतिबद्ध छन् भन्न नसकिने स्थिति छ । यो स्थितिमा बुद्ध जयन्ती बौद्धहरूको औपचारिक उत्सवको रूपमा देखिनु सर्वथा स्वाभाविक छ ।



बुद्धको गुणानुकीर्तनमा बुद्ध जयन्तीको सार्थकता हुँदैन । बुद्धका आदर्श र उपदेशहरूको अनुशीलन-अनुसरण नै बुद्ध प्रतिको भक्ति, निष्ठा हुन्छ । बुद्धलाई व्यापारीकरण र राज-नीतिकरण गर्नु अनर्थ हो र बुद्धप्रति अन्याय हो ।

# मर्यादा पालन: वर्तमानको खाँचो

५ जेठ २०५६

विश्व ब्रह्माण्ड प्रकृत नियमका आधारमा अडेको छ । त्यस्तै समाज व्यवस्था पनि सामाजिक विधि निषेधका आधारमा चल्छ । प्रकृत नियममा सानो तल-वितल पर्दा सारा पर्यावरणमा उथलपुथल आउँछ । त्यस्तै समाजका विधि निषेधका मर्यादालाई व्यक्ति वा वर्गविशेषको स्वार्थ अहम् या सनकले तोड्न खोज्दा त्यसको असरले सम्पूर्ण समाज प्रभावित हुन्छ ।

हिजोआज मानिसहरू आफ्ना कुरा मनाउन सामाजिक एवं राजकीय विधि निषेधका मर्यादाहरूलाई बेवास्ता गर्दै अनेक हत्कण्डा अपनाउँछन् । प्रजातन्त्रको प्रार्दुभावपछि यो प्रवृत्ति अरू बढी मौलाएको प्रतीत भैरहेछ । प्रजातन्त्रले दिएको स्वतन्त्रताको दुरुपयोग जनस्तरबाट भैरहेको छ, भने ऐन नियमलाई लागू गर्न व्यवस्था गरिएका निकायहरू समेत ऐन नियमका ठेलीहरूलाई आसनमुनि थिचेर कसैको आदेश पालना गरेर व्यक्ति वा दल विशेषको तावेदारी गर्दछन् । प्रजातन्त्रको नाममा भीडतन्त्र व्यवहारमा प्रभावी भैरहेको छ एकातिर भने दलीय राजनीतिले यावत सामाजिक र शासकीय व्यवहारहरूलाई दूषित पारिरहेको छ र विधि व्यवहारका मर्यादाहरू तोडिएका या निकम्मा पारिएका छन् । साना साना स्वार्थका लागि ठूला विप्लव, विद्रोहका हत्कण्डा अपनाउनु सामान्य भएको छ । यस्तो स्थितिमा समाज युगको गतिलाई समातेर कसरी अगि बढ्न सक्तछ ?

उदाहरण एउटा यात्रुसँग बसको कन्डक्टरको खटपट पर्छ यात्रुले कन्डक्टरलाई हात छोड्छ । अरू यात्रीले बीच बचाउ गर्दछन् । तर यत्तिकैमा मुद्दा टुङ्गिदैन । चालक, कन्डक्टरहरूले तुरुन्त बस बाटोमा तेर्साएर चक्काजाम गरिदिन्छन् । कहीं दुर्घटना हुन्छ, कोही मर्दछ, स्थानीय जनता निस्कन्छन् र बाटो बन्द गरिदिन्छन् । आवागमन रोकिन्छ र हजारौं हजार मानिसले दुःख पाउँछन् । पोखरा-११ फूलवारीका जनता र मणिपाल मेडिकल कलेजबीचको विवादमा प्रहरीले अश्रु ग्याँस, लाठी चार्ज गऱ्यो । जनताले पनि प्रहरीमाथि ढुङ्गामूढा गरे, मानिस घाइते भए, पक्राउ परे । एकले अर्कालाई नसुन्दा, नगन्दा या आफ्ना कुरा मनाउन वैधानिक बाटो नगई दबाबका अवाञ्छनीय उपाय अपनाउँदा समाजमा यस्ता अशान्ति उपद्रव हुने गरेका छन् । वैधानिक र शान्तिपूर्ण उपायबाट समस्या समाधान गर्ने कुरा हिजोआज निष्प्रभावी बनेको छ । राजकीय दण्ड विधानको अभ्यास शिथिल बनेका छन् । त्यसैले समाजमा अशान्ति, असुरक्षा, अराजकता, उद्दण्डता, चपला आदि अवाञ्छित क्रियाकलापहरूले जरो गाड्ने, पन्पने अवसर पाइरहेका छन् ।

यी सबै विकृति विसङ्गति र वितण्डाहरू समाजका अगुवाहरूले धीत छाडेर मर्यादा नाघ्दा उम्रेका ऐजेरुहरू हुन् । आज हरेकले आफूलाई आफ्नो हैसियतभन्दा धेरैमाथि भएको आँकिरहेको छ भने आफूले लिएको सार्वजनिक जिम्मेदारी सार्वजनिक हितका लागि हो भन्ने नसम्झी यसबाट म कति लाभ लिन सक्छु भनेर सोच्नाले राजकीय दण्ड

विधान निष्प्रभ भएको छ, त्यसैले वर्तमानको खाँचो भनेको हरेकले आ-आफ्ना सीमामा रहनु र सीमा नाघ्ने दुस्प्रयास नगर्नु नै हो ।

# न्यायको प्रतिष्ठा

१२ जेठ २०५६

पुनस्थापित बहुदलीय प्रजातन्त्र दशौं वर्षमा हिँडिरहेछ । प्रजातन्त्रमा दलको आवश्यकता किन भन्ने प्रश्न शायदै मानिसले उठाउँछन् होला । बेलायतमा प्रजातन्त्रको इतिहास ७ सय वर्षभन्दा बढीको छ । तर त्यहाँ दलको जन्म भने धेरैपछि मात्र भएको हो र संसदबाटै दल जन्मेको हो । हामीकहाँ भने त्यसको ठीक विपरीत दलहरूले प्रजातन्त्र ल्याए । दलले व्यक्तिको स्वेच्छाचारितामा अङ्कुश लगाउँछ । दलीय पद्धतिमा दलको नीति र कार्यक्रमलाई जनताले मत दिने हो, त्यसैले दल मुख्य हुन्छ, व्यक्ति गौण हुन्छ । व्यक्ति दलको नीति र कार्यक्रमका निमित्त काम गर्दछ । दल विधि विधानको अधीन चल्दछ । कसैको इच्छाले दल बन्ने र चल्ने होइन । दल भनेको समूह हो र समूहको विचार र निर्णय व्यक्तिको भन्दा निश्चित रूपले वस्तुपरक र सामूहिक हुन्छ र सबैको कल्याण गर्ने हुन्छ । यस्तो मान्यताले नै दल बनेको हुन्छ ।

बहुदलीय पद्धतिको यो दशकको अन्तरालमा दलको नाममा चुनिएका मानिसहरूले दललाई साधन बनाएर आफ्नो स्वार्थ सिद्ध गर्ने काम गरेका छन्, दलको शोषण गरेका छन् । दलले त्यस्ता मानिसलाई अङ्कुश लगाउन नसकेका र त्यस्ता मानिसका सामु दल निरीह देखिएका छन् । दलविशेषको सदस्यको नाताले कसैको दुष्कृति दलले छोप्ने, छोप्नुपर्ने, छोपिने कृयाकलाप गर्ने गरेका छन् । यसरी दुष्कृति सुकृति हुने अनि सुकृति दुष्कृति हुन्छ भन्ने छाप यहाँ दलहरूले साधारण मानिसमा पारेका छन् । एमालेका ९ महिने सरकारको पालामा अदालतले आपराधिक कृत्यका लागि दण्डित गरी जेल भोगिरहेका र अदालतमा मुद्दा चलिरहेका अपराधीहरूलाई सरकारले अभियोगबाट बरी गरिदियो । यस्तै नेपाली काङ्ग्रेसले पनि पञ्चायतका बेला दण्ड पाएकाहरूलाई जेलको सजायँबाट मुक्ति दिएको छ र उनीहरूको सरकार लागेको सम्पत्ति पनि फिर्ता गरेको छ । सार्वजनिक सेवामा दलका अधिकारीका निर्देशन या दबाबका आधारमा अयोग्य व्यक्तिले जागीर पाउँछ र योग्य व्यक्ति पाखामा फालिन्छ, नियम कानूनको पर्वाह हुँदैन । यस्ता अनियमित कार्यहरू दलहरूले आफ्नो सङ्गठन बनाउन गर्ने गरेका छन् । सत्तामा जानको लागि, सत्तामा टिकी रहनको लागि बेनियमसित हुने काम नहुने, नहुने काम हुने गरिएको छ । यसरी मानिसहरू चाकडी, चुक्ली, चाप्लुसी, घूस, कमिसन, आदि कुरामा जसरी पहिलेदेखि अभ्यस्त थिए, प्रजातन्त्र आएपछि यो झन संस्थागत भएर झाङ्गियो । यसरी सर्वसाधारण मानिसले प्रजातन्त्रलाई त्यस्तै अनियमित कार्यको पर्याय मान्न थाले । यस्तो स्थितिले जनता दुःखी छन् र प्रजातन्त्र आएको अनुभव गर्न सकेका छैनन् ।

जहाँ दुष्कृति नै सुकृति हुन्छ, त्यहाँ न्याय मर्दछ । जहाँ न्यायको प्रतिष्ठा हुँदैन, त्यहाँ जनताको ज्यु-धनको सुरक्षाको प्रत्याभूति नै हुँदैन । सरकारको पहिलो काम न्यायको प्रतिष्ठा गर्नु र जनतालाई सुरक्षाको अनुभूति दिनु हो । न्याय प्रतिपष्ठापित गर्ने जिम्मेदारी वहन गर्ने सरकार निर्वाचित मानिसहरूले बन्ने भएकोले ती मानिसहरू र तीनका



दलहरूले मुलुकमा सुशासन कायम गर्ने हो भने पहिले दुष्कृतिलाई सुकृति बनाउने अभ्यास गर्न छोड्नु जरुरी छ । अन्याय गरेर न्यायको डङ्का पिट्नु सर्वथा अनुचित हुन्छ । समाजको प्रतिष्ठित व्यक्ति कुनै बहाना गरेर कानून हातमा लिन्छ र त्यो व्यक्ति दण्डित हुनुको सट्टा पुरस्कृत हुन्छ भने मानिसहरूले सुशासनको भरोसा लिन सक्दैनन् । नयाँ निर्वाचन भएको छ र अब बन्ने सरकारले दुष्कृति र सुकृतिलाई यथोचित व्यवहारद्वारा ठीक गरेर समाजमा न्यायको प्रतिष्ठा कायम गर्नेछ भनी आशा राखिएको छ ।

# बहुमतको श्रेय कसलाई दिने ?

१९ जेठ २०५६

सद्य सम्पन्न तेस्रो आम निर्वाचनमा प्रतिनिधि सभाका २०५ आसनीमा ११० आसनी नेपाली काङ्ग्रेसले पायो । चारओटा निर्वाचन क्षेत्र–काठमाडौं जिल्लाका २ क्षेत्र, सिराहाको १ र सुनुसरीको १–मा मतदान हुनै बाँकी छ । ११० आसनी प्रतिनिधि सभाको सुविधा-जनक बहुमत हो । यही बहुमतको आधारमा नेपालको संविधान २०४७ को धारा ३६(१) बमोजिम त्यस दलका नेता कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीत्वमा सरकार बनेर हिजो बहाली पनि भैसक्यो । बहुमतको माग दाबी निर्वाचनमा नेकपा एमालेले पनि गरेकै हो । तर उसले पाएन । नेपाली काङ्ग्रेसले पाएको यो बहुमतको श्रेय नेपाली काङ्ग्रेसको सङ्गठन, नीति र कार्यक्रम तथा उसका पहिले गरेका कामको परिणामलाई दिने कि नेकपा एमाले र राप्रपाको फूटलाई दिने ? यो प्रश्न अहिले सचेत नागरिकको मथिङ्गलमा चक्कर काटिरहेको छ । नेपाली काङ्ग्रेसका मानिस स्वयं आफ्नै बलबुतामा यो परिणाम आएको स्वीकार गर्न हिच्किचाइरहेका छन् भने नेकपा एमाले र मालेका मानिस फुटेकोमा चुक्चुकाइरहेका छन् ।

नेपाली काङ्ग्रेसका जित्ने अधिकांश सांसदहरूका निकटतम प्रतिद्वन्द्वीमा नेकपा एमाले छन् । त्यस्तै नेकपा एमालेका जति सांसद छन् तीनका अधिकांश प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेस नै छन् । मतको प्रवाहलाई हेर्दा बहुसङ्ख्यक मतदाताहरूको दृष्टि दुई पक्ष–नेपाली काङ्ग्रेस र नेकपा एमाले–मा केन्द्रित भएको छ । २-४ या ५-७ लाई छोडेर प्रतिस्पर्धामा यी दुई दल नै देखिए । प्रतिस्पर्धा पनि तगडा नै देखियो । प्रतिस्पर्धीबीच जीत हारको फरक ज्यादै साँगुरो रहेको छ । नेकपा एमालेबाट छुट्टिएको माले र राप्रपाबाट छुट्टिएको राप्रपा चन्दले प्रतिनिधि सभाको एउटै आसनी पनि हासिल गर्न सकेनन् । दोस्रो प्रतिनिधिसभामा एमालेबाट छुट्टिदा माले एमाले झण्डै बच्छी, बच्छी जस्तो थियो । तर निर्वाचनमा माले सफा नै भयो, एमाले भने ६८ आसनी लिएर सबल प्रतिपक्ष बन्यो । जहाँ एमाले थोरै मतान्तरले हारेको छ त्यहाँ मालेले प्राप्त गरेको मतका कारणले हारेको देखिएको छ, यसले के देखाएको छ भने जम्माजम्मी लोकप्रिय मतमा नेपाली काँग्रेससँग एमालेको र मालेको संयुक्त मत लगभग बराबर जस्तो देखिन्छ र यिनीहरू नफुटेको भए बहुमत नेपाली काङ्ग्रेसको होइन, नेकपा एमालेको हुन्थ्यो ।

यस हिसाबबाट साङ्गठनिक दृष्टिले नेपाली काङ्ग्रेसभन्दा एमाले धेरै सबल देखिएको छ । त्यस्तो विखण्डनको प्रहार खपेको एमालेको स्थिति र उसले प्राप्त गरेको लोकमतको

परिमाण हेर्दा नेपाली काङ्ग्रेस ऐक्यबद्ध भएर पाएको लोकमत परिमाण निकै कम मान्नु पर्दछ। यो विचारणीय स्थिति हो।

लोकमतको परिमाण जो नेपाली काङ्ग्रेसले पाएको छ र माले एमालेले पाएका छन् तिनको आधारमा जनताको दृष्टिकोणलाई जाँच्ने हो भने उनीहरूले काङ्ग्रेस र एमालेलाई त्यति फरक दृष्टिले हेर्दैनन् अर्थात् प्रजातन्त्र र साम्यवादको बीच जनदृष्टिमा कुनै फरक छैन, उस्तै उस्तै रहेको प्रतीत हुन्छ। जनतामा काङ्ग्रेस प्रजातन्त्र बोध गराउने काममा पछि परेको छ र कम्युनिष्टहरू जनतामा भिज्न बढी प्रयत्नशील छन् भन्ने कुरा देखिन्छ। त्यसैले काङ्ग्रेसले पाएको बहुमत काङ्ग्रेसको पुरुषार्थको फल नभएर एमालेको फुटको परिणाम हो र यसबाहेक अर्को सक्षम प्रजातान्त्रिक विकल्पको अभाव पनि अर्को कारण हुनसक्छ भन्ने जनस्तरको सोचाइ पाइन्छ। जनतामा यो सोच हुनु, देखिनु प्रजातन्त्रलाई सबल देख्न चाहने सबैका लागि सोचनीय कुरा हो र यसका लागि नेका नेताहरूले सुविधा भोगका लागि सत्तामुखी चरित्र जो विगतका वर्षहरूमा प्रदर्शित गरे त्यसकै प्रतिफल हो यो।

# शिक्षामा परिवर्तन - १

२५ जेठ २०५६

नयाँ सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले अन्य कुराहरूका साथै शिक्षामा परिवर्तन ल्याउने कुरा बताउनु भएको छ। मुलुकको सर्वाङ्गीण विकासमा शिक्षाको अहम् भूमिका रहने कुरा निर्विवाद सत्य हो। शिक्षाको यो महत्वलाई दृष्टिगत गरी विगतका ५ दशकदेखि शिक्षामा विकास गर्न निरन्तर प्रयत्नहरू भैरहेका छन्। प्रयत्नको परिणाम स्वरूप शिक्षालय, शिक्षक र शिक्षार्थीको सङ्ख्या ठूलो मात्रामा बढेको पनि छ।

तर शिक्षाको अपेक्षित गुणात्मकता र त्यसबाट मुलुकले पाउनु पर्ने प्रतिफल भने सन्तोषजनक हुन नसकेको गुनासो जतासुकैबाट सुनिन्छ। यी गुनासाहरू सबै सही छन् भन्ने पनि होइन तर सबै निराधार छन् भन्न पनि सकिँदैन। वास्तविकता के हो भने शिक्षाको उद्देश्यअनुरूप शिक्षा पद्धति चलेको छैन। यो नचल्नुका पछाडि धेरै कारणहरू होलान्, ती कारणहरूको विवेचना गर्नु यहाँ सम्भव छैन। कुरा के हो भने शिक्षामा परिवर्तनको सोच सामयिक छ।

अहिले शिक्षा सार्वजनिक र निजी दुवै क्षेत्रमा सञ्चालित छ। नर्सरीदेखि उच्च शिक्षासम्मको पठन पाठनको व्यवस्थामा व्यवस्थापनको भूमिका सर्वोपरि हुन्छ। सार्वजनिक क्षेत्रको व्यवस्थापन अव्यवस्थाको व्यवस्थापन जस्तो छ। लगानी ठूलो छ प्रतिफल या परिणाम टिठलाग्दो छ। सार्वजनिक क्षेत्रको तुलनामा निजी क्षेत्रको व्यवस्थापन बढी व्यवस्थित भएको देखिन्छ। सार्वजनिक क्षेत्र नाफारहित क्षेत्र हो। निजी क्षेत्र नाफाले अभिप्रेरित छ। सार्वजनिक क्षेत्रमा मा.वि.सम्म निःशुल्क छ र उच्च शिक्षामा पनि शुल्क नगण्य छ। निजी क्षेत्रमा शिक्षा सशुल्क छ र महँगो पनि छ। तर अभिभावक निजी क्षेत्रप्रति बढी आकर्षित छन्। सार्वजनिक क्षेत्रका विद्यालयहरूमा विद्यार्थीको चाप कम भएको छ, विपन्न वर्गका बौद्धिक क्षमता कम भएका विद्यार्थीको बाहुल्य पाइन्छ। निजी क्षेत्रका विद्यार्थीहरू ठूलो सङ्ख्यामा परीक्षाहरूमा उत्तीर्ण हुने र धेरै अङ्क ल्याएर उत्तीर्ण हुने गरेका छन् भने सार्वजनिक विद्यालयका विद्यार्थी ठूलो सङ्ख्यामा अनुत्तीर्ण हुने र उत्तीर्ण विद्यार्थी पनि न्यूनतम अङ्क ल्याएर पास हुने देखिएको छ। यही परिणाम गुण-स्तरको मापक हुने गरेको छ र उच्च शिक्षाको अवसर वितरणको आधार पनि बनेको छ। शिक्षा पद्धतिको यो भेदयुक्त स्थितिले समाजमा ठूलो विषम स्थिति सिर्जना गर्दै लगेको छ। यो अहिलेको ठूलो चिन्ताको विषय हो तापनि धेरैले यसलाई ध्यान दिइरहेका छैनन्।



शिक्षाको अवसर सर्वसुलभ बनाउनु सरकारको मुख्य दायित्व हो। शिक्षा व्यवस्था-पनको जिमेदारी निजी क्षेत्रमा दिएर सरकार यो दायित्वबाट पन्छिन सक्तैन। त्यसैले सार्वजनिक क्षेत्रबाट शिक्षा व्यवस्थाको जो सञ्चालन हुन्छ त्यसको व्यवस्थापन उत्तर-दायित्वपूर्ण बनाउनु जरुरी छ। शिक्षाको व्यवस्थापनमा राजनीतिकरण हुनु भएन। सार्वजनिक विद्यालयको पठन पाठनको अनुशासन निष्पक्ष र कडा हुनुपर्‍यो। शिक्षकमा जागिरे भावना आइसकेको छ। जागिरे भावना भनेको 'राजाको काम कहिले जाला घाम' जस्तो झारा टार्ने प्रवृत्ति हो। टयुशनका निमित्त कक्षामा राम्रो पढाइ नगर्ने शिक्षक के गाउँ के शहर जतातत्तै पाइन्छ। कक्षाको पढाइ प्रभावकारी बनाउन व्यवस्थापन सक्षम र सुदृढ हुनु आवश्यक छ।

# शिक्षामा परिवर्तन - २

२६ जेठ २०५६

शिक्षामा गर्नुपर्ने र गरिने परिवर्तनले जीवनका हर क्षेत्र प्रभावित हुन्छन्। तर यो तत्काल आमूल परिवर्तन हुँदैन र परिवर्तनको प्रतिफल तुरुन्त देखिने गरी पाइने कुरा पनि हुँदैन। शिक्षाको लक्ष्य, उद्देश्य, योजना, कार्यक्रम, नीति जस्ता आधारभूत कुराहरूको निर्क्योल बुद्धिमत्तापूर्ण किसिमले सुदूर भविष्य र चतुर्दिक दृष्टि दिएर आफ्नै धरातल र परिवेश एवं संस्कार संस्कृतिमा आधारित भएर गर्नुपर्ने हुन्छ। तर मूल कुरा के छ भने कुनै पनि काम पूरा गर्न चाहिने साधन स्रोतका लागि यहाँ अर्काको मुख ताक्ने गरिन्छ। अरूको दान र दयामा आश्रित भएर गरिने काम कुरामा दाताको आशयलाई ध्यान दिनुपर्ने हुन्छ। यसो गर्दा कताकता आफ्ना कुराहरू ओझेलमा अनायासै परिरहेका हुन्छन्, एकातिर भने अर्कातिर कार्यान्वयनको स्थितिमा कतिपय कुराको ऱ्याङठचाङ नमिल्ने हुन सक्छ। यस्तै ऱ्याङठचाङ नमिलेर धेरै प्रयत्नहरू विफल भएर गएका छन्।

शिक्षामा परिवर्तनको सोच आजको होइन। जुन बेला मुलुकमा जहानियाँ निरङ्कुश शासन थियो र शिक्षितहरूको सङ्ख्या सयकडा एक या दुई पनि थियो थिएन, त्यतिखेर पनि महात्मा गान्धीको आधार शिक्षाको प्रयोग तत्कालीन सरकारले गरेको थियो। ०७ सालमा प्रजातन्त्रको प्रादुर्भाव भएको लगत्तै ०८ सालमा सर्वाङ्गीण शिक्षा आयोग बनेको थियो र त्यसले वर्षौं लगाएर सरकारलाई रिपोर्ट दिएको थियो। त्यही रिपोर्टको आधारमा बहुद्देश्यीय शिक्षा प्रयोगात्मक रूपमा सीमित विद्यालयहरूमा लागू गरियो। पञ्चायत व्यवस्था आएपछि पुनः शिक्षा आयोग बन्यो र पहिलो योजनालाई परिमार्जन गर्‍यो। तर त्यो पनि दिगो रहेन। ०२८ सालमा नयाँ शिक्षा योजना लागू गरियो। त्यसले पनि सफलता हासिल गर्न सकेन। करिब आधा शताब्दीको अन्तरालमा मूलभूत कुरा–नागरिक

सबै साक्षर हुनुपर्छ, उच्च शिक्षा मेधावीहरूका लागि हो र माध्यमिक शिक्षा व्यावसायिक हुनुपर्छ–एउटै रहेका छन् । परन्तु नीति र कार्यक्रम प्रयोग मात्रै भैरहेका छन्, निश्चित दिशा र गति शिक्षा व्यवस्थाले लिन सकेको छैन । झन अहिले त सार्वजनिक र निजी क्षेत्रमा शिक्षा विभक्त भएको छ । शिक्षाको व्यापारीकरण भएको छ । यसले गर्दा ठूलो परिमाणमा भैरहेको सरकारी लगानीको उपयोग मुठीभर हुने-खाने वर्गका मानिसहरूले गरिरहेका छन्, पिछडिएका वर्गका र निम्न वित्त वर्गका मानिसहरूले सुँघ्न पनि नपाउने स्थिति बन्न गएको छ ।

शिक्षार्थीको आत्मिक विकास शिक्षाको मूलभूत उद्देश्य हो भने उसलाई जीवन सङ्ग्रामका लागि समर्थ बनाउनु अर्को आधारभूत लक्ष्य हो । अर्को शब्दमा, राज्यलाई आवश्यक पर्ने अदक्ष, अर्धदक्ष र दक्ष जनशक्ति उत्पादन गर्नु शिक्षा व्यवस्थाको मूल ध्येय हो । शिक्षितहरू बेरोजगार हुनु, शिक्षित बेरोजगारी देशका लागि समस्या बन्नु, लफङ्गा, आवारा, गुण्डा, तस्करको हिंसा हत्या चोरी डकैती जस्ता आपराधिक क्रिया-कलापले समाज संत्रस्त हुने जमात खडा हुनु शिक्षाको उद्देश्य किमार्थ होइन । त्यसैले शिक्षामा परिवर्तन ल्याउने कुरा गर्दा विगतका हाम्रा प्रयत्नहरूको सम्यक समीक्षा हुनुपऱ्यो, कहाँनेर गल्ती भो, त्यो खुट्टिनुपऱ्यो र ती गल्तीलाई सच्याउने दृढ अठोट पनि हुनुपऱ्यो ।

# शिक्षामा परिवर्तन - ३

२७ जेठ २०५६

शिक्षाको मौलिक ध्येय र देशकालअनुसार निर्धारित उद्देश्यअनुरूप पाठचक्रम र तदनुसारका पाठ्युस्तक तथा प्रयोगात्मक अभ्यास गराउने जे जस्तो व्यवस्था छ, त्यसको व्यवस्थापन नै त्यो ध्येय र उद्देश्य परिपूर्तिगर्ने मूल माध्यम हो । शिक्षामा परिवर्तन ल्याउन खोजिएकै हो भने शिक्षा व्यवस्था र त्यसको व्यवस्थापनलाई पुनरावलोकन र पुनर्गठन गर्नु आवश्यक छ । हुन त बहुदलीय प्रजातन्त्र पुनस्थापनापश्चात् पनि दुई दुई पटक शिक्षा आयोग बने । तिनका सुझाव सहितका प्रतिवेदनहरू शिक्षा मन्त्रालयका दराजमा धमिराले गुँड लगाइरहेका होलान् । शिक्षामा परिवर्तन गर्न फेरि पनि आयोग बनाउने र त्यसको प्रतिवेदन कस्तो आउछ भनेर पर्खने हो भने त्यही आयो गयो जस्तै फास्सफुस्स मात्र नहोला भनेर कसरी नभन्ने ? होइन भने यो आधा शताब्दीको अन्तरालमा शिक्षामा सुधार ल्याउने उद्देश्यले गठित विभिन्न आयोगहरूले गरेका सिफारिश प्रतिवेदनको आधारमा शिक्षा व्यवस्थामा नै आमूल परिवर्तनको खाँचो छ । शिक्षा व्यवस्था देश र समाजका निमित्त हुनुपर्दछ । जस्तो पञ्चायत व्यवस्थामा त्यस व्यवस्थाप्रति बफादार बनाउने लक्ष्य त्यस व्यवस्थाका माहुतेहरूले लादेका थिए भने बहुदलीय व्यवस्था स्थापित भएपछि पनि जुन जुन दल सत्तासीन हुन पुगे उनीहरूले आफ्नो आफ्नो हित साधन शिक्षा व्यवस्थालाई चलाउने प्रयत्न गरिरहेका छन् । यसले गर्दा शिक्षामा आदर्श र उद्देश्यहरू र तिनका लागि काम गर्ने मानिसहरू पनि होर्ल्याङपाटो खेलिरहेका छन् । त्यसैले शिक्षामा सुधार ल्याउने, शिक्षालाई जीवनोपयोगी बनाउने हो भने सर्वप्रथम जिम्मेदारी सम्हाल्नेहरूले आफ्नो सोचाइमा परिवर्तन गर्नु पर्दछ । यसलाई राजनीतिक लाभ-हानिको जोखतौलको दृष्टिले हेर्न छोड्नु पर्दछ । व्यक्ति, समाज र मुलुकलाई समग्रतामा हेरेर तदनुरूप व्यवस्थापनलाई चलाउनु पर्दछ ।



अहिले बेथितिको जो स्थिति छ त्यो बेथिति प्रजातन्त्रको नाममा हुने गरेको छ । प्रजातन्त्र विधिको शासन भन्ने कुरा भाषणमा मात्र छ, व्यवहारमा छैन । शिक्षा क्षेत्र पनि त्यस्तै बेथितिले ग्रस्त छ । यो बेथितिलाई हटाएर थिति नबसालेसम्म कुनै कुरामा पनि सुधार आउन सक्तैन ।

बेथितिलाई सुधार्न बेथिति कहाँबाट कसरी भयो भन्ने कुरा जान्नु पर्दछ, बेथितिको मुहान फेला पर्नु पर्दछ । मुहान सङ्लियो भने मात्रै कुलामा धमिलो आउन छोड्छ । अहिले जुन बेथितिले सर्वत्र व्याप्त गरेको छ, त्यो बेथितिको स्रोत केन्द्र नै हो भन्ने कुरा घाम जस्तै छर्लङ्ग भैसकेको छ । सार्वजनिक जिम्मेवारीमा बस्नेहरूले आफ्नो जिम्मेदारीलाई निजी लाभ-हानिको दृष्टिले या मोलाहिजामा लागेर प्रयोग गर्दा त्यसको लहर भुइँ-तहसम्म फैलियो र त्यसको सडान्धले समाज आक्रान्त भैरहेको छ । विधिको व्यवस्था बङ्गचाउने काम ठूलाबडाले नै गर्दछन्, अनि थितिको बाँध फुट्छ र बेथिति छताछुल्ल बन्दछ । अहिले नेपालको शिक्षा यस्तै बेथितिले ग्रस्त छ । शिक्षामा परिवर्तन ल्याउन यी बेथितिहरूलाई समूल नष्ट गर्नु जरुरी छ । यसका लागि पहिले सरकार स्वयं सुध्रनु पऱ्यो, व्यवस्थापनलाई सुधार्नु पऱ्यो अनि मात्रै अपेक्षित परिवर्तन सम्भव होला ।

# असार १

१ असार २०५६

'बसिबियाँलो पुटिलकोसा' फुर्सदको बेला नगरे पनि हुने, गरे खेर पनि नजाने जस्ता काम गरेर बिताउने क्रियालाई बसिबियाँलो भन्ने गरिन्छ गाउँघरमा । सधैं एकनास एउटै किसिमको काम कुरा गर्दा पटचारको अनुभव हुन्छ । दालभात खाइरहँदा कहिलेकहीँ दालको सट्टा गुन्द्रुकको झोलसँगै भात खान मन लाग्छ । यो जीव प्रकृति किंवा मानिसको स्वभाव नै हो । त्यसैले असार १ लाई लिएर पाठकहरूसँग *दैनिक जनमत* बसिबियाँलो गर्न लागेको छ भिँजो नमान्नु होला ।

असार वर्षका बाह्र महिनामध्ये एउटा महिनाको नाम हो । संस्कृतको आषाढलाई नेपाली जनजिब्रोले असार उच्चारण गर्दछ । असार शब्दको अर्थ गर्ने हो भने सार विनाको अर्थात् सार नभएको भन्ने हुन्छ । हुन त नाम नै हो । नामको के अर्थ कोट्याइरहने भन्ने पनि लाग्न सक्छ । तर होइन, नाम भनेको ठूलो कुरा हो । हरेक कुराको सार वा असारको बोध मानिसले नामकै उच्चारणसँगै गर्दछ । त्यसैले नामको महत्व व्यवहारमा अहिले पनि हुन्छ नै ।

हिन्दू सनातनी संस्कृतिमा महिनाको पहिलो दिनलाई सङ्क्रान्ति भन्दछन् । सौरमान-अनुसार सूर्य एउटा राशिबाट अर्को राशिमा सर्ने क्रियालाई सङ्क्रान्ति भनिन्छ । सूर्य वृष राशिबाट मिथुन राशिमा आज सरे । आजको दिनलाई मिथुन सङ्क्रान्ति भनिन्छ । वैशाख सङ्क्रान्ति नयाँ वर्ष आरम्भ हुने भएकोले महत्वपूर्ण मानिन्छ भने कर्कट र मकर सङ्क्रान्तिले पनि नेपाली जनजीवनमा ठूलो महत्व राख्दछन् । तर यो मिथुन सङ्क्रान्तिको त्यस्तो पर्व वा चाडको रूपमा महत्व नभए पनि महिनाको आम जनजीवनमा विशेष

प्रभाव रहेको छ । नाम असार भए पनि निकै सारयुक्त महिना हो । असार ऋतुको हिसाबले ग्रीष्म ऋतुको महिना हो । गर्मी पनि चर्कै हुन्छ । किन्तु वर्षाको आरम्भ पहाडी भेकमा यही महिनामा हुन्छ । आकाश मनसुनी बादलले ढाक्दछ । धरती रसाउँछिन् । किसान पुरुष-महिलाहरू सवेरै बिहानदेखि बेलुका अबेर खेतमा काममा जोतिएका हुन्छन् । असार हिलो खेल्ने, असारे गीत गाउने हली बाउसे र खेतालीको उमङ्ग-उल्लासले खेतको वातावरण रसिलो रमाइलो हुन्छ । दिन लामा हुन्छन् । मानु खाएर मुरी उब्जाउने दिन भनिन्छ । असार जस्तो संसार पाल्ने अनाज उब्जाउने जस्तो सारपूर्ण महिनाको नाम असार भएकोमा कतिलाई त अनौठो पनि लाग्न सक्छ । वस्तुत: संस्कृतको आषाढको अपभ्रंश भएकोले अनौठो मान्नुपर्ने केही छैन ।

असारको महिमा साहित्यमा गाइएको छ । कवि कुलगुरु कालिदासको विश्व प्रसिद्ध काव्य 'मेघ दूत'को आरम्भ 'आषाढस्य प्रथम दिवसे'बाट भएको छ । त्यसमा वियोगी यक्षले यक्षिणी प्रियतमालाई विरह सन्देश बोकी लैजाने दूत मेघलाई बनाइएको छ । 'असारै मासको दबदबे हिलो'ले लोकगीतको फाँट गुञ्जायमान हुन्छ । त्यसैले सिर्जनाको क्रियाशीलताको यो असार उखर्माउलो गर्मीले शरीर पसिनाले तर्र हुने भए पनि जाँगर, उत्साह, उमङ्ग र उल्लास र क्रियाशीलता बाह्रैमास रहिदिए मुलुकमा समृद्धि ल्याउन कठिन थिएन । तर यस्तो भैरहेको छैन, यो चिन्ताको विषय हो ।

असारले वर्षाकाल बुझाउँछ । वर्षाकाल खेतीपातीको समय हो । कृषि प्रधान देश नेपाल अहिले आफ्नो आत्मनिर्भरता गुमाउँदै छ । जनसङ्ख्या बढ्दो छ तर उत्पादकत्व घट्दै गएको छ । जनसङ्ख्या वृद्धिले खाने मुख मात्र बढाएको छैन, समयले मानिसको इच्छा, आकांक्षा र आवश्यकता बदलेको छ, बढाएको छ । तर हाम्रो भूमि व्यवस्था र कृषि प्रणाली परम्परागत नै छ । कृषिको यो समयमा कृषकहरूले आफ्नो कृषि प्रणालीमा सुधार ल्याउन खोज्ने, विकास गर्ने सम्बन्धमा नयाँ कृषि प्रविधि खोज्ने र उपलब्ध साधन स्रोतबाट अधिकतम फाइदा कसरी लिन सकिन्छ भन्ने कुरा सोचेर तदनुकूल दिशातिर बढ्न अबेर भैसकेको छ । कृषिको उन्नति नभै किसानको उत्थान हुँदैन, किसानको उत्थान नभै देशको विकास पनि हुँदैन । सरकारले अनेक योजना-आयोजना बनाउँछ र लागू गर्दछ, तर ती किसानसम्म पुग्न सकेका छैनन् । किसानको सोचविचार नवदलिएसम्म र किसान स्वयं नजागेसम्म कृषिको विकास हुन सक्दैन । त्यसैले यो असारले किसानमा नयाँ चेतना ल्याओस भन्ने शुभेच्छासँगै यो गन्थनको यहीँ बिट मारिन्छ ।

# आग्रह र अनुग्रह: वर्तमानका महारोग

८ असार २०५६

नेपाली जनताले आन्दोलन गरेर प्रजातन्त्र ल्याए । त्यही प्रजातन्त्रको अभ्यासमा आम जनता लागेका छन् । प्रजातन्त्रमा अरुचि भएका एकाध यो जाओस् भनेर धूप हालिरहेका पनि छन् र केही जनवादको स्वप्नमा हिंसा, हत्या, लुटमार मच्चाइरहेका पनि छन् । किन्तु हालै सम्पन्न आमनिर्वाचनमा यी दुवै मार्गी–अति दक्षिण र वाम–लाई जनताले अस्वीकार गरिदिएका छन् । परन्तु प्रजातन्त्रको अभ्यासबाट प्राप्त हुनुपर्ने सन्तोष जनताले



पाउन सकेका छैनन् । इतिहासलाई युगान्तकारी मोड दिने यत्रो परिवर्तन भएर पनि व्यवहारमा पाउनु पर्ने त्यो परिवर्तनको अनुभूति भैरहेको छैन, यो एउटा विडम्बना, एउटा दु:खको कुरा भैरहेछ । क्रान्तिले दशाब्दी छिचल्दासम्म पनि पीडादायी सङ्क्रमणको स्थिति बनिरहनुको पृष्ठभूमिलाई बिन्याउँदा के देखिन्छ भने हाम्रो विश्वास लिएर सार्वजनिक जिम्मेदारीको ओहदामा पुगेका यहाँको नेतृत्ववृत्तमा स्वार्थको घून पसेको र उनीहरूको नियतलाई बिटुल्याइदिएको टड्कारो देखिन्छ । साथसाथै नेतृत्ववृत्त मात्र होइन सार्वभौम नागरिक पनि स्वार्थलम्पटताले ग्रसित भैरहेका छन् । नीति नियमलाई आसनीमुनि थिचेर पनि तत्कालको आफ्नो स्वार्थ पटिनु पर्दछ, अर्कोभन्दा आफू विशिष्ट र प्रभावशाली हुनै पर्दछ भन्ने व्यक्तिवादिताको संस्कारले सबै नेता र जनता ग्रस्त देखिएका छन् । यो अप्रजातान्त्रिक प्रवृत्ति आग्रह र अनुग्रहको रूपमा व्यवहारमा प्रकटित हुने गरेको देखिएको छ ।

जो व्यक्ति सार्वजनिक जिम्मेदारीको ओहदामा जनप्रतिनिधिको रूपमा या वैतनिक कर्मचारीको रूपमा प्रतिष्ठापित हुन्छ, उसले तत्काल आफ्ना इच्छा, अनिच्छा र तेरो मेरोको द्वैततालाई विसर्जित गर्नुपर्दछ । उसमा कुनै आग्रह र अहम् रहनु हुँदैन । ऊ सबैको साझा निधि, धरोहर, विश्वास र आस्थाको केन्द्र बन्नुपर्दछ । तर यहाँ यस्तो भैरहेको छैन । सार्वजनिक जिम्मेदारीको ओहदा सेवाको होइन, शानको हो; त्याग, तपस्या र साधनाको, व्रतको होइन, मेवाको हो; जति सके लुट, सोहोर र लुटाऊ र सोहर्न लगाऊ भन्ने हुनगएको छ । विकृति र विसङ्गतिका कुरा हुन्छन् । भ्रष्टाचार र अनियमितता र अनैतिकताका कुरा गरिन्छन् । यी सबै खराबी अरूबाट हुन्छन्, भैरहेछन् भनेर दोष जति अरूमाथि थुपार्ने, आफूलाई कञ्चन सम्झने; अरूले कुन दृष्टिले हेरिरहेछन्, त्यसको हेक्का नराख्ने या अरूले जेसुकै भनून् वास्ता नगर्ने, पेल्ने; असल गरेर होइन, 'जसरी पनि' टिक्ने दाऊमात्र खेल्ने चरित्र नै आजको मूल आदर्श चरित्र बन्न गएको छ । चाकडी-चुक्ली, घूस-पेश, छल-कपट, डर-धाक-धम्की, खानु-पिउनु, धाँधलबाड जस्ता दुराचारहरू सदाचारको कोटीमा गणना हुन थालेको आजको सन्दर्भमा न्याय, नैतिकता र सच्चरित्रताको कुरा गर्नु अरण्य-रोदन भैरहेको छ । तिनै तमाम कुराहरू नै जनआन्दोलन र प्रजातन्त्र स्थापनाका मूल कारक बनेका हुन् । प्रजातन्त्र स्थापनापछि पनि त्यही आचार-विचार बरकरार रहनु प्रजातन्त्रप्रति वितृष्णाको बीज भैरहेको छ ।

यी समाजका विकार-विकृति र विसङ्गतिहरूको मूल कारक केलाउँदा नेताहरूको आग्रहशीलता र सर्वसाधारणको आफ्नो सामर्थ्यमा अविश्वास गरी अनुग्रहको आकांक्षी हुनु नै यी सबै खराबीको मूल हो भन्ने स्पष्ट दृष्टिगोचर हुन्छ । कुर्सीमा चिप्किरहने लिप्साले नेतालाई न्यायप्रिय होइन, आग्रही र अनुग्रहशील बनाएको छ भने कुनै परिश्रम, त्याग र साधनाविना सुख, भोग मिल्दछ भने अनुग्रहको आकांक्षी भएर पछि कसैको लाग्नु उपयुक्त उपाय मानिएको छ । यस्तो गलत प्रवृत्ति नै वर्तमानको महारोग हो । अहिले यो असाध्य जस्तो प्रतीत हुन्छ तापनि जनताको सचेतता र निर्भीकता नै यो महारोगको उपचार हो । यावत गलत धारणा र असद्वृत्तिहरूलाई दुत्कार्ने हिम्मत जनसाधारणमा जाग्न जरुरी छ । यो दुत्कार सङ्गठित हुनु पर्दछ ।

# नयाँ सांसदहरूको भूमिका

१५ असार २०५६

तेस्रो संसदको प्रथम अधिवेशन शुरु भैसकेको छ । पहिलो संसद अकालमा कालकवलित भयो र मध्यावधि निर्वाचनबाट बनेको दोस्रो संसद त्रिशङ्कु बन्यो । बहुमत कुनै दलले पनि पाएन । त्यसैले धेरै समीकरणका खेलहरू साढे चार वर्षको अन्तरालमा खेलिए । संयुक्त सरकार बनाइए-बिगारिए, अनि फेरि बनाइए । यसरी उक्त अवधिमा ६/७ वटा सरकार सत्तारूढ-सत्ताच्युत हुन पुगे । यही खेलमा, लेनदेन, सुरा-सुन्दरी, विश्वासको मतको बेला मन्त्रीहरूको स्वास्थ्योपचारका निमित्त विदेश यात्रा, पजेरो सुविधा र पेन्सन आदि, इत्यादि असंसदीय खेल त्रिशङ्कु संसदले खेल्यो । यिनै विकृति, विसङ्गतिहरूको वैध उपचारका लागि ताजा जनादेश चाहियो र तेस्रो आम निर्वाचन गराइयो । त्यसैको परिणाम अहिलेको संसद हो ।

यो संसदबाट जनताले गर्ने अपेक्षाहरू त धेरै नै होलान् । तर निवर्तमान संसद र सांसदको तत्काल जनताबाट खरो टीका-टिप्पणी भएका कुरा जस्तो: सांसदले बाँड्ने ४/५ लाख, पजेरो सुविधा, पेन्सनका कुरामा जनतासामु तत्कालीन सांसद नतमस्तक हुनुपरेको थियो, जसको कुनै तर्कपूर्ण औचित्य देखिँदैन, ती कुरामा यो संसदले यही अधिवेशनमा सच्याउने छ भन्ने अपेक्षा जनताले राख्नु समीचीन नै हुन्छ ।

गाविस छन्, जिविस छन् । गाउँ र जिल्लाका विकास निर्माणका काममा गाविस जिविसको भूमिका जे जस्तो हुन्छ, सांसदको पनि तिनमा त्यही नै हुन्छ । ऊ तिनको निर्णय प्रक्रियामा सहभागी हुन्छ । विकासका नाममा सांसदले आफन्तहरूलाई खट्टे बाँड्ने जस्तो गरी अलग्ग रकम दिनु लिनु राष्ट्रको स्रोत-साधनको दुरुपयोग भनौं अपव्यय हो । मुलुकको विधायक यसरी स्वयं साधन स्रोतको अपव्ययमा हिस्सेदार बन्दछ भने उसले सरकारलाई के सही निर्देशन देला, के भ्रष्टाचार, अनियमितता र अरू किसिमका खराबीहरू हटाउनमा के भूमिका निर्वाह गर्ला ? जो आफैं भ्रष्टाचारमा लिप्त रहन्छ, उसको भ्रष्टाचारविरुद्धको आवाज प्रभावकारी कति हुन सक्ला, विचारणीय कुरा हो ।

समाजमा वर्षौंदेखि निःशुल्क सेवा गरेर आउने मानिस कति छन्, मुलुकमा परिवर्तन ल्याउन जेलनेल खाएका सर्वस्व गुमाएका, त्यागी तपस्वी मानिस कति कति छन्, उनलाई राज्यले सम्मान गर्नुपर्ने, उनीहरूको भरणपोषणको कुनै व्यवस्था छैन, एक पटक सांसद भएको नाताले राज्यले पेन्सन दिनु, उसले पेन्सन लिनु सर्वथा अनुचित हो । सांसद हुँदा उसले अनेक सुविधा भोगेको हुन्छ, पारिश्रमिक लिएको हुन्छ, एउटा सिन्को भाँचे पनि, ढलेको लोहोटा उठाए पनि भत्ता पारिश्रमिक र अनेक सेवा सुविधा ऊ लिन्छ । एउटा राष्ट्र सेवकले तोकेको निवृत्तिभरण पाउन कमसेकम २० वर्ष सेवा गरेको हुनुपर्छ, त्यो पनि अनेक प्रक्रिया पूरा गरेर । संसदमा एक पटक निर्वाचित हुँदैमा उसलाई पेन्सन सांसद भएबापत दिनु सर्वथा उचित देखिँदैन । एउटा सांसद एउटा नागरिकबीच यत्रो भेदभाव संविधानको मर्यादाको पनि अवज्ञा हो । सांसद यदि ६०/६५ वर्षको उमेरको छ भने पेन्सन दिनु उचित हुन्छ । २५ वर्षको उमेरमा सांसद बन्यो, ३० वर्षदेखि पेन्सन पाउने यो कस्तो सामाजिक न्याय हुन्छ, सांसदहरूले विचार गर्नु होला । सामाजिक न्याय र सामाजिक कल्याणमा दृष्टि दिएर जसलाई राज्यको सेवा र सुविधाको



दरकार छ उसलाई त्यो दिलाउने भूमिका खेल्नु पर्नेमा जनताका प्रतिनिधिहरू जनतालाई राहत पुऱ्याउने कुरामा सिन्को नभाच्ने, आफूलाई भने ५ वर्ष सांसद हुँदैमा पेन्सन लिने कानून आफैं बनाउन नैतिकवान सांसद अघि सर्दैन । त्यो बेला त्यस्तै थियो, गल्ती भयो, त्यसलाई सच्याउनु पर्दछ । नयाँ सांसदहरूले बाँड्न लिने ४/५ लाख रकम, पेन्सन, भन्सार सुविधा, औषधी उपचार भनेर बिल पेश गरेर भुक्तानी लिने जस्ता गएको संसदले चलाएको आलोचित र खट्किने चलन व्यवहार र नीति-नियम ऐन-कानूनका कुराहरू संसद र सांसदप्रति जनताको विश्वास, भरोसा जगाउने हो भने सुधार गरिहाल्नु पर्दछ । अन्यथा उही डचाङको .... को दोष लाग्ला ।

# गरीबी निवारण - १

२१ असार २०५६

गरीबी निवारण सरकारको विकास प्रयास, योजना र कार्यक्रमको मूल उद्देश्य रहेको कुरा संसदको सोह्रौं अधिवेशनमा भएको शाही सम्बोधनमा उल्लेख भएको छ । यसका लागि कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिइएको, कृषिलाई व्यावसायिक बनाउन, आर्थिक सामाजिक क्षेत्रमा व्याप्त भेदभाव र असमानता हटाउन सरकार प्रतिबद्ध रहेको कुरा शाही सम्बोधनमा भनिएको छ । ग्रामीण पूर्वाधार विकास, कृषिजन्य उद्योगहरूको स्थापना, पर्यटन र साना उद्योगहरूलाई प्रवर्धन गर्ने, निरपेक्ष गरीबीको रेखामुनिका जनताको आयस्तर वृद्धि गर्न लघुकर्जा प्रवाहित गरी स्वरोजगारका अवसरहरू सिर्जना गर्ने कुरा सरकारको नीति र कार्यक्रममा लेखिएको छ । यसबाहेक उदार आर्थिक नीति समयानुकूल बनाई निजीकरण प्रक्रिया अघि बढाउने, स्वदेशी तथा विदेशी लगानीकर्ताहरू आकर्षित गरी उद्योगलाई अघि बढाइने जस्ता नीति र कार्यक्रममा उल्लेख गरिएका कुराहरूले पनि गरीबी निवारणलाई नै लक्षित गरेको छ । यी सबै कुराले सरकारको ध्यान गरीबीको अन्त्यतर्फ अभिमुख भएको देखिन्छ । किन्तु ध्यान आकर्षित हुँदैमा शताब्दीयौंदेखि जरो गाडेर रहेको गरीबीको निवारण भै हाल्छ त ? यस्तो सन्देह हुनु स्वाभाविक छ र स्पष्ट छ, सरकारको हातमा जादूको छडी छैन र तत्काल गरीबीको निवारण पनि हुन सक्तैन ।

हाम्रो गरीबी आजको होइन । ८० प्रतिशत जनता जीविकाका लागि कृषिमा आश्रित छन् । कृषकहरू गाउँमा बस्छन् । हामी जुन गरीबीको कुरा गरिरहेका छौं, त्यो त्यही गाउँको हो र तिनै कृषकहरूको हो । कृषकहरूमा गरीबी मात्र होइन, उनीहरूमा अज्ञान र अशिक्षा पनि उत्तिकै छ । यीबाहेक कृषिमा अरू थुप्रै कुराहरू विकट समस्याका रूपमा हिजो थिए, आज छन् र तिनको उपचार भन्दाभन्दै होला र तत्काल ती हट्लान् भनेर आशान्वित हुनु पनि मूर्खता हुन सक्छ ।

कृषिको मूल आधार जमिन हो । बहुसङ्ख्यक किसानका हातमा पर्याप्त जमिन छैन । यहाँको भूमि व्यवस्था यस्तो छ कि कृषियोग्य जमिन टुक्रा टुक्रामा विभक्त छ । अनि साथसाथै यस्तो पनि छ, जो जमिनमा काम गर्दैन तर उसको अधीनमा थुप्रो जमिन छ । यी दुवै स्थिति कृषिको विकासमा अवरोध रूपमा छन् । यसबाहेक कृषि प्रविधि पुरानो छ । सिँचाइको व्यवस्था छैन । श्रम महँगो हुँदै गएको छ । मलको समस्या पनि जटिल छ । मलका निमित्त पशुपालन गर्न किसानले नसक्ने भएका छन् । गोरु, राँगा पाल्ने

कुरा अनार्थिक भएको छ । कृषिको उत्पादकत्व कम छ । कृषि उपजको लागि बजार सुलभ छैन । कृषकहरू बिचौलियाबाट एकातिर चुसिएका छन् भने अर्कोतिर बजारको समस्या र भण्डारणको समस्या उत्तिकै टड्कारो रूपमा विद्यमान छन् । सरकारसँगका सीमित स्रोत-साधनले यी तमाम आवश्यकता पूर्ति गर्न गाह्रो छ भने सरकारले पूर्ति गरे नै पनि स्वयं कृषक जहाँसम्म सचेत र जागरूक हुँदैन, सरकारको लगानीले मात्रै केही हुँदैन । गरीबी निवारण नगरी नहुने कुरा हो, तर गरीबी निवारणको काम त्यति सहज र सरल पक्कै पनि छैन ।

सरकारले कृषि क्षेत्रलाई जहिलेदेखि आवधिक योजना शुरु गर्‍यो, तहिलेदेखि प्रमुख प्राथमिकता दिँदै आएको छ । परन्तु जनसङ्ख्याको वृद्धिको तुलनामा कृषि उत्पादनको वृद्धि नगण्य या ऋणात्मक नै रहिआएको छ । कृषि विकासको नाममा सालाना सरकारको लगानी अरबौंको छ तापनि त्यसबाट वाञ्छित परिणाम निस्केको छैन । त्यसैले गरीबी निवारण गर्ने नै हो भने न केवल कृषकको अपितु सरकारका कार्य सञ्चालन तहदेखि उच्च व्यवस्थापन, योजना र नीति निर्माण तह र समग्र समाजकै दारिद्रचग्रस्त मान-सिकताको उपचार पहिले हुनुपर्छ । तर यो हुनेवाला छैन । किनकि यहाँ जो बोक्सी उही धामी भन्ने उक्ति पाइला पाइलामा चरितार्थ भैरहेछ । यसमा सुधार ल्याउने दृढसङ्कल्प र प्रतिबद्धता नीति निर्माण र कार्यान्वयन गर्ने तहमा नभएसम्म गरीबी निवारण 'नारा मात्र' रहने छ । यो आजको मात्र होइन ४ दशकभन्दा बढी समय देखिको यथार्थ हो, वास्तविकता हो ।

# गरीबी निवारण - २

२२ असार २०५६

प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले ३ वर्षमा मुलुकको मुहार बदलिदिने वाचा सार्वजनिक गर्नुभएको छ । उहाँले सन्त नेताको उपाधि जो पाउनु भएको छ, तीन वर्षमा मुहार बदल्ने कुरा गरेर आफू जस्तै सबैलाई सन्त बनाउने विचार हो कि ? ४० वर्षअघि तत्कालीन जननिर्वाचित प्रधानमन्त्री स्व. बी.पी. कोइरालाले पनि गरीबीले जर्जर बनेको नेपालीलाई आफू जस्तै मध्यम वर्गीय आर्थिक स्तरमा १५ वर्षमा उचाल्ने कल्पना गर्नु भएको थियो । प्रधानमन्त्री भट्टराई, गान्धी, बिनोवा जस्तै साधु सन्त हुनुहोला, उहाँ निस्पृह हुनुहोला, अपरिग्रही हुनुहोला, तर उहाँले उहाँको आफ्नो दलको कुरा छोडौं, उहाँको मिनीजम्बो मन्त्री परिषद्का सदस्य नै उहाँको अनुसरण गर्ने कति छन् ? २१ औं शताब्दीको प्रवेशको कुरा र सन्त संस्कारको बीच कति सामञ्जस्य होला सहजै अनुमान गर्न सकिन्छ । सञ्चारको क्षेत्रमा विज्ञानले गरेको चमत्कारले पृथ्वीलाई नै एउटा गाउँ बनाइसकेको आजको स्थितिमा मानिसका इच्छा, आकांक्षा, आवश्यकताको सगरमाथा अनुलङ्घनीय भएर चुलिँदै गएको छ । गरीबी सापेक्षिक कुरो हो । प्रतिव्यक्ति आय आँकडामा चढ्न सक्छ । तर यस्तो औसतको आँकडा भ्रामक पनि हुन्छ । मौद्रिक आँकडामा बढेको मजदूरको मजदूरीले सम्पन्नको आमदानीसँग प्रतिस्पर्धा गर्न निश्चय पनि सक्ने छैन । हुने र नहुनेका बीचको खाईको फासला र गहिराइ बढ्दै गएको स्थितिमा गरीबीको निवारण भएको कसरी मान्ने ? यो रहस्यको उद्घाटन गर्ने साँचो उदारवाद र निजीकरणसँग छैन, यो ध्रुव सत्य हो । गरीबीले जर्जर बनेको जनता गरीबी



निवारणको यत्रो नारा उद्घोषित हुँदा पनि जनतामा, आशा, भरोशा, उत्साह र उल्लासको सञ्चार भएन, किनकि नारा खोक्रो प्रतीत भयो, विश्वास जगाउन सकेन । यो आजको स्थिति हो ।

गरीबीको निवारण, यो वास्तविकता हुँदाहुँदै पनि, चाहेको खण्डमा नहुने कुरा छैन । यहाँ धेरै सम्भावनाहरू छन् र तिनको दोहनको युक्ति बुद्धि मुलुकलाई चाहिएको छ । कृषि प्रधान यो देश केही वर्ष पहिलेसम्म खाद्यान्न निर्यात गर्दथ्यो, अहिले आयात गर्नु परेको छ । वैदेशिक व्यापारको सन्तुलन मिलिरहेको छैन । निकासीलाई पैठारीले बेपत्ता उछिनेको छ । अहिले तयारी पोशाक र गलैंचा निकासीका मुख्य वस्तु छन् । यीबाहेक पाखुरीमा तातो रातो रगत भएका तन्नेरी पनि निकासी हुन्छन् । कौडीको दाममा थोर बहुत कोरा जडिबुटी निकासी हुन्छ । सामाजिकता लोप भएको छ, नैतिकता ह्रास भएको छ । विवेक बन्धकीमा चढेको छ । त्यसैले यहाँ हरेक कुराले सन्तुलन गुमाएको छ । नत्र प्रचूर सम्भावना आफैंमा लिएर रहेको यो देश नेपाल भिखारी जस्तो परनिर्भर हुनुपर्ने थिएन । चिया, कफी, फलफूल, जडीबुटी, वन वनस्पति र वन्यजन्तु उद्योग व्यवसायको र यहाँको प्रचूर जलसम्पदाको उपयोग गर्न सके राम्रो विकास गर्न सके, यहाँ कामको होइन, काम गर्नेको खाँचो हुने थियो । गरीबी निवारण मात्र होइन समृद्धिको शिखर पनि चढिने थियो । यहाँ, भनिन्छ, पैसाको, पूँजीको अभाव छ, प्रविधि र दक्ष सीपको अभाव छ । परन्तु यो अभाव हामीलाई लाग्छ, कुनै अभाव नै होइन । जहाँ इच्छा त्यहाँ उपाय । यहाँको अभाव भनेको मनको अशुद्धता हो । यहाँ सार्वजनिक पदमा प्रतिष्ठित हुने गाउँको वडा सदस्यदेखि चोटीको पद प्रधानमन्त्रीसम्मको इमानदारीतामा प्रश्न चिह्न लाग्ने गरेको छ । उनीहरूको लोभ र मोहको धमिरोले देश र समाजप्रतिको भक्ति, निष्ठा, समर्पणलाई खाइदिएको छ । त्यसैले योग्य स्थानमा अयोग्य व्यक्ति प्रति-स्थापित हुन्छ । व्यवस्थापन अव्यवस्थित हुन्छ । उद्देश्य, लक्ष्य र प्रयत्नहरू धूलिसात हुन्छन् र भैरहेकै छन् ।

अतएव गरीबी निवारणलाई साकार बनाउने हो भने काँधमा जिम्मेवारी वहन गरेकाहरूले एउटा ठोस कल्पना (भिजन) सामुन्ने राख्नुपर्‍यो । त्यो कल्पनालाई साकार पार्न दृढ सङ्कल्प 'देहं वा पातयामि, कार्यं वा साधयामि' अर्थात् 'कि गरी छोड्छु कि मरी छोड्छु'का साथ इमानदार प्रयत्न भएमा यो सानो मुलुक स्वर्ग, प्रधानमन्त्रीको शब्दमा, सुनको टुक्रा हुन नसक्ने होइन । यहाँ त जति जोगी आए कानै चिरेको भने जस्ता आए, आफू र आफ्ना बनाए, राज्य सत्ताको मोज लुटे, गए, भैरहेको छ । निश्चित दृष्टि, दृढ सङ्कल्प र त्यसप्रति इमानदार प्रतिबद्धता एवं लगन नै यहाँको अहिलेको खाँचो हो, यो खाँचो पूरा भए गरीबीले नेपालबाट पक्कै पनि बिदा लिनेछ ।

# अदालत र प्रेस - १

२५ असार २०५६

प्रजातन्त्रमा शासनका तीन अङ्ग–कार्यपालिका, विधायिका र न्यायपालिका–हुन्छन् । विधायिकाले शासन व्यवस्था सञ्चालन गर्न के गर्न हुन्छ, के गर्न हुँदैन भन्ने विधि विधेयका ऐन नियम तर्जुमा गर्दछ र विधायिकाले निर्माण गरेका ऐन नियम कार्यान्वित

गरी शासन सञ्चालन गर्ने काम कार्यपालिकाले गर्दछ । यी काम उनीहरूले आफूलाई संविधानले निर्दिष्ट गरेको कार्यक्षेत्र कार्याधिकारको आधारमा गर्दछन् । विधायिका र कार्यपालिकाले आफ्नो कार्य सम्पादन सही ढङ्गले गरे, गरेनन्, उनीहरूबाट संवैधानिक मर्यादाको पालना भयो भएन, कसैबाट अरूको अधिकार क्षेत्रमा अतिक्रमण भयो कि, जनसाधारणको अधिकारको हनन भयो कि भनी हेर्ने र निर्णय दिने काम न्यायपालिकाले गर्दछ । संविधानको मर्यादा र नागरिकको हकको, स्वतन्त्रताको सुरक्षाको कार्य न्यायपालिकाले गर्दछ । यी तीन अङ्गबाहेक शासनका विभिन्न अङ्गका क्रियाकलापबारे जनतालाई सुसूचित गर्ने र नागरिकलाई उनीहरूको अधिकार एवं कर्तव्यबारे सचेत गराउने कार्य प्रेस (पत्रकारिता)ले गर्दछ । यसैकारणले प्रेसलाई राज्यको चौथो अङ्ग भनिन्छ । कानूनको मर्यादा स्थापित गर्ने र नागरिकको स्वतन्त्रताको रक्षा गर्ने भएकोले अदालत र प्रेसलाई प्रजातन्त्रका, स्वतन्त्रताका पहरेदार भनिन्छ ।

न्याय गर्नु, न्याय दिनु राज्यको अत्यन्त महत्वपूर्ण र अति संवेदनशील कार्य हो । न्याय निष्पक्ष, न कठोर, न दयालु र निर्भीक एवं तथ्यपूर्ण हुनुपर्दछ । न्याय सम्पादन सही ढङ्गले भए मात्रै देशमा सुख शान्ति र अमन-चैन कायम हुन्छ, मुलुकको विकासले दिशा र गति लिन्छ र समृद्धिको शिखर सुगम बन्दछ । त्यसैले स्वतन्त्र न्यायालयको परिकल्पना भयो, अदालतहरूको व्यवस्था गरियो ।

जसरी विधायिका र कार्यपालिका निकायहरू हुन् र तिनको सञ्चालन मानिसहरूले गर्दछन्, त्यसरी नै न्यायपालिका अदालत एउटा निकाय हो र त्यसको सञ्चालन पनि मानिसहरूबाटै हुन्छ । विधायिका र कार्यपालिकामा काम गर्ने मानिसहरूको चयन जसरी हुन्छ, त्योभन्दा भिन्दै तरिकाले न्यायपालिका (अदालत)का न्यायाधीशहरूको नियुक्ति हुन्छ । व्यक्ति विशेषप्रति अनुगृहीत भएर न्याय दूषित नहोओस् भन्ने उद्देश्यले नियुक्तिको भिन्न तरिकाको व्यवस्था संविधानले गरेको छ । विधायिका जनताप्रति उत्तरदायी हुन्छ र विधायिकाप्रति कार्यपालिका उत्तरदायी हुन्छ । यस्तो उत्तरदायित्वको बोझ प्रत्यक्षतः न्यायपालिकामाथि राखिएको छैन । कार्यपालिका र विधायिकाको सार्वजनिक टीका-टिप्पणी हुन्छ । तर त्यस्तो टीका-टिप्पणीबाट न्यायपालिका मुक्त छ । संविधानतः न्यायालयको निर्णय, आदेश सबैले पालन गर्नु पर्दछ । नगरे न्यायालयको अवमानना हुन्छ, त्यो अवमानना दण्डनीय हुन्छ । मर्यादा आ-आफ्नो सबैको हुन्छ र छ । तर अदालतलाई मात्र यो विशेषाधिकार किन भन्ने प्रश्न सहज रूपमा उठ्दछ । उठ्नु जायज यसनिम्ति छ कि अदालतका न्यायमूर्तिहरू पनि मानिस नै हुन्, अरू कुनै लोकबाट ल्याएर राखिएका मानवेतर जीव होइनन्, उनीहरूमा पनि मानवीय कमजोरी स्वाभाविक रूपमा रहेकै हुन्छ । राज्यको नूनपानी खाएर अपेक्षित आचरण नगर्ने जो जहाँको भए पनि टीका-टिप्पणी हुन्छ, हुनै पर्छ । किन्तु व्यक्तिविशेषको आचरणको टीका-टिप्पणीलाई संस्थाको अवमानना भनेर कारवाही गर्ने र दण्डित गर्ने काम हुनुहुँदैन । न्यायाधीश न्यायालयको प्रतीक अवश्य हुन्छ तर न्यायालय नै होइन । न्यायाधीशका दुराचार, भ्रष्टाचार न्यायालयका हुँदैनन् ।

प्रजातन्त्र पुनर्स्थापनाबाट आएको नेपालको संविधानले न्यायपालिकाको सर्वोपरितालाई प्रतिष्ठापित गरेको छ र संविधानलाई अर्थ्याउने यसको कर्तव्यको अभ्यासहरू पनि योबीच धेरै भए र ती विवादास्पद पनि भए । र, त्यसले अदालत निरङ्कुश भएको आरोप जनस्तरमा सुनिँदै पनि आएको छ । न्यायपालिकालाई यो निरङ्कुशताले भ्रष्टाचारको



आक्षेप आउने गरेको पनि छ । हावा नलागी पात हल्लँदैन भन्ने न्याय न्यायपालिकालाई पनि लाग्दछ ।

# अदालत र प्रेस - २

२६ असार २०५६

हुन त आफ्नो हुँदो नभए मानिस रिसाउँछ, आक्रोश व्यक्त गर्दछ । आक्रोश व्यक्त गर्ने तरिका अनेक हुन्छन् । व्यक्तिको स्वभाव र संस्कार, मानसिक र भौतिक स्तरले आक्रोशको मात्रा, गुण र रूप बन्दछ । न्यायाधीशले कोरा कानूनको घोडा चढेर निर्णय गर्दा न्याय नपर्न सक्छ । न्यायाधीशको निर्णयबाट न्याय हुन नसके निर्णयबाट प्रभावित व्यक्तिको पीडा असह्य हुन सक्छ र पीडाबोधको तीव्रताले प्रतिशोधको भावना जगाउन सक्छ । त्यसैले न्यायाधीशले कागजी प्रमाणका आधारलाई आफ्नो विवेक र ब्रह्मले विश्लेषण गरी न्याय गर्नु पर्दछ ।

न्याय ज्यादै संवेदनशील र जटिल विषय हो । त्यस्तै प्रेस अर्थात् पत्रकारिताको कर्म र धर्म पनि कम उत्तरदायित्वपूर्ण छैन । पत्रकारले सूचना सङ्कलन र प्रसारण गर्दा आफ्नो स्वतन्त्रतालाई मात्र ध्यानमा राखेर गर्नु हुँदैन, अरूको मर्यादाको, प्रतिष्ठाको र हकको ख्याल गर्नु, निहायत जरुरी हुन्छ । आफूले प्रसारण गर्ने सूचना सर्वथा सत्य र तथ्यपूर्ण एवं शिष्ट होस् भन्नेमा पत्रकार सर्वात्मना प्रयत्नशील हुनुपर्दछ र प्रचलित ऐन नियमको उल्लङ्घन हुन नजाओस् भन्नेमा सतर्क र सचेत हुनुपर्दछ । यसको अर्थ के सम्झनु हुँदैन भने सत्य तथ्य प्रकाशित गर्दा कसैबाट प्रतिकार हुने सम्भावनाबाट भयभीत भई सो प्रकाशन रोकियोस् । पत्रकार जे आइपरे पनि सहने सङ्कल्पका साथ आफ्नो धर्ममा दृढ र अविचल रहनु पर्दछ । पत्रकार एक्लै हुँदैन, उसका पछाडि एउटा वर्ग हुन्छ र पत्रकारले त्यो छ भन्ने सोच्नुपर्दछ । आफ्नो धर्मको लागि, आफ्नो आस्थाका लागि र आफ्नो प्रतिष्ठाका लागि जस्तोसुकै कठोर दण्ड पनि भोग्न तयार नहुने हो भने त्यस्ताले पत्रकारिता नगर्दा नै राम्रो हुन्छ ।

नेपालमा प्रजातन्त्रको संस्कार बन्न सकेको छैन । प्रजातन्त्रमा अदालत स्वतन्त्र हुनुपर्दछ भन्दै पनि रहने, अदालतले आफ्नो हुँदो निर्णय पनि गर्नै पर्दछ भन्ने पूर्वाग्रह पालेर राख्ने काम प्रजातन्त्रको संस्कार बसाउने दायित्व निर्वाह गर्नुपर्ने राजनीतिक दलहरूले गरिरहेका छैनन् । नेपालको संविधान २०४७ को अभ्यासको क्रममा २०५२ साल भदौ १२ को सर्वोच्चको निर्णयलाई नेकपा एमालेले अझै पनि पचाउन सकेको छैन । उसले दासढुङ्गा दुर्घटनाको न्यायिक जाँचको प्रतिवेदनलाई पनि अवज्ञा गऱ्यो । न्यायिक प्रक्रियामा रहिसकेका मुद्दामा त्यो प्रक्रियालाई प्रभावित पार्ने किसिमले यहाँ अनेक वितण्डा पनि मच्चाइन्छ । यो राजनीतिक क्षेत्रको कुरा, राजनीतिमा जे पनि गर्न हुन्छ भन्ने मानसिकता विद्यमान रहेसम्म न्यायालय स्वतन्त्र र निष्पक्ष रहन पनि मुस्किल हुन्छ ।

राजनीति गर्नेहरूले, रकमीहरूले र धनाढ्यहरूले पत्रपत्रिकालाई निहित स्वार्थका लागि उपयोग गर्ने प्रयत्न नगर्ने होइनन् । खुद आफूले बोलेका कुराको प्रतिकूल असर हुनासाथ उनीहरूको भनाइको गलत रिपोर्टिङ भएको भनेर खण्डन गर्न उनीहरू लाज